सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

Admission Open
In Bachelor
Programmes: B.B.S., B.A. & B.Ed.
Shift : Morning
English, Maths, Population, Socialogy, Journalism, R.D. Economics
English, Maths, Population, HPE, Nepali, Economics
* Various Scholarship schemes for deserving candidates.
RAINBOW INT'L COLLEGE
Dallu, Kathmandu, 4278169, 4278247, 016223003

• वर्ष १४ • अंक २२ • काठमाडौं, शुक्रबार, कात्तिक १, २०६५ • SAPTAHIK • Nepali National Weekly • Friday, Oct 17 , 2008 • पृष्ठ २४ • मूल्य रु. ८/-

# मध्यमाञ्चलकी समलिंगी ब्युटी

**प्रवीण दत्त**

चितवन– राजधानीमा आयोजना हुने भनिएको मिस नेपाल प्रतियोगिताका साथै पोखरामा हुन लागेको मिस पश्चिमाञ्चल सौन्दर्य प्रतियोगिता विभिन्न विरोधका कारण सञ्चालन हुन नसके पनि गत साता चितवनमा मध्यमाञ्चल समलिंगी ब्युटी एन्ड ब्रेन ट्यालेन्ट-२००८ प्रतियोगिता सम्पन्न भएको छ।

ती ठूला प्रतियोगिताले देशमा मात्र नभै विदेशमा समेत नेपालको पहिचान बढाउने र महिलाको विकासमा सहयोग पुग्ने भन्दै प्रतियोगीले हारगुहार गरे पनि प्रतियोगिता हुन सकिरहेको छैन, तर समलिंगी वा तेश्रो लिंगी प्रतियोगिता सौन्दर्य र अश्लीलतासँग नजोडिएकाले गर्न दिइएको हो ? भन्ने प्रश्न अहिले उठिरहेको छ। सरकारी स्तरबाट समेत मिस नेपाल प्रतियोगिता स्थगित गर्न सुझाव आएपछि समलिंगीहरूको





प्रतियोगिताले राम्रै महत्त्व पाएको छ।

कुनै न कुनै सांगीतिक कार्यक्रमले भरिभराउ रहिरहने नारायणगढको कला मन्दिर गत साताको शनिबार अलि भिन्न किसिमले झकिझकाउ थियो। अरू कार्यक्रममा लाइट त्यति राम्रो नहुने भए पनि यो कार्यक्रममा पूरै हल नै उज्यालो थियो। सार्वजनिक बिदा र प्रतियोगिता पनि नौलो खालको भएर होला, दर्शकहरूको उपस्थिति पनि बाक्लै थियो। आफ्नो पहिचान दिन नमान्ने र लुकेर बस्ने तेस्रो लिंगी पुरुष, महिला स्वतन्त्र रूपले हलमा ओहोरदोहोर गरिरहेका देखिन्थे। दिनको १ बज्नै लागेको थियो, प्रतिस्पर्धीहरू आ-आफ्नो संस्कृति झल्कने जातीय पहिरनमा स्टेजमा देखा परे। प्रतियोगीहरूले क्याटवाक गर्दै आ-आफ्नो परिचय दिने क्रममा तेस्रो लिंगी अब लुकेर नबस्ने र समाजको अन्याय पनि नसहने प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रम सुरु भयो।

मध्यमाञ्चलका विभिन्न जिल्लाका सहभागी नौ जना प्रतिस्पर्धीलाई उछिन्दै नारायणगढकी सुस्मा केसीले मध्यमाञ्चल स्तरीय तेस्रो लिंगीको ताज पहिरिन्। विभिन्न चार चरणमा राम्रो प्रस्तुति र अन्तिम चरणमा निर्णायकले सोधेको प्रश्न के नेपाली समाज संकुचित भएकै कारणबाट एचआईभी एड्स बढेको हो भने कसरी ? होइन भने कसरी ? को जवाफमा केसीले हो, हाम्रैँ समाज संकुचित रहेको र समाजमा शिक्षँको कमी र घरमा यौनको कुराकानी गर्न नहुने परम्परा र चेतनाको कमीका कारण तेस्रोँलिंगी अन्यायमा परेको जवाफ दिएकी थिइन्।

यौनिक लैङ्गिक अल्पसंख्यक महासंघको संयुक्त आयोजनामा भएको उक्त ट्यालेन्ट प्रतियोगितामा फस्ट रनरअप काठमाडौंकी सन्ध्या लामा तथा सेकन्ड रनरअप भक्तपुरकी ज्योति थापा घोषित भए। कार्यक्रममा प्रतियोगीहरू सिंगारिएर प्रस्तुत हुँदै तेस्रो लिंगीप्रति गरिने घृणा, भेदभाव, लाञ्छना, जबर्जस्ती यौन दुर्व्यहारलगायत अब कम हुने विश्वास व्यक्त गरेका थिए। उक्त अवसरमा तेस्रो लिंगीसम्बन्धी जनचेतनामूलक डकुमेन्ट्रीसमेत देखाइएको थियो।

कार्यक्रमलाई आकर्षक तुल्याउन पोखराबाट आएकी मिस पोखरा-२००७ रिया गुरुङको नृत्यमा सबै दर्शकले वन्समोर गरेका थिए। त्यसैगरी भूमिका श्रेष्ठ, सुनीता, विनिता शाही, सिमरन, आकान्छा मोक्तानको नृत्यले सबै दर्शक मोहित भए। प्राप्त जानकारीअनुसार पाँच विकासक्षैँत्रमा यस्तो प्रतियोगिता आयोजना गरिनेछ। पोखरा र चितवन गरी दुई ठाउँमा प्रतियोगिता सम्पन्न भएको छ भने विराटनगर, धनगढी र नेपालगन्जमा पनि प्रतियोगिता गरिने भएको छ। ५ विकासक्षैँत्रबाट ३-३ जना उत्कृष्ट प्रतियोगी छानेर काठमाडौंमा प्रतियोगिता गराउने तथा विजेतालाई एचआईभी संक्रमित तथा एड्सको क्षैँत्रमा काम गर्न एम्बेस्डर घोषणा गरिने आयोजकहरू बताउँछन्।






## नारीको कात्तिक अंक ।



# २०१० का लागि डिभी भर्ने समय सुरु

**यस वर्षको अक्टोबर २१ देखि २००९ का लागि डाइभर्सिटी भिसा (डिभी) परेकाहरूको अन्तर्वार्ता लिने क्रम सुरु हुनेछ भने अक्टोबर २ देखि २०१० का लागि डिभी भर्ने समय सुरु भएको छ। काठमाडौंस्थित अमेरिकी राजदूतावासले डिभी भर्नेहरूका लागि डिभी कार्यक्रमका बारेमा केही महत्त्वपूर्ण जानकारी एक प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ।**



## भिसाका लागि योग्यता

डिभी चिट्ठाको विजेताका रूपमा छनौट हुँदैमा वा केन्टकी कन्सुलर सेन्टर (KCC) बाट दोस्रो पत्र आउँदैमा, प्रवेशाज्ञा (भिसा) को ग्यारेन्टी हुँदैन। अन्तर्वार्ताका क्रममा कन्सुलर अधिकारीले नै केही अमेरिकी कानुन अनुसार भिसाका लागि योग्य छन् वा छैनन् भन्ने कुराको निर्णय गर्छन्। विजेताहरूसँग कम्तीमा १२ वर्षको औपचारिक शिक्षा वा सो सरहको अध्ययन हुनैपर्छ।

**नेपाली नागरिकको हकमा**

-प्रवीणता प्रमाणपत्र तह वा प्रवेशिका (एस.एल.सी.) पछि २ वर्षको अध्ययन सफलतापूर्वक पूरा गरेको।

-१० जोड २ अर्थात् १२ वर्षको शिक्षा पूरा गरेको (प्राज्ञिक वा व्यावसायिक)।

-१२ वर्षको औपचारिक शिक्षाको मान्यता पाउन कलेज वा १०+२ शिक्षणसंस्थामा भर्ना भै अध्ययन गरेको हुनुपर्नेछ। अमेरिकी कानुनअनुसार प्राइभेट अध्ययनलाई औपचारिक शिक्षा मानिँदैन।

CTEVT वा अन्य व्यावसायिक अध्ययनका हकमा यदि त्यस्तो डिग्री नेपालका जुनसुकै अध्ययनसंस्थामा जुनसुकै विषयमा थप औपचारिक शिक्षाका लागि मान्य हुने खालको छ भने मात्र मान्यता दिइन्छ। कुनै निश्चित कार्यक्रममा मात्र भर्ना पाइने खालको डिग्री छ भने त्यस्तो व्यावसायिक डिग्रीलाई डिभी कार्यक्रमअन्तर्गत १२ वर्षको औपचारिक अध्ययन मानिँदैन।

यदि डिभी विजेताको १२ वर्षको शिक्षा पूरा भएको छैन भने अमेरिकी श्रम विभागले मान्यता दिएको पेसामा कामको अनुभव हुनुपर्नेछ। यस्ता प्रकारका कामको अनुभव अमेरिकी विश्वविद्यालयले दिने डिग्री सरह हुनुपर्नेछ।

-आफ्नो कामको अनुभवले डिभी कार्यक्रममा मान्यता पाउँछ कि पाउँदैन भन्ने जानकारीका लागि अमेरिकी श्रममन्त्रालयको वेबसाइट http://online.onetcenter.org/ लगअन गर्न सकिन्छ। त्यहाँ Find Occupations मा क्लिक गरी त्यसपछि आफूले गर्ने कामसँग मिल्ने Job Family छान्नुहोस्। त्यसपश्चात् Job Zone ट्याबमा Job Zone number तथा Specific Vocational Preparation (SVP) rating range हेर्नुपर्छ।

-कामको अनुभवका आधारमा मान्यता पाउन विगत पाँच वर्षभित्र कम्तीमा दुई वर्ष त्यस्तो काम गरेको हुनुपर्नेछ, जुन माथिको वेबसाइटमा ७ वा माथिको रेञ्ज भएको Specific Vocational Preparation (SVP) मा Job Zone ४ वा ५ भएको हुनुपर्नेछ।

-सबै कार्य अनुभवको प्रमाण खोजी हुँदा भिसा अफिसरलाई उक्त काम नै गर्छु भनेर विश्वस्त तुल्याउन सक्नुपर्छ।

कामको अनुभवका आधारमा डिभीका लागि एकदमै कम मानिस मात्र योग्य ठहरिन्छन्। यदि आफूसँग माथि उल्लेखित शैक्षिक वा कामको अनुभव वा न्यूनतम योग्यता छैन भने डिभीका लागि योग्य मानिँदैन र यस्तो स्थितिमा डिभीका लागि दरखास्त दिने प्रक्रिया अघि नबढाए हुन्छ। यदि आफ्नो श्रीमान्/श्रीमती र २१ वर्षमुनिका अविवाहित सन्तानको पूर्ण विवरण सुरुमा इलेक्ट्रोनिक डिभी चिट्ठा भर्दा उल्लेख गरिएको छैन भने डिभीका लागि अयोग्य ठहरिनेछ, यसको अर्थ केन्टकी कन्सुलर सेन्टरबाट दोस्रो पत्र पाए पनि डिभी विजेताले भिसा पाउनेछैन। त्यसैले यदि डिभीमा नाम निस्कियो तर सुरुमा डिभीको आवेदन भर्दाखेरि नै आफ्नो परिवारको विवरण भरिएको थिएन भने दरखास्त दस्तुर अमेरिकी डलर ७७५ नतिर्न तथा अन्तर्वार्तामा सामेल नहुन सल्लाह दिइन्छ, किनभने यस्तो स्थितिमा डिभीका लागि अयोग्य ठहऱ्याइनेछ र उक्त दस्तुर फिर्ता हुनेछैन।

## डिभी ठगको सिकार हुनबाट जोगिनुहोस्

अन्तर्वार्ताको दिनभन्दा अघि कुनै पनि शुल्क तिर्नुपर्दैन। डिभीसम्बन्धी जानकारीका लागि कसैलाई पनि पैसा तिर्नुपर्दैन। अन्तर्वार्ताको दिन आवेदकले अमेरिकी राजदूतावासमा सीधै आफैंले आवेदन शुल्क बुझाउनुपर्नेछ।

भिसाका लागि संयुक्त राज्य अमेरिकाको सरकारले कुनै पनि बाहिरी परामर्शदाता नियुक्त गर्दैन। कुनै पनि परामर्श सेवा उपयोग गर्नु बेकार हो, किनभने उनीहरूको सहयोगले भिसा पाउने सम्भावना बढाउँदैन। यदि आफूसँग भिसाका लागि चाहिने न्यूनतम योग्यता छैन भने भिसा पाउन सकिँदैन। यदि आफूसँग न्यूनतम योग्यता छैन भने आफ्नो पैसा र समय खेर फाल्नु व्यर्थ हुन्छ। कुनै परामर्शदाताले भिसा पाउने सम्भावना बढाउने आश्वासन दिन्छ भने उसले सरासर झूटो बोलिरहेको हुन्छ र आफूले गर्न नसक्ने कामको आश्वासन दिइरहेको हुन्छ। आफ्नो भिसा निवेदनसँग कुनै नक्कली कागजपत्र समावेश गर्नु हुँदैन। यसो गरे भिसा दिइँदैन र भविष्यमा कुनै पनि किसिमको अमेरिकी भिसाका लागि अयोग्य ठहऱ्याइनेछ, साथै कानुनी कारबाही पनि हुनसक्छ। डिभीको निवेदन आवेदक स्वयंले भरेको वा अरू कसैलाई भर्न लगाएको भए पनि त्यसमा उल्लेख गरिने सबै तथ्यका लागि आवेदक आफैंले जिम्मेवारी लिनुपर्छ र सही तथा पूर्ण जानकारी भर्नुपर्छ।

डिभी-२०१० को दरखास्त भर्ने समय बिहीबार अक्टोबर २, २००८ (असोज १६, २०६५) नेपाली समयअनुसार बेलुका ९:४५ बजे सुरु भै सोमबार डिसेम्बर १, २००८ (मंसिर १६, २०६५) नेपाली समयअनुसार राति १०:४५ बजेसम्मलाई छ। कुनै सिस्टमको खराबीले गर्दा डिभी दरखास्त ढिलो भए पनि डिसेम्बर १, २००८ राति १०:४५ बजेपछि २०१० को डिभी भर्न पाइनेछैन।

आफ्नो दरखास्त मान्य बनाउन समयमै डिभी भर्नुपर्छ। सबै दरखास्त विद्युतीय माध्यमबाट (Internet) मात्र स्वीकृत हुनेछ, कागजी दरखास्त र हुलाकबाट गरिएको दरखास्त अस्वीकृत हुनेछन्। दरखास्त दिने अन्तिम म्यादसम्म नपर्खी अगाडि नै दरखास्त दिन दूतावासले सुझाव दिएको छ, किनकि अन्तिमतिर धेरै आवेदन एकैपटक पर्ने भएकाले वेबसाइट ढिलो हुन्छ। अमेरिकी विदेश मन्त्रालयको झैं देखिने केही ठग वेबसाइट पनि छन्। केही कम्पनीले अमेरिकी विदेश मन्त्रालयको अभिनय गरेर डिभी चिट्ठा 'पूर्ण रूपमा'भर्ने भनेर पैसा माग्ने गरेको पाइन्छ। इलेक्ट्रोनिक भिसा इन्ट्री फारम (Electronic Diversity Visa Entry Form) डाउनलोड गर्न वा भर्न कुनै शुल्क लाग्दैन। विदेश मन्त्रालयले सफल डिभी आवेदकहरूलाई पत्र पठाउँछ इमेल होइन।

डिभी कार्यक्रम संयुक्त राज्य अमेरिकामा जातीय विविधता बढाउन ल्याइएको कार्यक्रम हो। यसले त्यस्ता देशका नागरिकलाई अमेरिकामा स्थायी बसोबास गर्ने भिसा दिन्छ, जुन देशबाट अमेरिकामा कम नागरिकको बसाइँसराइ भएको छ। यो चिट्ठामा सहभागी हुन चाहनेहरूले वेबसाइट www.dvlottery.state.gov मा तोकिएको मितिभित्र दरखास्त दिनुपर्नेछ। दरखास्तका लागि कुनै शुल्क लाग्नेछैन। डिभी-२०१० अन्तर्गत ५० हजार मानिसलाई स्थायी बसोबास गर्नका लागि भिसा दिने विदेश मन्त्रालयको योजना छ।

डिभीका बारेमा थप जानकारीका निम्ति अमेरिकी राजदूतावासको वेबसाइट http:// nepal.usembassy.gov हेर्न सकिन्छ।

एच.आई.भी लगायत यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सबै जिज्ञासा तथा समस्याहरुको परामर्शको लागि
हटलाइन सेवा
फोन नम्बर १६६०-०१-४५०००
साधारण टेलिफोन, प्रिपेड, पोष्टपेड मोबाइल र सी.डी.एम.ए. बाट कुरा गर्दा शुल्क नलाग्ने
आइतबारदेखी शुक्रबारसम्म बिहान ९:०० बजे देखि राति ९:०० बजेसम्म ।
सार्वजनिक बिदाको दिन यो सेवा बन्द रहनेछ ।
तपाईसँग भएका सबै कुराकानी पूर्ण रुपमा गोप्य रहनेछन् ।
नेपाल परिवार नियोजन संघ

सम्पादकीय

# अलमल धेरै भयो

नयाँ नेपालको नयाँ संविधान निर्माण गर्न नेपाली जनताले अभिमत दिएको संविधानसभाले आफ्नो घोषित कार्यकालको एकचौथाइ समय गुजारिसकेको छ तर संविधान लेखनको नाममा अहिलेसम्म संविधानसभाले संविधान मस्यौदा समिति समेत गठन गर्न सकेको छैन। संविधानसभा निर्वाचनपछिको लामो समय सरकार गठनमै खर्च गरेको संविधानसभाले अहिले पनि सरकारको कामकाजको शैलीमाथि टिप्पणी गर्नमै समय खर्च गरेको छ। कतिपय राजनैतिक दलहरूसमेत संविधानसभाको मूल उद्देश्यका विपरीत सरकारको कामकाजको आलोचना गरेर चर्चामा आउने मानसिकताले ग्रस्त देखिएका छन्। सत्ता बाहिर रहेका दलहरूको गतिविधि मात्र नभै सत्तामा रहेका दलहरूले समेत संविधानसभाको उद्देश्य एवं भावनालाई समेटन सकेको उनीहरूको व्यवहारमा देखिएको छैन। राजनैतिक दलहरू सरकारमा सहभागिता गर्ने, सरकारको नेतृत्व गर्ने तथा सरकारलाई असफल बनाउने खेलमै अल्झिरहने हो भने अहिलेको स्थितिमा संविधान लेखन कार्य आगामी २ वर्षभित्रमा हुन सक्छ भन्ने कुरामा समेत सन्देह देखापरेको छ।

संविधानसभा निर्वाचन लगत्तै सरकार गठनको झमेला, बजेटको प्रस्तुति, चाडबाडको रौनक जस्ता कारणले संविधान लेखनको प्रक्रिया अघि बढ्न नसकेको तर्क आफ्नो ठाउँमा छ। यस्ता तर्कहरूको आडका अबका दिनमा संविधानसभाले आफ्नो मूल लक्ष्यलाई कुनै पनि हालतमा ढाकछोप गर्न मिल्ने छैन। जनताले जति समयका लागि संविधानसभाको चयन गरेका हुन्, त्यही समय–सीमाभित्र संविधान निर्माण भैसक्नुपर्छ भन्ने आम नेपाली जनताको चाहना हो। अहिलेको सरकारको मुख्य काम भनेकै नयाँ नेपालको नयाँ संविधान निर्माण गरेर त्यसलाई जारी गर्नु हो। एकातिर मुलुकको दैनिक प्रशासन र विकास कार्यक्रमहरूलाई पनि सँगसँगै लाँदा सरकारले आफ्नो वा सरकारमा सहभागी राजनैतिक दलको विचारलाई लाद्न खोज्नु भनेको जनताको अभिमतको दुरुपयोग हो भने अर्कोतिर सरकार बाहिर रहेका राजनैतिक दलहरूले पनि साना–मसिना कुराहरूमा बखेडा झिकेर सरकारको आलोचनामै समय खर्च गर्नुभन्दा संविधानसभालाई उसको गन्तव्यसम्म पुऱ्याउन अहम् भूमिका निर्वाह गर्नुपर्छ। यसो हुन सक्यो भने संविधान लेखन कार्य समयमै हुन सक्छ र नयाँ संविधान लागू हुनपूर्व त्यसमा उल्लेख गरिएका जनताका हक अधिकारहरू, राज्य व्यवस्थासँग सम्बन्धित बुदाहरू लगायतका संविधानले समेटेका सबै विषयहरूले आम छलफलमा आउन पर्याप्त समय पाउँछन्। त्यो स्थितिमा मात्र राम्रो र असल संविधान निर्माण हुन सक्छ भन्ने हेक्का सबै संविधान सभासद्हरू एवं राजनैतिक दलहरूले राख्नुपर्छ। समय धेरै घर्किसकेको छैन।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### सभासदलाई साझा बस

६ सयभन्दा बढी नारी-पुरुष जनप्रतिनिधिका रूपमा नेपालको कायापलट गर्ने संविधान लेख्न पाँच महिनादेखि नाटक गरिरहेका छन्। जनतालाई झुक्याउन माहिर कतिपय सभासदहरू अधिकांश दिन सभा सुरु गर्न तोकिएको समयभन्दा निकै ढिलो हलमा प्रवेश गर्छन्। तीन महिनासम्म ती सभासदहरूलाई सम्मान र बधाई थाप्नै भ्याई-नभ्याई थियो। त्यसपछि उनीहरूले सरकारमा को जाने र कसलाई पठाउनु हुन्छ, कसलाई पठाउनु हुन्न भन्ने विषयमा झगडा गरी समय र श्रमको बर्बादी गरे। अहिले जनताले शान्तिको सास फेर्न नपाउने गरी फोहरी टीका-टिप्पणी गर्दैछन्।

खान-लाउन र आफ्नो परिवारलाई पुग्ने सुख-सुविधाको जोहो गर्न पछि नपरेका कतिपय सभासदहरूले जनताप्रतिको कर्तव्य बिर्सन थालेका छन्। सभासद बन्नु भनेको त हजारौं रुपैयाँ नियमित रूपमा आउने चिट्ठा सम्झिन थालेका छन् उनीहरू। सभासद भनेका जनताका प्रतिनिधि भएकाले तिनले आम नागरिकले जीवनयापन गर्ने शैलीमा आफ्ना दैनिक कार्य सम्पादन गर्न सक्नुपर्छ। ठूलो पदमा बसेर पनि कम खर्च गरी विकास-निर्माणका काम बढी गर्नतर्फ ध्यान दिन सक्नुपर्छ।

बाटै नभएको देशमा कार, पजेरो, प्राडोजस्ता महँगा गाडी चढ्ने नेतागणको यस किसिमको अनैतिक तथा गैरसामाजिक कार्य रोकिनुपर्छ। उनीहरूलाई सार्वजनिक यातायात चल्ने बाटोमा निजी सवारी चढ्न दिनु हुँदैन। नेतागणका लागि गाडी किन्नुभन्दा दुरदराजमा रहेका कृषि उपजहरू सहरमा ल्याउन मोटर बाटो निर्माण गरिनुपर्छ।

नयाँ नेपालका सभासदलगायत मन्त्रीगण र राष्ट्रपतिको टोलीका लागि पनि साझा बसको व्यवस्था हुनुपर्छ। एउटै समय एउटै ठाउँबाट एउटै कार्यालयमा दैनिक कामकाजका लागि जाने मन्त्रीगणलाई नयाँ गाडी होइन, साझा बसको बन्दोबस्त गर्नुपर्ने आवश्यकता टड्कारो छ। आफ्नो निजी र पार्टीगत कामको सिलसिलामा सरकारी गाडी प्रयोग गर्ने ठूलाठालुलाई कारबाही गर्न नसकिएको वर्तमान परिप्रेक्ष्यमा सरकारी सवारीको सुविधा नै नदिने हो भने ठूलो धनराशि बचत हुने देखिन्छ।

सभासदहरू यतिबेला काठमाडौं उपत्यकामै बसोबास गरिरहेका छन्, सभा बस्न सभाहलसम्म हरेक सभासदलाई साझाबस मार्फत ल्याइनुपर्छ। आफ्ना अरू काममा भन्दा संविधान निर्माणमा ध्यान दिनु प्रत्येक सभासदको दायित्व हो। एउटै समयमा सभासदहरूलाई सभा भवनसम्म ल्याइपुऱ्याउन साझा बसको व्यवस्था गरिनुपर्छ।

जनताको हक अधिकारका लागि लड्छु भन्ने नेताहरूले आमनेपालीले जस्तै आफ्नो जीवन निर्वाह गर्न सक्नुपर्छ। मोजमस्तीका सवारी चढ्न छोडेर अधिकांश नेपाली चढ्ने बसमा आवातजावात गर्ने आँट देखाउनुपर्छ। सवारी खर्च भनेर संसद सचिवालयबाट पैसा असुल गर्ने बानी त्याग्नुपर्छ। सभासदहरूलाई साझा बसको व्यवस्था गरे मात्र जनताको राजनीति अघि बढ्न सक्ने कुरा नेताहरूले बुझ्नुपर्छ।

–रविन राचलिका

### खाँचो नयाँ शिक्षानीतिको

कृषिमा आधारित देश नेपालमा एकातिर एउटामात्र कृषि क्याम्पस सञ्चालनमा छ भने अर्कातिर कृषि शिक्षा महँगो छ। राष्ट्रलाई दुर्गम र सुगम भेकका विपन्न नागरिकको उपचारका लागि चिकित्सक चाहिएको छ तर शिक्षानीतिले ती भेकका प्रतिभाशाली विपन्न नागरिकलाई चिकित्सक बन्नबाट वञ्चित गर्नुका साथै काठमाडौंमा चिकित्साविज्ञान पढेका सम्पन्नलाई त्यहाँ गएर ओखतीमूलो गर्न प्रोत्साहित र प्रेरित गर्दैन। विगत केही समययता कर्णाली एकीकृत विकास योजनाको सुगा रटाइ रटिरहेको सरकारले के बुझ्नुपर्छ भने मुख्य विषय सुगम र दुर्गमको होइन, व्यक्तिगत आर्थिक सम्पन्नता, पहुँच र अधिकारको हो।

अर्थशास्त्रको सिद्धान्तअनुसार बढी वा कम प्रतिव्यक्ति आय सफल वा असफल राष्ट्रको मापदण्ड हो। अधिकतम् नागरिकको अधिकतम् सन्तुष्टिको कसीमा नेपालको राज्यसंयन्त्र अलोकप्रिय, असफल र असक्षम ठहरिन्छ। आर्थिक रूपमा सम्पन्न र उत्पादनका स्रोत-साधनका मालिकवर्गलाई शैक्षिक प्रमाणपत्रको अनुपयोगिता विकल्परहित र समाधानरहित समस्या होइन, मूल समस्या येनकेन प्रकारेण विद्यालय र विश्वविद्यालयमा भर्ना भै उत्कृष्टतासहित अध्ययन सकेर बेरोजगार रहन बाध्य विपन्नको हो।

प्रवेशिकामा उत्कृष्ट अङ्क ल्याउने विपन्नको उपर्युक्त सीपमूलक शिक्षामा पहुँच छैन। सर्वोत्कृष्ट हुनेलाई निजी उ.मा.वि.ले निःशुल्क पढाइदिने सर्तमा विज्ञापन प्रयोजनका लागि खरिद गर्छन् भने दूतावास, मन्त्रालय र सरकारी शिक्षण अस्पतालले दिने छात्रवृत्तिमा राजनैतिक दलका 'प्रभावशाली' नेताका सन्तानले प्राथमिकता पाउँछन्। शिक्षा, विज्ञान, गणित, साहित्य, राजनीतिशास्त्र आदि जुनसुकै मूल विषय पढेको भए पनि स्नातक गरेपछि जुनसुकै समूहको अधिकृत पदमा प्रतिस्पर्धा गर्न दिने लोक सेवा आयोगको परीक्षा प्रणाली अवैज्ञानिक छ।

मानविकीसहित अन्य सङ्कायलाई आयोगमा प्रतिस्पर्धा गर्न कुनै रोक छैन। मानविकी सङ्कायको औचित्य सिद्ध गर्न अध्यापन अनुमतिपत्रको प्रतिस्पर्धामा सो सङ्कायलाई पनि शिक्षाशास्त्र सङ्कायसरहकै अवसर दिनु अथवा अनुमतिपत्र लिनैपर्ने बाध्यात्मक स्थितिको अन्त्य गर्नुमध्ये एक विकल्प क्रियान्वित हुनुपर्छ।

शिक्षा सङ्कायलाई नै सर्वेसर्वा बनाउने हो भने मानविकी तथा सामाजिक शास्त्रका साथै विज्ञान र व्यवस्थापनलाई पनि शिक्षा सङ्कायभित्रै गाभ्नुपर्छ। विज्ञान र व्यवस्थापनका कुनै पनि विभाग शिक्षा सङ्कायअन्तर्गत पर्दैनन् भनेर उपर्युक्त विषयहरूको अध्यापन अनुमतिपत्र नदिने ? नेपाली, अङ्ग्रेजी र गणित विषय मानविकी र शिक्षा दुवै सङ्कायमा पढाइने भए पनि विषयवस्तुगत ज्ञान मानविकीसँग र शिक्षणप्रक्रियासम्बन्धी व्यावहारिक ज्ञान शिक्षा सङ्कायसँग बढी हुन्छ। वर्तमानमा विश्वविद्यालयमा सञ्चालित कुनै पनि सङ्काय पूर्णतः सक्षम नभएको तथ्य उपर्युक्त दृष्टान्तले प्रस्ट गरेकाले सरकारले औचित्यपूर्ण नयाँ शिक्षा नीति ल्याउनुपर्छ।

नेपाली, गणित, अङ्ग्रेजीलगायतका विषयका कक्षा शिक्षा र मानविकी दुवै सङ्कायमा सञ्चालन हुँदा अन्यौल सिर्जना भएकाले दुवै सङ्कायका विशेषतायुक्त नयाँ सङ्काय निर्माण गर्न सकिन्छ, तर लाइसेन्सको अनिवार्यतालाई अन्त्य गर्ने हो भने यी सबै झन्झटबाट पार पाउन सकिन्छ। लाइसेन्स बाध्यात्मक गरिनुको दुष्परिणाम के हो भने शिक्षा सङ्कायको निरङ्कुशताको सिकार अन्य सबै सङ्कायद्वारा उत्पादित जनशक्ति भएका छन्। शिक्षण पेसामा सबै सङ्कायको समान पहुँच नहुने स्थितिमा शिक्षाबाहेकका अन्य सबै सङ्कायको पेसागत विशिष्टता निर्धारण र जीविकाको सुरक्षा सरकारले गर्नुपर्छ।

गोपाल विरही

## तीतो सत्य

प्रेम भावनामा होइन, यथार्थको धरातलमा उभिएर गर्नुपर्छ।

प्रत्येक समय भावनामा रम्ने मानिस कमजोर र उदासीन हुन्छ।

**–रेखा श्रेष्ठ, मूर्तिया, सर्लाही**

अतीतलाई बिर्सेर वर्तमानमा रमाउनु नै जीवन हो।

जन्मँदा के लिएर आएका छौ र के लिएर जान्छौ र गुमाएकोमा किन पश्चताप गर्छौ ?

जीवनका सबै कुरा झूठा हुन्, मात्र मृत्यु सत्य हो।

**–रमेशकुमार श्रेष्ठ**

बगिरहने खोला र समयको चाललाई फर्काउन गाह्रो हुन्छ।

**–धनु मगर, स्याङ्जा**

राजनेताले कमाउनु भनेको देशलाई बर्बाद बनाउनु हो।

यो धर्तीलाई स्वर्ग बनाउने कि नर्क भन्ने कुरा हामीभित्रै लुकेको छ।

**–तेजप्रसाद तिवारी, सुर्खेत**

महिलाले घरलाई स्वर्ग बनाउन सक्छिन् र महिलाकै कारणबाट घर मसान पनि बन्छ।

असल बुहारी बन्न ज्यादै कठिन छ तर असम्भव छैन।

एउटा असल नारीसँगको विवाह जीवनको आँधीमा पाकेको खेती हो तर खराब महिलासँगको विवाह भने पाकेको खेतीमा तुफान हो।

**–राघव श्रेष्ठ, तुलसीपुर, दाङ**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## सहर चर्चा



### गौचनको कविता

'जति माया लाए पनि जति कसम खाए पनि' स्व. अरुण थापाले गाएको यो कालजयी गीतका सर्जक विनोद गौचन नेपाली वाङ्मयमा पछिल्लो पटक 'कविता गाउँ' का परिकल्पनाकारका रूपमा चर्चामा आएका छन्। २३ वर्षको जागिरे जीवनबाट भर्खरै स्वेच्छिक अवकाश लिएपछि ५२ वर्षीय गौचन पोखरानजिकको गाउँ लुम्लेलाई 'कविता गाउँ' का रूपमा विकास गर्न कस्सिएका छन्। पोखराबाट ३२ किलोमिटरको दूरीमा बाग्लुङ राजमार्गसँगै जोडिएको लुम्ले गाविस रमणीय पर्यटकीय क्षेत्रका रूपमा परिचित छ। त्यहाँको प्राकृतिक वातावरण स्रष्टाहरूका लागि उपयुक्त छ भन्ने ठहर गौचनको छ।

उनी भन्छन्- 'देशभरिका कवि तथा लेखकले एकपल्ट पुग्नैपर्ने ठाउँ बनाउन र स्थानीयवासीको प्रतिभा प्रस्फुटनमा सघाउ पुऱ्याउन 'कविता गाउँ' को परिकल्पना गरेको हुँ।' गौचन भविष्यमा लुम्लेलाई कवि, कलाकार, संगीतकर्मी एवं चित्रकारका लागि साधनास्थल बनाउने दाउमा छन्। यसै पनि लुम्ले गायक प्रवीण गुरुङ, लेकाली ब्यान्डका नवीन गुरुङ तथा कवि ज्ञानु देवकोटा 'वैरागी' को जन्मथलो हो। 'कविता गाउँ' बनाउन लुम्लेका भक्तिराम देवकोटाको संयोजकत्वमा समिति गठन गरिएको छ। तिहारपछि राष्ट्रिय स्तरका स्रष्टाहरूको जमघट गराएर कविता गाउँको औपचारिक घोषणा गरिने तयारी भैरहेको छ। गाउँलेहरू यतिबेला आवश्यक पूर्वाधार निर्माणमा जुटेका छन्। गाउँको बीचमा एउटा पुस्तकालय खोल्ने प्रयास पनि गौचन तथा उनका सहयोगीहरूले गरिरहेका छन्। पोखरामा बस्दै आएका गौचन पोखरेलीमाझ पदयात्री कविका रूपमा चिनिएका छन्। बेला-बेलामा लुम्ले, धम्पुस, पोथाना, लान्द्रुक तथा टोल्कातिर एक्लै पदयात्रा गरिरहेका भेटिन्छन् उनी। गौचनका दुई कविता कृति 'ढुंगेसाँघुको मेलामा' र 'पोखरामा फूल फुल्दैन' प्रकाशित भैसकेका छन्।

### लेलिइनको सुन्दरता

**उनको उचाइ ५ फिट ४ इन्च छ। अग्लो शरीर भएकै कारण उनले मोडलिङ क्षैत्रमा क्यारियर बनाउने निर्णय गरेकी हुन्। मोडलिङमा प्रवेश गर्ने पहिलो यात्रा फोटोसेसन गरेपछि उनको चर्चा बढेको छ। लेलिइनका आकर्षक तस्बिरहरू बुटबलसिटी डटकममा प्रकाशित भएका छन्। अरूभन्दा भिन्न हुन पाश्चात्य शैलीको नाम राखेकी लेलिइन गुरुङ फुर्सद मा संगीत सुन्न रुचाउँछिन्। प्रत्येक वर्ष फेब्रुअरी २९ मा जन्म दिन मनाइरहेकी लेलिइन अनलाइन च्याट गरेर फुर्सदको सदुपयोग गर्छिन्। मोडलिङ भने उनको रुचिको विषय हो। यसबाहेक नृत्य गर्नु तथा भ्रमण गर्नु उनका थप रुचिका विषय हुन्। राम्रो गीत बज्यो भने नृत्य गर्न तयार भैहाल्ने लेलिइनलाई पाश्चात्य शैलीका पहिरन लगाउँदा सुहाउँछन्। स्कर्ट तथा टिसर्ट उनलाई मन पर्ने पहिरन हुन्। प्लस टुसम्मको अध्ययन पूरा गरेकी लेइलिनको शारीरिक बनावट ३६X२६X३४ छ।**

साइबर गर्ल



## मुखाले

इतिहासको यो कालखण्डमा हाम्रो परीक्षा भैरहेको छ।

**–डा. रामवरण यादव, राष्ट्रपति**

संसदीय दलको नेता म नै हुँ।

**–गिरिजाप्रसाद कोइराला**
**सभापति, नेपाली कांग्रेस**

हिंजो कम्युनिष्टहरूले एक दलीय शासन व्यवस्था लाद्न खोज्दा उनीहरू ढले, अब हामी त्यो गल्ती दोहोऱ्याउने छैनौं।

**–डा. बाबुराम भट्टराई, अर्थमन्त्री**

हामी जनविद्रोह मार्फत् नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने प्रक्रियामा अघि बढिरहेका छौं।

**–मोहन वैद्य, वरिष्ठ माओवादी नेता**

कांग्रेसले सेना समायोजन गर्न हुँदैन भन्दैमा सेना समायोजनको प्रक्रिया रोकिंदैन।

**–रामबहादुर थापा, रक्षामन्त्री**

सरकारले बेइमानी गर्न खोज्यो भने म राजीनामा दिन्छु। मेरो राजिनामा २४ सैं घन्टा गोजीमा हुन्छ।

**–राजेन्द्र महतो**
**वाणिज्य तथा आपूर्ति मन्त्री**

प्रतिपक्षमा बस्ने कांग्रेसको आधिकारिक निर्णय हो, हामी गुण र दोषको आधारमा सरकारको समर्थन र विरोध गर्छौं, सरकारमा जाँदैनौं।

**–सुशील कोइराला**
**कार्यवाहक सभापति, नेपाली कांग्रेस**

संविधानसभाले मुलुकलाई जनगणतन्त्रमा जाने जनादेश दिएको छैन, जनादेशलाई छली जबरजस्ती जनगणतन्त्र लादे मुलुक गृहयुद्धमा फस्नेछ।

**–हृदयेश त्रिपाठी, महासचिव, तमलोपा**

# म आलु रोप्न अध्यक्ष भएकी होइन

**नेपाली कम्युनिस्ट राजनीतिको ६० वर्षे इतिहासमा रामकुमारी झाँक्रीको उपस्थितिले एउटा नयाँ परिवर्तन ल्याएको कतिपय विश्लेषकको दाबी छ। दलभित्र सकेसम्म निर्वाचन नहुने, निर्वाचन भैहाले पनि नेतृत्वले लादेको निर्णय नै कार्यान्वयन हुने कम्युनिस्ट पार्टीभित्रको राजनीतिमा यसपटक परिवर्तन देखिएको उनीहरूको ठम्याइ छ। नेकपा (एमाले) को विद्यार्थी संगठन अनेरास्ववियुको नेतृत्वमा भएको प्रतिस्पर्धामा महिला, जनजाति तथा सीमान्तकृत जातिको प्रतिनिधित्व गर्ने रामकुमारीले खुला प्रतिस्पर्धामा अत्यधिक बहुमत हासिल गरिन्। नेकपा (एमाले) का शीर्ष नेताहरू नै झाँक्रीलाई हराउन लागेको आरोप लागिरहँदा उनको विजयले कतिलाई आश्चर्यमा समेत पारेको थियो।**



तस्बिर : नवराज काठे

रामकुमारी झाँक्री, अध्यक्ष, अनेरास्ववियु

**अनेरास्ववियुको नेतृत्वका लागि भएको निर्वाचनमा तपाईंले पाएको अत्यधिक मतले के संकेत गर्छ ?**

जतिबेला देशमा निरंकुश शासन थियो, हामीले त्यसलाई तोड्ने र नेपाललाई गणतन्त्रात्मक व्यवस्थामा लाने उद्देश्य लिएका थियौं। मेरो विचारमा पत्रकार र विद्यार्थी बाहेक अरूलाई देशमा यति चाँडै गणतन्त्र स्थापना हुन्छ भन्ने विस्वास थिएन। म त्यही आन्दोलनले स्थापित भएकी विद्यार्थी नेता हुँ। मेरो विजयले त्यो आन्दोलनलाई अनुमोदन गरेको छ।

**तपाईंको विजयले महिला, जनजाति एवं पिछडिएकाहरूको दिन आयो भन्ने संकेत गर्दैन ?**

देशमा ठूलो परिवर्तन आएको हो। यो परिवर्तनलाई साधारण परिवर्तन भन्ने भूल गर्नुहुँदैन। यो परिवर्तनले महिला, जनजाति तथा पिछडिएका वर्गलाई माथि आउने अवसर प्रदान गरेको छ। यस अर्थमा मलाई पनि यो आन्दोलनले माथि ल्यायो। यद्यपि म जस्ता क्षमता भएका धेरै महिला, जनजाति एवं पिछडिएकाहरू छन् जसका लागि माथि आउने वातावरण बनाउन सकिएको छैन। नेपालका सबैजसो भरियामा म्याराथुन दौडने क्षमता छ, यद्यपि ती सबै बैकुण्ठ मानन्धर हुन सकेका छैनन्। म आएू भन्दैमा सबै महिला, आदिवासी वा जनजातिको स्तर उठ्यो भन्न मिल्दैन।

**यसको अर्थ महिला, जनजाति एवं आदिवासीहरूलाई आरक्षण दिनुपर्छ ?**

दिनैपर्छ तर त्यसमा केही कुरामा ध्यान पुर्‍याउनुपर्छ। दुर्गमको नागरिकता भएकै कारण त्यहाँका सम्भ्रान्तले काठमाडौंमा पढेर उक्त सुविधा पाउने व्यवस्थाको अन्त्य हुनुपर्छ। आरक्षणलाई हलुका रूपमा लिइयो भने यसले थप नकारात्मक असर पार्न सक्छ। धेरै आधारहरू तयार गरेर आरक्षणको अभ्यास गर्नुपर्छ।

**तपाईंको जितले परिवर्तनकारी महिलाहरूलाई सकारात्मक सन्देश दिएन र ?**

दिएको छ, यद्यपि धेरै महिलाहरू अझै पनि महिलावादलाई आफू माथि चढ्ने भर्‍याङका रूपमा प्रयोग गरिरहेका छन्। महिलाले जवसम्म महिलावादलाई आफू माथि चढ्ने खुड्किलो मात्र बनाउँछन्, मेरो मात्र जितले परिवर्तन सम्भव हुँदैन।

**तपाई महाधिवेशनको वातावरणले चिन्तित हुनुभएको हो ?**

महाधिवेशनमा भएको गतिविधिले मलाई दुःखी बनाएको छ। विशेषगरी हाम्रो जस्तो क्रान्तिकारी दलभित्रका महिलाहरू पनि आफ्ना लागि मात्र महिलावाद तथा क्रान्तिकारी नारा लगाउँदारहेछन् भन्ने कुरा महाधिवेसनले प्रष्ट पार्‍यो। पुरुष नेताहरूको पिछलग्गु भएर उनीहरूको रबर स्टाम्प हुने हो भने कहिले हुन्छ परिवर्तन ? अहिले पनि पुरुषहरूमा महिलाले काम गर्न सक्छन् भन्ने विस्वास छैन भन्ने पाएकी छु। त्यस्तालाई साथ दिने नेतृहरूले कहिले जनताका छोरीको उद्धार गर्छन् ?



❛ अखिल र युथ फोर्सका प्रकृति भिन्न छन्। अखिल विद्यार्थीको हकहितका लागि लड्छ, युथ फोर्स समाज रूपान्तरणका लागि लड्छ। युथ फोर्सको स्थान अखिलले लिन सक्दैन, न त युथ फोर्सकै कारण अखिल ओझेलमा पर्छ। ❜

**तपाईंले काम गर्न सक्नुहुन्छ भन्ने विस्वास एमालेका नेताहरूलाई नै छैन भन्न खोज्नुभएको हो ?**

सबैले होइन केहीले मलाई काम गर्न सक्नुहुन्छ ? कसरी गर्नुहुन्छ ? भन्ने प्रश्न गर्छन्। म आलु रोप्न जान अखिलको अध्यक्ष लडेकी हुँ र ? प्रतिस्पर्धामा जितेर देखाएू, अब काम गरेर देखाउने योजना छ।

**अखिलको अध्यक्ष भएपछि तपाईंको पहिलो काम के हुनेछ ?**

म आन्तरिक परिवर्तन गर्न चाहन्छु। यसलाई पुर्नसंरचना भन्न सक्नुहुन्छ। कसैलाई पदबाट निकाल्ने खालको परिवर्तन होइन, पदमा भएकैहरूलाई नयाँ ढंगले प्रशिक्षित गर्ने योजनामा छु। मेरो पहिलो काम नै अखिलभित्रको पुरानो संरचनामा परिवर्तन हो। काम गर्ने शैलीमा परिवर्तन हो। त्यसपछि भने एमालेभित्रै परिवर्तनका लागि काम गर्नेछु।

**कस्तो परिवर्तन ? तपाईंको एक्लो प्रयासमा विशिष्ट एवं पाका नेताहरू परिवर्तीत हुन्छन् र ?**

तपाईंले देखिहाल्नुभयो, महाधिवेशनमा कुन स्तरको गुटबन्दी भयो, त्यो हुनुहुँदैन भन्ने आवाज उठाउँछु। हाम्रो लिडरसिपले कसैलाई बोक्ने, कसैलाई फ्याँक्ने काम गर्नुहुँदैन। लोकतान्त्रिक विधि, मान्यता एवं संघर्षमा विस्वास गर्नुपर्छ। कार्यकर्तालाई रबरस्टाम्प बनाउने होइन, आन्तरिक लोकतन्त्र एवं प्रतिस्पर्धामा जोड दिनुपर्छ। नेताले जता फर्केर हाइ गर्‍यो, कार्यकर्ताले त्यतै फर्केर हाइ गर्ने परिपाटीको अन्त्य हुनुपर्छ।

**एमालेभित्र आन्तरिक लोकतन्त्र छैन र ?**

जति हुनुपर्ने हो त्यति छैन। एमालेले अरूलाई सिकाउनु पर्ने, ऊ नै पछाडि पर्‍यो भने के हुन्छ ? म एमालेभित्र लोकतान्त्रिक स्पेस हुनुपर्छ, राजनैतिक, वैचारिक एवं संगठनको पुर्नसंरचना हुनुपर्छ भन्ने मान्यता राख्छु।

**धामी-झाँक्रीहरूले गाउँघरमा रोग निको पार्ने काम गर्छन्, रामकुमारी झाँक्रीले विद्यार्थी नेतृत्वको जिम्मा लिएपछि विद्यार्थीहरूका कस्ता रोग निको हुन्छन् त ?**

हामी नयाँ नेपालको कुरा गरिरहेका छौं। दुई वर्षपछि जे हुन्छ, त्यही नयाँ नेपाल हो त ? नयाँ नेपालका लागि परम्परागत विचारमा परिवर्तन हुनुपर्छ। अहिले दिइने शिक्षाको मोडलमा परिवर्तन आउनुपर्छ। शिक्षा मन्त्रालयदेखि विद्यालयसम्ममा परिवर्तन आउनुपर्छ। मेरो मान्यता यही हो, म यही परिवर्तनका लागि काम गर्छु।

**विद्यार्थी राजनीतिले अध्ययन-अध्यापनको वातावरण ध्वस्त बनाएको आरोप लागिरहँदा तपाई अखिलको अध्यक्ष हुनुभएको छ, के भन्नुहुन्छ ?**

विद्यार्थी राजनीतिले अध्ययन-अध्यापनको वातावरण ध्वस्त भएको आरोप लगाउने व्यक्तिहरू परिवर्तन नचाहने, देश सधैं पछाडि परिरहोस् भन्ने चाहने प्रतिगामीहरू हुन्।

**युरोप-अमेरिका जस्ता देशमा विद्यार्थीले राजनीति नगरे पनि भएको छ, नेपालमा यस्तो आग्रह राख्नेहरू कसरी प्रतिगामी भए ?**

हामी युरोप-अमेरिकाभन्दा ३ सय वर्ष पछाडि छौं। आज यहाँ जे जस्ता प्राक्टिस भएका छन्, ती ५०-६० वर्षअघि नै युरोप-अमेरिकामा भैसकेका थिए। समाज, सरकार तथा लोकतान्त्रिक व्यवस्था व्यवस्थित भएपछि विद्यार्थी राजनीति पनि आफै कम भएर जान्छ। विद्यार्थी राजनीति नभएको भए नेपालमा राजसंस्था अहिले पनि कायम रहन्थ्यो भन्ने कुरा बिर्सन हुँदैन। अर्को कुरा देशमा शिक्षाको मुद्दा उठाउने भनेकै विद्यार्थी हुन्। जवसम्म शिक्षाका सबै समस्या समाधान हुँदैनन्, विद्यार्थीले राजनीति गर्न छोड्नुहुँदैन।

**तपाईंले देखेका शिक्षाका समस्या के-के हुन् ?**

हाम्रा विश्वविद्यालयहरू भनेका बेरोजगार उत्पादन गर्ने कारखाना हुन्। यिनीहरूले रोजगारमूलक शिक्षा दिन थालेपछि, शिक्षामा भएका विकृति-विसंगति हटेपछि विद्यार्थी राजनीति आफै कम भएर जान्छ। जहाँ समस्या हुन्छ, त्यहाँ समाधानका लागि राजनीति हुन्छ। त्यसकारण विद्यार्थीले राजनीति गर्नुहुँदैन भन्ने कुतर्कले हामी कहीँ पनि पुग्दैनौं। सचेत व्यक्तिहरूले राजनीति नगरे कसले गर्ने राजनीति ?

**राजनीतिमा लागेपछि मानिसले विवाह गर्न पनि बिर्सन्छ भन्ने कुरा सही हो ?**

राजनीति मात्र होइन, जसले आफूलाई सार्वजनिक काममा सुम्पन्छ, उसले व्यक्तिगत जीवन गुमाउनुपर्छ। ठूला लेखक, वैज्ञानिकहरूले ढिलो विवाह गरेका वा विवाह नै नगरेका उदाहरण धेरै पाइन्छ। राजनीति पनि त्यस्तै हो।

**त्यसैले तपाईंले पनि समयमै विवाह गर्न अरुचि देखाउनुभएको हो ?**

मैले विवाहको कुरा सोचेकी छैन। भर्खर त अध्यक्ष भएू, धेरै काम गर्नु छ। काम गरेर देखाउने बेलामा विवाह जस्तो कुरा सम्झँदा अल्मलिन सकिन्छ। मलाई विवाहको कुरा सुनाएर अलमलमा नपार्नुहोला।

**कति समयसम्म ?**

पहिले छ महिना काम गरौं, त्यसपछि विवाहका बारेमा सोचौंला।

**छ महिनापछि विवाह गर्छु भन्ने संकेत दिनुभएको हो ?**

होइन...होइन..., विवाहको कुरै ननिकाल्नुहोस् पो भनेको। यो त काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भन्ने कुरा भयो।

**प्रस्तुति : अश्विनी कोइराला**

# कडा स्ट्रिङमा कोमल औंला

**राजु घिसिङ**

धरान- सडकपेटीमा बसेर गितार बजाइरहेका केटाहरूको दैनिकीप्रति रेश्मी धमला व्यंग्य गर्छिन्। रमाइलो चोककी एक किशोरी भन्छिन्- 'गितार बजाउन आउँछ भन्दैमा सडकपेटीमै बजाउनुपर्छ र !' उनको जवाफ नकार्न सकिंदैन। किनभने स्ट्रिङ कस्न नजान्नेहरू पनि बेसुरमा गितार झन्काउँदै सडकपेटीमा चिच्याइरहेका भेटिन्छन्।

गल्लीमा गितार बजाउने केटाहरूप्रति रेश्मीको डाह स्वाभाविक हो। शनिबार सम्पन्न चारदिने गितार कार्यशालामा सहभागी रेश्मी अब्बल गितारिस्ट बन्न चाहन्छिन्, तर गल्ली-सडकपेटीमा बसेर बजाउने खालको भने होइन,' उनी भन्छिन्- 'गितारको सैद्धान्तिक एवं प्रयोगात्मक शिक्षा हासिल गर्न चाहन्छु।'

रेश्मी मात्र होइनन्, हिजोआजका धेरै किशोरी गितारसँग नजिक हुन चाहन्छन्। बडादसैंका अवसरमा मोफसलमा पहिलोपल्ट धरानमा सम्पन्न गितार वर्कसपमा सात जनाको उपस्थितिले पनि किशोरीहरूको गितार क्रेज प्रस्ट्याउँछ। गितार बजाउने चाहना भएको तर अवसर नपाएकाहरूलाई गितारका सम्बन्धमा आधारभूत जानकारी दिन माइक्रोटेक कम्युटर्सले गितार वर्कसप आयोजना गरेको थियो। वर्कसपमा सहभागी सुनसरी र मोरङ जिल्लाका १२ देखि २१ वर्ष उमेरका ३३ जनालाई तीन दिन ख्यातिप्राप्त गितारिस्ट रोशन शर्माले गितारका आधारभूत जानकारी दिूदै बजाउने तरिका पनि सिकाए।

कहिलेकाहीं गितार पक्रने १३ वर्षीय इमा लिम्बू भन्छिन्- 'गितार पक्रने, बजाउने स्टाइल, कर्ड आदि वर्कसपमा सिकें।' अर्की किशोरी रोमा राई भन्छिन्- 'स्ट्रिङको कसाइ र खरिद गर्दा गुणस्तरीय गितार चुन्ने विधि पनि जानियो।' वर्कसपपछि उनीहरू गितारको किसिम लिड, रिदम र बेस छुट्याउन सक्ने भैसकेका छन्। वर्कसपमा सहभागी किशोरीहरूले भविष्यमा अब्बल गितारिस्ट नबने पनि गितार राम्रोसँग बजाउन सक्ने कुरामा ढुक्क छन्। निरन्तर मेहनत र अध्ययन गरे किशोरीहरू भविष्यमा देशकै अब्बल गितारिस्ट बन्न सक्ने गितारिस्ट रोशन शर्मा बताउँछन्।

केही वर्षयता फेसनका रूप लिएको गितार क्रेजमा सहरिया किशोरहरू चुर्लुम्मै डुबेका छन्। बिस्तारै किशोरीहरूको पनि गितार मनको वह पोख्ने प्रिय माध्यम बन्दै गएको छ। अभया एन्ड दि स्टिम इन्ज्युन्सकी गायिका अभया सुब्बाको गितार क्रेज र गितार खेलाइरहेको दृश्य समेटिएको म्युजिक भिडियोको चर्चा सेलाएको छैन। निरन्तर परिश्रम गरे गितारका कडा स्ट्रिङमा कोमल औंला खेलाउने युवतीहरूको लस्कर लाग्ने दिन टाढा छैन। वर्कसपका सात किशोरीले पनि अर्की अभया बन्ने सपना साँचिसकेका छन्।


होटल तालिम त्यो पनि छुटमा
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
२००३ मा स्थापित Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
EPS मा कोरियन भाषाको तालिम
- UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
- ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG.
होस्टलको पनि व्यवस्था छ
- ६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्‍याडीसन होटल ट्रेनिङ सेन्टर
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, अक्षरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पर्नी ट्र्याफिकको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Rs. 750/- Herbal44
बेदाग गोरो मुहारको लागि
रूपअमृत + दस फेसवास-1600/-
चाउरीपना हटाउने Cream -1050/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम समाधान
शरीरको तौल + उचाई बढाउने
▶ सफल आयुर्वेदिक/प्राकृतिक उपचार ◀
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9845062538 Cell, इटहरी 025-580944

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

# तीन लाखभन्दा बढीलाई रोजगारी

रोजगार प्रवर्द्धन आयोगको एक तथ्याङ्कअनुसार हाल १५ लाख व्यक्ति पूर्ण बेरोजगार भएको र प्रत्येक वर्ष श्रमबजारमा ३ लाख ५० हजारभन्दा बढी बेरोजगार जनशक्ति थपिँदै गएको छ। यो जनशक्तिका लागि रोजगारीको कुनै अवसर सिर्जना हुन सकेको छैन। लामो समयदेखि निजामती सेवा, सार्वजनिक संस्था, संस्थान, अर्धसरकारी निकायमा पनि कर्मचारी भर्ना माग गरिएको छैन। यसैगरी उद्योगक्षेत्रमा लगानी नबढेको र भएका ठूला उद्योगहरूमा मजदुर तथा कर्मचारी हड्ताल र कच्चापदार्थको आपूर्ति आदिमा समस्या भएकाले पनि रोजगारी सिर्जना हुन सकेको छैन। माओवादी आन्दोलन एवं अस्थिर राजनैतिक वातावरणले स्वदेशभित्र लामो समयदेखि रोजगारीका अवसर सिर्जना नभएकाले बेरोजगारको भीड बढ्दै गएको छ, जसको फलस्वरूप बेरोजगार युवाहरूमा एक प्रकारको निराशा एवं आक्रोश देखिन थालेको छ ।

यसपालिको बजेटमा यो वर्षलाई रोजगारका विविध अवसर सिर्जना गर्ने वर्षका रूपमा लिइने प्रतिबद्धता व्यक्त गरिएको छ। बीबीसीसँगको एक अन्तर्वार्तामा अर्थमन्त्री डा. बाबुराम भट्टराईले २ लाख ५० हजारभन्दा बढी युवालाई यस वर्षको बजेटले रोजगारीको अवसर सिर्जना गर्ने जानकारी दिनुभएको छ। यस्तो रोजगारीको अवसर शिक्षा, कृषि, सडक र सामाजिक सेवाको क्षेत्रमा सिर्जना हुने उहाँको दाबी थियो। 'ग्रामीण पूर्वाधार-रोजगारी र उन्नतिको आधार' भन्ने नारा अघि सार्दै यस वर्षको बजेटले बेरोजगार युवाहरूलाई स्वरोजगारको अवसर उपलब्ध गराउन ५० करोडको 'युवा स्वरोजगार कोष' खडा गर्ने भएको छ। यो कार्यक्रमअन्तर्गत व्यावसायिक खेती, कृषिजन्य उद्योग वा सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न चाहने युवाहरूका लागि बैंक तथा वित्तीय संस्थाबाट सहुलियत ब्याजदरमा बिना धितो २ लाखसम्म आवधिक ऋण तथा निःशुल्क व्यावसायिक तालिम उपलब्ध गराइनेछ।

स्थानीय स्तरमा हाल सञ्चालनमा रहेका भौतिक पूर्वाधारसम्बन्धी आयोजनाहरूमा स्थानीय पूर्वाधारको विकास भै १ लाख जनताले १ सय दिनका दरले थप १ करोड श्रमदिनको रोजगारी अवसर सिर्जना हुने अनुमान गरिएको छ। यो कार्यक्रमका लागि १ अर्ब ७५ करोडको व्यवस्था गरिएको छ।

सडकले नछोएका एवं खाद्यसंकट भएका जिल्लाका क्षेत्र-उपक्षेत्रहरूमा कामका लागि खाद्यान्न कार्यक्रम सञ्चालन गरिनेछ। यो कार्यक्रममा २७ करोड ५२ लाख विनियोजन भएको छ। यसैगरी, जिल्ला विकास समितिहरूमार्फत पचहत्तरै जिल्लामा सञ्चालन हुने विभिन्न स्थानीय सडक निर्माण तथा ग्रामीण पहुँच सुधार कार्यक्रमहरूका लागि ५ अर्ब २७ करोड विनियोजन गरिएको छ। यसबाट पनि रोजगारीको अवसर सिर्जना हुने विश्वास सरकारको छ।

यसैगरी बजेटमा उल्लेख गरिएअनुसार रोजगारीलाई नागरिकको मौलिक अधिकारका रूपमा स्थापित गर्न आवश्यक कदम चालिनुका साथै मुलुकका विभिन्न स्थानमा रोजगार सूचना केन्द्रहरू स्थापना एवं बेरोजगारहरूको लगत तयार गरिने कुरा उल्लेख छ। यस्तै स्थानीय स्तरको आवश्यकता तथा राष्ट्रिय अन्तर्राष्ट्रिय श्रमबजारको माग अध्ययन गरी त्यस अनुरूप प्रतिस्पर्धा गर्न सक्ने, दक्ष एवं सीपयुक्त जनशक्तिको उत्पादनमा जोड दिइनेछ।



युएन भोलिन्टियरका लागि काठमाडौंमा आवेदन दिनेहरूको भीड ।

बजेटको सही कार्यान्वयन हुने हो भने यो वर्ष राष्ट्रिय साक्षरता स्वयंसेवक, थप शिक्षक, राजस्व चुहावट नियन्त्रण गस्ती थप, मूल्य अभिवृद्धि करको बजार अनुगमन निरीक्षक थप र युवा स्वरोजगार कार्यक्रमबाट समेत थप ६६ हजार जना शिक्षित युवाले रोजगारीको अवसर प्राप्त गर्नेछन्। त्यसैगरी, जनसहभागितामा आधारित श्रममूलक विकास कार्यक्रम, स्थानीय पूर्वाधार विकासका कार्यक्रम तथा कर्णाली अञ्चलमा सुरु गरिएको 'एक परिवार एक रोजगार' कार्यक्रमबाट थप २ लाख ७० हजार व्यक्तिले वर्षमा १ सय दिनको रोजगारी पाउनेछन्। साथै, ठूला भौतिक पूर्वाधार, औद्योगिक पूर्वाधार तथा पर्यटन पूर्वाधारमा सरकारको लगानी उच्च वृद्धि भएको र नीतिगत सुधारका कारण निजी क्षेत्रको लगानी पनि उल्लेख्य वृद्धि भै आर्थिक क्रियाकलापहरू विस्तार हुने कारणले व्यापक रूपमा रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ।

यस्तै यस वर्षको बजेट कार्यक्रममा सिरहा, महोत्तरी, सर्लाही, धनुषा र रूपन्देही जिल्लामा महेन्द्र राजमार्ग उत्तरका भूभागमा तटबन्ध, वृक्षारोपण, सार्वजनिक जग्गा संरक्षण, सामाजिक परिचालन कार्यक्रम, स-साना पूर्वाधार निर्माण तथा महिला सशक्तीकरण, जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न १ करोड ८० लाख विनियोजन गरिएको छ। अर्कातर्फ रुकुम, रोल्पा, दैलेख, बझाङ, बाजुरा, जाजरकोट, हुम्ला, जुम्ला, मुगु, कालिकोट र डोल्पा जिल्लामा ९८ वटा स-साना पूर्वाधार विकास, २ सयवटा कबुलियती वन, जडिबुटी खेती, कृषि तथा बाख्रापालन, लघुवित्त तथा बजारीकरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। यसका लागि १९ करोड ९७ लाख विनियोजन गरिएको छ। सरकारले यी कार्यक्रमबाट पनि रोजगारीको अवसर सिर्जना हुने अपेक्षा राखेको छ।

चालू बजेटले समावेशी चरित्रको आर्थिक-सामाजिक विकास हुने सेवा र अवसरहरूमा अल्पसंख्यक, तेस्रो लिङ्गी, दलित एवं पिछडिएका जनजातिहरूको पहुँच पुऱ्याउन उच्च प्राथमिकता दिने भएको छ। यस्तै, विपन्न वर्ग, महिला, दलित, जनजाति, मधेसीलगायत पछाडि पारिएका समुदायलाई प्रत्यक्ष रूपमा लाभ पुग्ने गरी मानवविकास सूचकांकका आधारमा पछाडि परेका ५५ जिल्लामा गरिबी निवारणको सघन कार्यक्रम सञ्चालन गरिनेछ, जसअन्तर्गत परम्परागत सीपको प्रवर्द्धन, आय आर्जन कार्यक्रम, सडक, पुलपुलेसा, खानेपानी, सिंचाइजस्ता सामुदायिक पूर्वाधार र शिक्षा, स्वास्थ्य, तालिमजस्ता क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न गरिबी निवारण कोषमा २ अर्ब ९७ करोड ८८ लाख ६५ हजार विनियोजन गरिएको छ। सरकारले यी कार्यक्रमबाट पनि रोजगारीको अवसर सिर्जना हुने विश्वास गरेको छ।

**निजी कम्पनी**

बजेटको बुँदा नम्बर २०६ अनुसार निजी क्षेत्रका कम्पनीहरूले प्रदान गर्ने रोजगारीका अवसरहरूमा सर्वसाधारण जनताको पहुँच वृद्धि गर्न त्यस्ता कम्पनीहरूले कर्मचारी भर्ना तथा छनौट गर्दा अनिवार्य रूपमा राष्ट्रिय स्तरका पत्रपत्रिका एवं अन्य सञ्चार माध्यममा सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ। यस्तै, बजेटको बुदा नम्बर २०७ बमोजिम बोनस ऐन बमोजिम कल्याणकारी कोषमा जम्मा भएको रकम उपयोग गरी सम्पूर्ण मजदूरहरूको निवृत्तिभरण प्रणाली सुरु गर्न आवश्यक कदम चालिनेछ। निजी तथा अनौपचारिक क्षेत्रमा मजदुरहरूको न्यूनतम ज्याला पनि पुनरावलोकन गरी समयानुकूल वृद्धि गरिनेछ।

**तालिम एवं सिप विकास कार्यक्रम**

यसैगरी, रोजगारीका लागि सीप विकास गर्न काठमाडौं, पाँचथर, धनुषा, कपिलवस्तु, हुम्ला, अछाम, उदयपुर, खोटाङ, धादिङ, गोरखा, नवलपरासी, भोजपुर, सिराहा, सिन्धुली, सर्लाही, अर्घाखाँची, म्याग्दी, रूपन्देही, डोटी, कैलाली र सप्तरीमा गरी १४ हजार २ सय जनालाई प्राविधिक तालिमसहित रोजगारी दिलाइनेछ, साथै श्रम तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गतका १३ सीप विकास तालिम केन्द्रहरूबाट ५ हजार जनालाई जनरल मेकानिक्स, विद्युत् जडान, प्लम्बिङ, केश श्रृंगार, सिलाइ-कटाइ, इलेक्ट्रोनिक्स मर्मत, मोटरसाइकल मर्मत, अटोमेकानिक्स, कम्प्युटर, वेल्डिङ, पम्पसेट मेकानिकजस्ता ६ महिने सीप विकास तालिम एवं स्थानीय स्तरको आवश्यकताअनुरूप लक्षित वर्ग तथा सहिद परिवार, जनआन्दोलनका घाइते, मधेसी, प्रवेशिका परीक्षा अनुत्तीर्ण युवा वर्गसहित १५ हजार जनालाई अल्पकालीन सीप विकास तालिम प्रदान गरिनेछ। अर्कातर्फ, अति पिछडिएका तीन हिमाली जिल्लाहरूका ३ सय व्यक्तिलाई वैदेशिक एवं युवा स्वरोजगारसम्बन्धी विशेष सीप विकास तालिम प्रदान गरी थप रोजगारीको अवसर प्रदान गरिनेछ।

**वैदेशिक रोजगार कार्यक्रम**

यसैगरी वैदेशिक रोजगारलाई बढी मर्यादित बनाइनुका साथै आकर्षक अन्तर्राष्ट्रिय श्रमबजारको खोजी गरिने र वैदेशिक रोजगारमा जाने कामदारको सुरक्षालाई ध्यान दिँदै थप मुलुकसँग श्रम सम्झौता गरिनेछ। वैदेशिक रोजगारीमा पठाउँदा सहिद तथा बेपत्ता पारिएकाहरूका परिवारजनलाई कम्तीमा १० प्रतिशत स्थान सुरक्षित गरिनेछ। वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आयलाई उपभोगमुखी खर्चमा जाने प्रवृत्ति निरुत्साहित गरी उद्योग-व्यवसाय तथा पूर्वाधार विकासमा लगानी गर्न उत्प्रेरित गर्ने नीति लागू गरिनेछ।

–भोला

# कोर्सबाहिरका पुस्तक पढ्नुका फाइदा

**विश्वमणि अधिकारी**

अधिकांश अभिभावक आफ्ना सन्तति, साथीसँगी वा आफन्तका छोराछोरीभन्दा केही विशेष र उत्कृष्ट हुन् भन्ने चाहन्छन्, तर विशेष बन्नका लागि चाहिने पूर्वाधार खडा गर्न भने मेसो पाइरहेका हुँदैनन्। आफ्ना नानीहरूलाई तिनका समकक्षीभन्दा फरक र विशेष बनाउन चाहने हो भने अभिभावकहरूले केही अतिरिक्त कार्य गर्नैपर्छ, जसमध्ये बिहान-बेलुकाको समय केही घण्टा छोराछोरीका लागि छुट्याउनु अत्यावश्यक छ भने कोर्सबाहिरका पुस्तक पढ्ने बानीको विकास गराउन सके अपेक्षित परिणाम प्राप्त गर्न सकिन्छ।

अनुभवले के देखाएको छ भने कहिलेकाहीं विद्यार्थीहरूलाई कोर्सका कुरा नपढाएर कथा वा अरू यस्तै ज्ञानगुनका कुरा भनिदिने हो भने उनीहरू साह्रै खुसी हुन्छन्। यसले विद्यार्थीहरू कोर्सबाहिरका कुरा जान्न कति लालायित रहेछन् भन्ने दर्साउँछ। यसैगरी हामीले उनीहरूलाई कोर्सबाहिरका पुस्तक पढ्ने वातावरण मिलाइदिन सकेका रहेनछौं भन्ने पनि प्रस्ट हुन्छ। कतिपय अभिभावकमा चाहिं कोर्सबाहिरका पुस्तक पढे छोराछोरी बिग्रन्छन् भन्ने भ्रम देखिन्छ तर बुझ्नु पर्ने कुरा के हो भने मानव मस्तिष्क जति प्रयोग गऱ्यो, उति चलाख बन्छ भने जति खुम्च्यायो उति नै खुम्चिन्छ। त्यसैले कोर्सबाहिरका पुस्तक पढे नियमित पढाइमा घाटा लाग्छ भन्ने कुरा सोच्नु गलत हो। यद्यपि आफ्ना नानीहरूले पढ्ने पुस्तकका बारेमा भने अभिभावकहरू सचेत बन्नैपर्छ। छोराछोरीहरू पढिरहेका छन् भनेर मख्ख पर्नुभन्दा के पढिरहेका छन् भनेर जाँच्नु असल अभिभावकको पहिचान हो।

संस्कारविनाको मानिस पशुसरह हुन्छ भन्ने भनाइ निकै घतलाग्दो छ। वास्तवमा संस्कार छैन भने जतिसुकै सुखसयलमा जन्मिएको, रमेको किन नहोस्, त्यस्ता बालबालिका भविष्यमा गएर असल मानिस बनेका घटना छँदै छैनन् भन्दा पनि हुन्छ। अर्कातर्फ गरिब होला तर संस्कार छ भने उसले मिहिनेतमार्फत् सफलताको शिखर चुमेका सयौं उदाहरण विश्वइतिहासबाट प्रस्ट हुन्छ। त्यसो त संस्कार भन्ने कुरा बाबुआमाले सिकाएका व्यवहारबाट प्राप्त गर्नु एउटा पाटो हो भने पुस्तक अध्ययनबाट समेत संस्कार प्राप्त गर्न सकिन्छ।



कलेज तथा स्कुल पढ्ने अधिकांश किशोरकिशोरी पुस्तक भनेपछि विद्यालय वा क्याम्पसमा पढ्ने पाठ्यपुस्तक मात्र सम्झन्छन्। आफ्नै कोर्सको पुस्तक त कसले पढिदियोस् भन्ने छ, अझ कोर्सबाहिरका पुस्तक कसले पढ्ला भन्ने आमउत्तर पाइन्छ। यो एकदमै गलत धारणा हो। किनकि कोर्सका पुस्तकको काम एउटा हो भने कोर्स बाहिरका पुस्तकको काम अर्को। कोर्सबाहिरका पुस्तकले मात्र एउटा व्यक्तिलाई सम्पूर्ण मानव बनाउन सक्छ। पुस्तक यस्तो वस्तु हो, जसले आफूसँग भएको ज्ञान हामीलाई त दिन्छ नै, साथसाथै व्यक्तिमा विभिन्न विचार, तर्कहरूसमेत प्रस्फुटन गराउँछ। भनिन्छ भारतको सर्वाधिक शिक्षित राज्य केरलामा क्रिकेट खेलसमेत हेरेरभन्दा पढेर मनोरञ्जन लिइन्छ। यो अध्ययन गर्ने संस्कृतिको विकासका कारण सम्भव भएको हो।

जन्म दिन वा अन्य यस्तै उत्सवमा नानाथरीका उपहार दिनुको साटो एउटा राम्रो पुस्तक उपहार दिने बानी बसालियो भने राम्रो संस्कारको विकास हुनेछ। कोर्सबाहिरका पुस्तक पढ्ने बानीको विकास गराउन अभिभावकहरूले छोराछोरीको उमेर र रुचिअनुसारको पुस्तक छनौट गर्न सक्नुपर्छ। जस्तो कि– प्राथमिक तहमा अध्ययन गर्ने नानीहरूका लागि त्यस्तै पत्रिका, बालकथा, उपन्यास उपयोगी हुन्छन् भने माध्यमिक तह र कलेजतहका विद्यार्थीहरूका लागि सफल व्यक्तिका जीवनी पढ्न लगाउनु राम्रो हुन्छ।

वीपी कोइरालादेखि महात्मा गान्धीसम्मका जीवनी, मुनामदनदेखि द गुड अर्थसम्म र माइक्रोसफ्टदेखि बाहुनडाँडासम्म केही पुस्तक मात्र पढ्न लगाइयो भने अरू पुस्तक पढ् भन्नुपर्ने अवस्था रहनेछैन। उनीहरू आफैं पुस्तकका भोका हुनेछन् र खाजा खर्च बचाएर भए पनि राम्रा र मन परेका पुस्तक खोजी-खोजी पढ्नेछन्। फेरि पछिल्ला वर्षहरूमा चोक-चोक र गल्ली-गल्लीमा खुलेका पुस्तकालयहरू पनि यस्ता भोका विद्यार्थीका लागि सहयोगी बनेका छन्।

यदि नयाँ पुस्तालाई कोर्सबाहिरका पुस्तक पढ्ने बानी विकसित गर्न उनीहरूमा अन्तरनिहित क्षमताको प्रस्फुटन त हुन्छ नै, साथसाथै खराब संगत वा अन्य यस्तै व्यवहारमा फस्ने डरबाट पनि आफ्ना सन्ततिलाई बचाउन सकिनेछ।

# करियर योजनाका लागि केही उपयोगी टिप्स



जीवनमा के गर्ने भन्ने योजना आफूलाई लामो र जटिल लागे केही सजिलो उपाय अवलम्बन गर्नु उपयुक्त हुन्छ। यसका लागि पाँच मुख्य सुझावमा ध्यान दिनु आवश्यक हुन्छ।

**आफ्नो रुचि वा चाहना** : यदि आफूलाई कुनै कार्य ज्यादै मन पर्छ। उक्त कामप्रति लगाव छ वा त्यो कार्य गर्न आनन्द आउँछ र जाँगर चल्छ भने यसबाट तपाईंको रुचि केमा छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ। यद्यपि हरेक मन पर्ने कार्य करियर बन्नुपर्छ भन्ने छैन। आफूलाई मनपर्ने कार्य पनि एउटा सीमासम्म मात्र गर्न सकिन्छ। कुनै पनि करियरको प्राथमिक लक्ष्य आर्थिक आवश्यकता पूर्ति हो भने अन्तिम लक्ष्य आत्मिक सन्तुष्टि। कुनै पनि कामलाई टाइम पास वा सौखका रूपमा लिनु करियर होइन। क्यारियर निर्माणका लागि आवश्यकताअनुसार रुचिमा पनि परिवर्तन ल्याउनुपर्छ। करियरमा आफ्नो परिवर्तित रुचि र चाहनाले विशिष्टि महत्त्व राखेको हुन्छ। किनकि रुचिपूर्वक गरिएको काम राम्रोसँग सम्पन्न गर्न सकिन्छ र आत्म सन्तुष्टि पनि प्राप्त हुन्छ।

**क्षमता र योग्यता** : निश्चित दायित्व पूरा गर्न व्यक्तिमा जिम्मेवारीअनुरूपको योग्यता र क्षमता आवश्यक हुन्छ। योग्यताका लागि शिक्षा आवश्यक भएझैं कुनै ठीक र उपयुक्त निर्णय लिने, सामयिक निर्णय लिने एवं समयमै कदम चाल्ने क्षमता आवश्यक हुन्छ। यसैले व्यक्तिले आफ्नो चाहनाअनुसारको करियर रूपरेखा तयार गर्दा आफ्नो योग्यता र क्षमतालाई पनि ध्यान दिनुपर्छ। व्यक्तिले आफूले गर्न खोजेको काम कम उमेरमै पाए व्यक्ति अघि बढ्ने र उच्च पदसम्म पुग्ने सम्भावना हुन्छ। कुनै पनि काम सानो ठूलो हुँदैन। बढ्दो जनसंख्या र प्रतिस्पर्धाका बीचमा पनि नयाँ सिर्जनात्मक सोच र क्षमताका साथ अघि बढ्दा अवश्य पनि काम पाउन सकिन्छ।

**उपयोगिता र आवश्यकताको माग** : के ध्यान दिनुपर्छ भने तपाईंको कामले कति क्षेत्र ओगटेको छ। उक्त कामको कति माग छ ? समाजमा त्यसको उपयोगिता, स्थान र आवश्यकता कति छ ? कामको परिवेश के हो ? व्यवसायबाट कति आयआर्जन गर्न सकिन्छ ? आदि। ग्रामीण भेकमा करियरको अलग क्षेत्र पनि हुन सक्छ तर सहरमा आधुनिक विकासका क्षेत्रहरू नै करियर निर्माणका क्षेत्र हुन्। सञ्चारमाध्यम, इन्जिनियरिङ, चिकित्सा, इलेक्ट्रिकल, होटल म्यानेजमेन्ट, पर्यटन, इन्टेरियर डेकोरेसन, डिजाइनिङ, मोडलिङ विज्ञापन, ब्युटिसियन, व्यापार-व्यवसाय, उत्पादन उद्योगधन्धामा विशेषज्ञता आदि क्षेत्रमा काम र नाम दुवै पाउन सकिन्छ। सरकारी जागिरको क्षेत्र बृहत्तर हुँदाहुँदै पनि यस क्षेत्रमा तीव्र प्रतिस्पर्धा पनि छ। यसका साथै दिन-प्रतिदिन सुविधा र आकर्षण घट्दै गएकाले निजी व्यवसाय वा क्षेत्र पनि करियरका लागि उपयुक्त प्रगतिमूलक तथा सुखद बाटो बन्नसक्छ।

**महत्त्वाकांक्षाको आँकलन** : कुनै महत्त्वाकांक्षा र उद्देश्य नै नभएको व्यक्ति समाजमा हुँदैन। उद्देश्यविहीन मान्छेको जीवन बाँच्नुको कुनै अर्थ पनि हुँदैन। महत्त्वाकांक्षाको अन्त्य हुनु भनेको व्यक्तिको प्रगतिको पनि अन्त्य हुनु हो। त्यसैले वर्तमान आधुनिक र प्रतिस्पर्धात्मक युगमा उच्च मनोबल र महत्त्वाकांक्षा राख्ने व्यक्ति नै प्रगतिको शिखर चढ्न सक्छ भने यथार्थ बुझ्नु आवश्यक छ। मनोविश्लेषकहरूका अनुसार महत्त्वाकांक्षी व्यक्तिले आफ्नो आर्थिक हैसियत, योग्यता र क्षमताभन्दा ठूलो सपना देख्नु हुँदैन। हैसियतभन्दा ठूलो महत्त्वाकांक्षा पूरा नहुन सक्छ। त्यसैले आफ्नो प्रतिभा, योग्यता, क्षमता तथा आर्थिक हैसियतसँग सामञ्जस्य हुने महत्त्वाकांक्षा र उद्देश्य लिएर प्रगतिको शिखर चढ्नुपर्छ।

**मानसिक एवं शारीरिक अनुकूलता** : यदि करियर व्यक्तिको मानसिक एवं शारीरिक स्वास्थ्य अनुकूल छैन भने सम्पूर्ण कुरा गौण हुन पुग्छ। आपाङ्गले पनि अनौठो काम गर्न सक्ने क्षमता राख्छ। यस दृष्टिले सवलाङ्गका लागि केही असम्भव छ भन्ने छैन तर आफ्नो स्वास्थ्य अवस्था अनुकूलको कार्यक्षेत्र रोज्दा झन् कार्य सरल र सफल हुन्छ। त्यसैले आफ्नो स्वास्थ्य अनुकूलको कार्यक्षेत्रप्रति ध्यान केन्द्रित गर्नु जरुरी छ।

**परिस्थिति र प्रियजन** : आफ्नो काममा परिवार, सामाजिक परिवेश र मित्रले कत्तिको सहयोग पुऱ्याउन सक्छन् ? कत्तिको जानकारी उपलब्ध गराउन सक्छन् ? विचार पुऱ्याउनुपर्छ। पुँजी जुटाउने, जानकारी उपलब्ध गराउने, सरसल्लाह उपलब्ध गराउनेलगायत अन्य कुरामा पनि परिवार र साथीभाइको सहयोग आवश्यक हुने भएकाले उनीहरूको भूमिकालाई महत्त्व दिनुपर्छ। ठूलो डिग्री हासिल गरेपछि एकैपटक ठूलै पद पाइन्छ भन्ने हुँदैन। त्यसैले सबैतिरबाट परिस्थितिलाई अनुकूल बनाउन सकरात्मक सोच एवं दृढ अठोट लिएर अघि बढ्नुपर्छ।

# करियर र वास्तु

सफल करियर एवं सुन्दर भविष्यको चाहना सबैमा हुन्छ। राम्रो करियरले व्यक्तिलाई आजीवन सामाजिक प्रतिष्ठा तथा आर्थिक समृद्धि प्रदान गर्छ। यदि तपाईं पनि आफ्नो करियर बनाउने पक्षमा हुनुहुन्छ भने निरन्तर सकारात्मक ऊर्जा उत्पन्न भैरहनु आवश्यक छ। सुखद् भविष्यका लागि प्रयत्नशील हुने तथा राम्रो करियरको खोजी हरेक व्यक्तिले गरेको हुन्छ।

- आफ्नो वरिपरिको वातावरणलाई सजीव एवं सकारात्मक राख्ने प्रयास गर्नुहोस्। आफू बस्ने ठाउँ, स्टडी टेबल, लिभिङ रुम एवं बेडरुमभित्र तथा वरिपरिको स्थानलाई सफा राख्नुहोस्।
- विदेश गएर आफ्नो सुन्दर भविष्यको खोजी गर्न इच्छुक हुनेहरूले आफ्नो स्टडी टेबलमा एउटा ग्लोब वा दक्षिण दिशातर्फको भित्तामा विश्वमानचित्र राख्नु राम्रो हुन्छ। यसका अतिरिक्त सेलिङ बोट, समुद्री जहाज वा वायुयानको पोस्टरलाई उत्तर दिशाको भित्तामा सजाउन सकिन्छ। करियरको प्रतीक मानिने उत्तर दिशालाई सधैं सफा-सुग्घर राख्नुहोस्।
- आफ्नो स्टडी रुमको टेबल ताजा फूलले सजाउनु राम्रो हुन्छ। यसले अध्ययनप्रतिको रुचिलाई जागृत गराउँछ। घरमा सुकेको वा ओइलिएको फूल राख्नु उपयुक्त हुँदैन।
- आफ्नो कोठामा मन प्रसन्न एवं शान्ति प्रदान गर्ने सुगन्ध, रुम फ्रेसनर, अगरबत्ती, एरोमेटिक क्यान्डल आदि प्रयोग गर्नुपर्छ। यसका लागि रजनीगन्धा वा चमेली फूलको गमला पनि प्रयोग गर्न सकिन्छ।



- आफ्नो कोठाबाहिर वा बालकोनीतिर राम्रो खालको फूल वा इन्डोर प्लान्टको गमला राख्नु उपयुक्त हुन्छ। क्याक्टस वा बोनसाईको प्रयोग भने उचित मानिँदैन।
- आफू सुत्ने कोठामा कुनै पनि बोट-बिरुवा राख्नु राम्रो मानिँदैन। यस्ता बोट-बिरुवाले राति कार्बनडाइ अक्साइड फ्याँक्ने हुँदा स्वास्थ्यमा नकारात्मक असर पर्छ।
- आफ्नो कोठाबाहिर पूर्वोत्तर दिशातर्फ पानी भरिएको घैला, पन्छीलाई जल पिउने व्यवस्था गरिएको जलपात्र वा सानो खालको फाउन्टेनको प्रयोग उचित मानिन्छ।
- आफ्नो व्यवहारलाई सकारात्मक बनाउन क्रिस्टल वा रोज क्वार्ट्सको रक वा सोपिस कोठाको पूर्वोत्तर ईशान कोणमा राख्नु उपयुक्त हुन्छ।
- कोठाको सजावटका लागि प्रयोग गरिने आर्टिफिसियल क्रिस्टल, बेल्जियम ग्लास वा प्रिज्म आदि पारदर्शी सोपिसेजले निर्माणकारी सोच बढाउन योगदान पुऱ्याउँछ।
- बुक सेल्फमा पुराना काम नलाग्ने पुस्तक, पुराना अखबार, प्रयोग नहुने पेन वा यस्तै अन्य काम नलाग्ने सर-सामानहरू राख्नु हुँदैन।
- अध्ययनको बीचबीचमा बरन्डा, बाल्कोनी वा छतमा केही समय टहल्नु राम्रो हुन्छ। यसले टाढासम्म फैलिएको क्षितिजप्रति सकारात्मक दृष्टिकोण उत्पन्न गर्छ। जसले व्यक्तिमा नयाँ आशाको सञ्चार हुन्छ।
- प्रतिभा एवं योग्यता वृद्धि गर्न अध्ययन, पठन-पाठन आदि क्रियाकलाप सधैं पूर्व वा उत्तर दिशातर्फ फर्किएर गर्नुपर्छ।
- सफलताको सम्भावनाका लागि चिन्तन-मनन गर्ने सर्वोत्तम समय प्रातःकाल नै हो।

## अध्ययनका लागि उपयुक्त

# घर कि डेरा ?



**हरिहर शर्मा**

रमेश शर्मा, मेरा साथीका साथी। कलङ्कीमा घर थियो, बबरमहलमा डेरा लिएर पढे र शाखा अधिकृत उत्तीर्ण गरे। अध्ययनका लागि एकान्त स्थानको वकालत गर्नेहरूको कमी छैन। अझ घरदेखि टाढाको एकान्तमा संघर्षले छिटो गन्तव्य भेट्टाउने कुरामा धेरैले विश्वास गर्छन्। के साँच्चै हाम्रो आफ्नै घर पनि प्रगतिका लागि बाधक बन्न सक्छ ? घरमा बसेर परिवारमाझ रमेर सफलता प्राप्त गर्न सकिँदैन।

**अध्ययनका लागि घर**

घर हाम्रो पहिलो पाठशाला हो। विद्यालय जानुपूर्व र विद्यालयमा विरलै सिकिने थुप्रै जीवनोपयोगी कुराहरू हामी घरमा सिक्छौं। हाम्रो जीवनको धेरैजसो समय घरमै बित्छ। घरले हामी काँचो छँदा हामीलाई उपयुक्त आकार र आयाम दिन भूमिका खेल्छ। यसर्थ घर हाम्रो अभिभावक हो, भरोसाको मन्दिर हो, तर यही घर, यसभित्रका जटिलताहरू तथा यससँग गाँसिएका मायामोहहरूले कहिलेकाहीं हामीलाई बाटो विराउन प्रेरित गर्न गर्छ, यो पनि एक यथार्थ हो।

**घरमा बसेर अध्ययन गर्दाका फाइदाहरू**

- अनुकूल वातावरण प्राप्त हुन्छ वा तयार पार्न सकिन्छ।
- अध्ययनमा धेरै समय दिन सकिन्छ। घरभित्रका र घरबाहिरका अन्य कार्यरूमा सधैं आफू मात्र सहभागी भैरहनुपर्दैन।
- अध्ययनका क्रममा वा अन्य कुनै पनि सिलसिलामा आइपरेका समस्याहरूको सामूहिक निदान गर्न सकिन्छ।
- कामविशेषले अबेरसम्म बाहिर बस्नुपर्दा पनि खासै समस्या हुँदैन। कुनै निर्णयमा पुग्नुपूर्व सबैको सरसल्लाहबाट उपयुक्त कदम चाल्न सकिन्छ।

**घरमा बसेर अध्ययन गर्दाका बेफाइदाहरू**

- एकोहोरो अध्ययनतिर मात्र लागिरहन नमिल्न सक्छ।
- परिवारका अन्य सदस्यहरूलाई पनि समय दिनुपर्ने हुन्छ।
- स्वाभाविक रूपमा हुने/आउने पारिवारिक जटिलता, गुनासा तथा आरोप-प्रत्यारोपमा समय र मस्तिष्क खर्च हुन्छ।
- पारिवारिक द्वन्द्व र मनमुटावबाट विरक्ति जाग्नसक्छ।
- घरका अन्य समस्याले आफूलाई पनि पिरोल्न सक्छ।

**अध्ययनका लागि डेरा**

डेरा कुनै अलौकिक संसार होइन। डेरा पनि घर नै हो। फरक यतिमात्र हो कि डेरा आफन्तहरूबाट टाढाको एकल जीवन हो। डेरा हाम्रो नियमित बसाइ वा स्वाभाविक वासस्थान होइन। कुनै खास काम विशेष पर्दा विशेष लक्ष्य र स्वार्थसिद्धिका लागि डेरा जीवन आत्मसात् गरिन्छ। यसर्थ डेरालाई विशेष लक्ष्यप्राप्तिको मिसन मान्न सकिन्छ।

उपयुक्त थलो भए पनि लक्ष्यप्राप्तिका लागि डेरा आफैंमा पूर्ण भने छैन। यसका पनि केही सीमितताहरू छन्। घरजस्तो डेरा कहाँ भन्ने भनाइ पनि त्यत्तिकै आएको हैन।

**डेरामा बसेर अध्ययन गर्दाका फाइदा**

- लक्ष्यप्रति एकसुरो भै सक्रिय हुन सकिन्छ। मस्तिष्क दसतिर विभाजित हुन पाउँदैन।
- आफ्ना नातेदार वा बाहिरी संसारको सम्पर्क र खैलाबैला हुँदैन।
- दिनचर्या, खानपिन, उठबस नितान्त व्यक्तिगत हुन्छ, कसैको दबाब र हस्तक्षेप हुँदैन। व्यक्ति स्वतन्त्र हुन्छ।

**डेरामा बसेर अध्ययन गर्दाका बेफाइदा**

- कुनै समस्या आइपर्दा त्यसको सामना गर्न कठिनाइ हुनसक्छ।
- घरको, आफन्तको सम्झनाले सताउन सक्छ। सम्पूर्ण काम आफैं गर्नुपर्दा समय धेरै खर्च हुन्छ।
- मार्गदर्शन गरिदिने आफन्तको अभावमा बाटो बिराउने सम्भावना प्रवल हुन्छ।

अध्ययनका लागि घर वा डेरा कुन उपयुक्त छ भन्ने कुरा व्यक्तिको व्यक्तिगत आचरण, आनीबानी, पारिवारिक (वैवाहिक स्थिति) र आर्थिक जीवन (आम्दानी) मा भर पर्छ। सारमा भन्नुपर्दा विद्यार्थी जीवनको नियमित अध्ययनका लागि घरलाई उपयुक्त मान्न सकिन्छ भने उच्च शिक्षा र प्रतिस्पर्धात्मक अध्ययन (जस्तो लोक सेवा आयोगको परीक्षा) का लागि डेरालाई उपयुक्त स्थान मान्न सकिन्छ। यद्यपि सफलताका लागि स्थानविशेषको मात्र भूमिका हुँदैन, व्यक्तिको मिहिनेत, धैर्य एवं निरन्तर अभ्यासले सफलतालाई सुनिश्चित गर्छ।

# सन् २००८ का नोबेल पुरस्कार विजेताहरू

स्वीडेनको राजधानी स्टकहोमस्थित नोबेल पुरस्कार एकेडेमीले सन् २००८ का लागि भौतिकशास्त्र, रसायनशास्त्र, चिकित्साशास्त्र तथा साहित्यका लागि नोबेल पुरस्कारको घोषणा गरेको छ। त्यसैगरी नर्वेको राजधानी ओस्लोमा रहेको नोबेल शान्ति पुरस्कार एकेडेमीले पनि सन् २००८ का लागि नोबेल शान्ति पुरस्कारको घोषणा गरेको छ। पुरस्कार विजेताहरूलाई आगामी १० डिसेम्बरमा छुट्टाछुट्टै समारोह आयोजित गरी उक्त पुरस्कार प्रदान गरिनेछ।

## चिकित्साशास्त्र

चिकित्साशास्त्रतर्फको नोबेल पुरस्कार एक जर्मन हेराल्ड जुर होसेन र दुई फ्रान्सेली अनुसन्धानकर्ता फ्रान्कोइज बार सिनोसी तथा लुक मोन्टाग्नियरलाई संयुक्त रूपमा प्रदान गरिएको छ। फ्रान्कोइज बार सिनोसी तथा लुक मोन्टाग्नियरले एचआईभी एड्सको भाइरसबारे खोज गरेका थिए भने हेराल्ड जुर होसेनले महिलाको पाठेघरमा हुने एक प्रकारको







सर्भाइकल क्यान्सर (जुन एड्ससँग पनि सम्बन्धित हुन्छ) को कारक तत्त्व मानिने हयुमन पापिलोमा भाइरस (एचपीभी) पत्ता लगाएकी हुन्।

फ्रान्सेली वैज्ञानिकद्वयले एड्स भाइरसको खोजी गरी त्यसलाई रोक्न सहयोग गर्ने विधिसमेत पत्ता लगाएका छन्। त्यसैगरी हेराल्ड जुर होसेनले महिलामा हुने सर्भाइकल क्यान्सरको ९९ दशमलव ७ प्रतिशत कारण एचपीभी भएको अनुसन्धानबाट पत्ता लगाएकी हुन्। यसैगरी अर्का विजेता जर्मन वैज्ञानिक होसेनले महिलाको मुख्य शत्रु मानिने पाठेघरको क्यान्सरका सम्बन्धमा खोज गरेकी छिन्। उनले गरेको अध्ययनले एचपीभीका सम्बन्धमा बुझ्न र यसविरुद्ध खोप तयार पार्न सहयोग पुग्ने बताइन्छ।

## भौतिक शास्त्र



भौतिक शास्त्रतर्फको नोबेल पुरस्कार दुई जना जापानी वैज्ञानिक तथा एक जना अमेरिकी वैज्ञानिकलाई प्रदान गरिएको छ। जापानी वैज्ञानिकद्वय माकोतो कोबायाशी र तोसिहिदे मासकावा तथा अमेरिकी नागरिक योचिरो नाम्बुलाई संयुक्त रूपमा प्रदान गरिएको छ। जापानमा जन्मिएका अमेरिकी नागरिक योचिरो नाम्बु, शिकागो विश्वविद्यालयमा प्रध्यापनरत छन्। उनीहरूलाई ओरिजिन अफ द ब्रोकेन समिटरी




हवीच प्रेडिक्ट्स द एक्जीस्टेन्ट अफ लीस्ट थ्री फैमलिजी अफ क्वारक्स इन नेचर भन्ने खोजका लागि प्रदान गरिएको हो। पुरस्कृत वैज्ञानिकले ब्रह्माण्डमा रहेको अति सूक्ष्म पदार्थभित्रको प्रकृतिको नयाँ खोज गरेका छन्। उनीहरूको खोज जति सूक्ष्म छ, त्यसको महत्त्व त्यति नै अद्वितीय रहेको नोबेल एकेडेमीले विश्लेषण गरेको छ।

यी वैज्ञानिकहरूले एउटा सूक्ष्म पदार्थभित्र निरन्तर चल्ने प्रक्रियामा संलग्न तत्त्वहरू कसरी एक-अर्काबाट छुटिन्छन् भन्ने विधिको खोज गरेका हुन्। माकोतो कोवायासी र तोसिहिदे मासकावाले त्यस्ता तत्त्वहरूको



तीनवटा पारिवारिक जीवनचक्र र त्यसभित्र रहेका सबैभन्दा सूक्ष्म पदार्थ कर्वाक नामक तत्त्वको खोज गरेका छन्। वैज्ञानिकहरूका अनुसार कर्वाक न्युट्रोन र प्रोटोनभित्रको पनि सबभन्दा सूक्ष्म अंश हो, जसबाट अणुहरूको निर्माण हुन्छ। वैज्ञानिकहरूका अनुसार कर्वाकको खोजले भौतिक शास्त्रमा नयाँ अध्याय थपिएको छ। वैज्ञानिक नाम्बुले कर्वाकसम्बन्धी गणितीय सूत्रको विकास गरेका छन्। नाम्बुको यो सूत्रले स्वीट्जरल्यान्डको सर्न प्रयोगशालामा ब्रह्माण्डको विकास, पदार्थको निर्माणसम्बन्धी महाखोजलाई पनि सघाउ पुग्ने विश्वास गरिएको छ।


## रसायनशास्त्र



रसायनशास्त्रतर्फको नोबेल पुरस्कार दुई जना अमेरिकी मार्टिन चाल्फी र रोजर सेन एवं एक जना जापानमा जन्मिएका वैज्ञानिक ओसामु सिमोमुरालाई प्रदान गरिएको छ। वैज्ञानिक त्रयलाई समुद्रको गहिराइभित्र पाइने एक प्रकारको जूनजस्तै चम्किरहने माछा जेली फिसको अनुवंश र टिस्युको अनुसन्धान गरेबापत उक्त पुरस्कार प्रदान गरिएको हो। उनीहरूले जेली फिसको शरीरभित्र रहेको टिस्युभित्रको एक प्रकारको प्रोटिनका कारण नीलो रङ्गको अल्ट्राभ्वाइलेट प्रकाश छाड्ने गरेको रहस्य पत्ता लगाएका हुन्।

वैज्ञानिकहरूले जेली फिसभित्र चम्किरहने टिस्युभित्रका त्यस्तो अनुवंश पत्ता लगाएका छन्, जुन अनुवंश प्रत्यारोपण गर्दा पनि उस्तै चम्किन्छ र त्यस्तो अनुवंश





ल्याबोरेटरीमा पनि उत्पादन गर्न सकिन्छ। वैज्ञानिकत्रयले पत्ता लगाएको यो विधिलाई अहिले थुप्रै वैज्ञानिकले बायोलोजिकल सिस्टममा व्यावहारिक प्रयोगमा ल्याएका छन्। यो खोजले कसरी मस्तिष्कका सेलहरूको विकास हुन्छ र टिस्युमार्फत कसरी क्यान्सरका सेलहरू फैलन्छन् भन्ने प्रक्रिया जान्न मद्दत पुग्नेछ।

# सल्लाको चोपले मोटरसाइकल चल्यो

**माधव अर्याल**

पाल्पा– सल्लाको चोप अर्थात् खोटोलाई स्थानीय रक्सी बनाउने स्टिमबाट तेल निकालेर यहाँका एक युवकले आइतवार मोटरसाइकल चलाएका छन्। पाल्पा जरेपीपलका केशव कार्कीले सल्लाको खोटोबाट मोटरसाइकल चलाएका हुन्।

यसअघि उनले सजीवनको बियाँलाई तोरी पेल्ने मिलमा पेलेर निकालेको तेलबाट गाडी चलाएर नाम कमाएका थिए। गाउँघरको वन एवं सामुदायिक वनमा जतासुकै उपलब्ध हुने सल्लाको खोटोबाटै उनले सफलता पाएका हुन्। खोटोबाट स्टोभ र टुकी पनि बल्दा गाउँलेहरू दंग परेका छन्। देशभर पेट्रोलियम पदार्थको संकट परेका बेला कार्कीको यो प्रयासले सबै मोटरसाइकल चालकलाई खुसी तुल्याएको छ। यसको प्लान्ट मेसिन ल्याउन रकम अपुग हुने तर पाल्पा झुम्सास्थित तेजपातको तेल निकाल्ने मेसिनले काम गर्ने हुँदा यसैलाई प्रयोग गरेर भए पनि ठूलो परिमाणमा तेल निकाल्ने योजना उनको छ।

कार्कीले भैरवदर्शन सजीवन ऊर्जा प्रवर्द्धन नेपाल नामक संस्था दर्ता गरेर यसैमार्फत काम अघि बढाएका छन्। 'कता-कता सुनेको थिएँ, सल्लाको खोटोबाट पनि ऊर्जा निस्कन्छ,' कार्कीले भने– 'त्यसैले परिक्षण गर्दै जाँदा घरेलु प्रविधिबाट सफलता पाएँ,' उनले प्लान्ट मेसिनका बारेमा पनि सोच बनाइसकेका छन्।

कार्कीले आफ्नो तथा रामबहादुर राउतको मोटरसाइकलमा खोटोबाट निकालिएको तेल हालेर तानसेन बसपार्कबाट बजार परिक्रमा गर्दै बतासे डाँडासम्मको १० किलोमिटर यात्रा गरेका थिए। घरेलु मदिरा बनाउने प्रविधिबाट बनाइएको भए पनि राम्रै तेल निस्किएको संस्थाका रामबहादुर राउतले बताए। सल्लाको खोटोबाट निकालेको तेललाई मोटरसाइकलमा राखेर परिक्षण गरिएको हो। 'मोटरसाइकलको सबै पुरानो पेट्रोल बाहिर निकालियो,' सल्लाको खोटोबाट निस्किएको




तेलबाट मात्र मोटरसाइकल चलेको उल्लेख गर्दै कार्कीले भने– 'पूरै खाली गरेर करिब एक लिटर हाली परिक्षण गरिएको हो।' एक लिटर तेलले ४० किलोमिटरको माइलेज दिन सक्ने अनुमान गरिएको छ।

बास्नासमेत सल्लाको खोटोको जस्तो आयो भने प्रदूषणमा समेत कमी आएको जिल्ला टाफिक प्रहरी प्रमुख हुमानन्द खनालले बताए। 'मोटरसाइकल स्टार्ट गर्दा पहिले त हुँदैन कि भन्ने पनि भयो, तर मोटरसाइकल दौडिएपछि सबै खुसी भए,' –भरत खड्कीले भने।

सल्लाको खोटो प्रतिकिलो ६ रुपैयाँमा पाइन्छ। यसमा १३ प्रतिशत कर तिर्नुपर्ने हुन्छ। सामुदायिक वनहरूले अहिले खोटो निकासी गर्दै आएका छन्। जिल्ला वन कार्यालयले पनि यसलाई सहयोग गर्ने हो भने पक्कै पनि पेट्रोल गाउँमै निस्कने आशा जागेको स्थानीय बासिन्दाको छ। गाउँ-गाउँमा महँगो मट्टीतेल बाल्नुभन्दा यसैलाई मदिरा बनाएजस्तै गरी स्टिम गरेर निकाल्ने हो भने यो वैकल्पिक ऊर्जा हुने मदनपोखराका माधव बस्यालले बताए। बस्यालका अनुसार यसलाई गाउँ-गाउँमा टुकी बाल्न मात्र होइन, खाना पकाउन पनि प्रयोग गर्न सकिन्छ।

## साहित्य



यस वर्षको साहित्यतर्फको नोबेल पुरस्कार फ्रान्सेली उपन्यासकार जीन म्यारी गुस्ताभ ली क्लेजियोलाई प्रदान गरिएको छ। उनलाई जीवनभरि अन्तर्राष्ट्रिय स्तरको कृति रचना गरेबापत नोबेल एकेडेमीले पुरस्कृत गरेको हो। स्वीडिस एकेडेमीले गुस्ताभ ली क्लेजियोलाई साहित्यक्षेत्रमा नयाँ यात्रा सुरु गर्ने साहसी कवि र साहित्यबाट मनमा मिठासयुक्त खुसी दिने साहित्यकारको उपमा दिएको छ। उनलाई आधुनिक सभ्यताभित्र र सभ्यताबाहिर पनि मानवीयताको खोजी गर्ने साहित्यकारका रूपमा विश्लेषण गरिएको छ। नोबेल एकेडेमीले सन् १९८० मा पहिलो पटक लेखिएको डेजर्ट नामक उपन्यासको प्रशंसा गरेको छ, जुन उपन्यासले उत्तर अमेरिकाको मरुभूमिका बासिन्दाको गुमेको संस्कृति र परम्पराको अति महत्त्वपूर्ण तस्बिरलाई उपन्यासमार्फत जीवन्त रूपमा उतारेको छ। क्लेजियो बालसाहित्यमा पनि कलम चलाउने सिद्धहस्त लेखक मानिन्छन्। लुलाबी (सन् १९८०) र बालाबील्यु (सन् १९८५) बालसाहित्यसम्बन्धी क्लेजियोका महत्त्वपूर्ण कृति हुन्।

## अर्थशास्त्र

यस वर्षको अर्थशास्त्रतर्फको नोबेल पुरस्कार ५५ वर्षीय अमेरिकी अर्थशास्त्री पल क्रुगम्यानले पाएका छन्। अर्थशास्त्री पल क्रुगम्यानले खुल्ला व्यापारका विविध तह तथा आर्थिक गतिविधिका विन्दुहरूका सम्बन्धमा गरेको विश्लेषणका लागि यो पुरस्कार प्रदान गरिएको नोबेल एकेडेमीले जनाएको छ। पल क्रुगम्यानले आफूले प्रतिपादन गरेको नयाँ सिद्धान्तमा व्यापार गतिविधि कुनकुन स्थानबाट सुरु हुन्छ भने सम्बन्धमा गहिरो विश्लेषण गरेका छन्।

नोबेल एकेडेमीले पल क्रुगम्यानले प्रतिपादन गरेका अर्थशास्त्रसम्बन्धी नयाँ सिद्धान्तले स्वतन्त्र विश्वव्यापार, भूमण्डलीकरण र संसारभरि नै द्रुत रूपमा अघि बढिरहेको सहरीकरणलाई विश्लेषण गर्न तथा देखा परेका समस्या समाधान गर्न मद्दत मिल्ने विश्वास गरेको छ। पल क्रुगम्यान अमेरिकाको न्युजर्सीस्थित प्रिन्सटन विश्वविद्यालयको अर्थशास्त्र तथा अन्तर्राष्ट्रिय मामिला विषयका प्राध्यापक हुन्। क्रुगम्यानको सैद्धान्तिक विश्लेषणमा संसारभरि नै व्यापारिक सामग्रीहरूको उत्पादन अहिलेको तुलनामा अति नै सस्तो, व्यापक परिमाणमा र श्रृंखलाबद्ध उत्पादन गर्न सकिने सूत्र पनि प्रस्तुत गरिएको छ।

## शान्ति



यस वर्षको शान्तितर्फको नोबेल पुरस्कार फिनल्यान्डका पूर्व राष्ट्रपति मार्टी अहतिसारीलाई प्रदान गरिएको छ। अहतिसारीले तीन दशकसम्म विभिन्न मुलकमा चलेको विवाद र संघर्षको निराकरणका लागि खेलेको भूमिकाका लागि यस वर्षको शान्ति नोबेल पुरस्कार प्रदान गरिएको छ।

प्राध्यापन पेसाबाट सार्वजनिक जीवन सुरु गरेका अहतिसारीले सन् २००५-२००७ सम्म सर्बिया, कासोभो विवाद समाधान गर्न राष्ट्रसंघीय विशेष दूतका रूपमा काम गरेका थिए। सन् २००५ मा आफ्नै संस्था क्राइसिस म्यानेजमेन्ट इनिसिएटिभसँग मिलेर इन्डोनेसियाको विवादग्रस्त आचेह प्रान्तमा सरकार र विद्रोहीबीच विवादको शान्तिपूर्ण समाधान गरेकाले उनलाई विशेष रूपमा सम्झने गरिएको छ। मार्टीले नामिबियाको राष्ट्रिय स्वाधीनताका लागिसमेत उल्लेखनीय भूमिका खेलेका थिए।

# कलाकर्मीको मनमुटाव कति कति



सहकर्मी कृष्ण चापागाईं विरुद्ध निर्देशक नरेश पौडेलले प्रहरी गुहारे। झगडाको विषय जे सुकै होस् तर अहिले उनीहरू एक-अर्काको विरुद्ध खनिएका छन्। आफू साधु बन्नका लागि तर्क जे जस्तो गरे पनि अहिले उनीहरूबीच शत्रुता बढेको कुराबाट चलचित्रकर्मीहरू अनभिज्ञ छैनन्। यो घटना हुनुअघि उनीहरूको सम्बन्ध निकै राम्रो भएको पनि जगजाहेर छ। यतिसम्म कि निर्देशक पौडेल र चापागाईंले एउटै अफिसमा बसेर धेरै मिटिङ सम्पन्न गरेका छन्। चलचित्र बनाउने विषयमासमेत उनीहरूको राम्रैसँग सल्लाह हुने गरेको थियो।

चलचित्रकर्ममा सम्बन्ध स्थापना हुनु र बिग्रनुलाई सामान्य रूपमा लिनुपर्ने हुन्छ। यो क्षेत्रमा आएपछि कसै न कसैबीच सामान्य

## सम्बन्ध बिगारेका चलचित्रकर्मी

| | |
|---|---|
| निखिल उप्रेती - | रेखा थापा |
| निखिल उप्रेती - | राजेन्द्र खड्की |
| भुवन केसी - | अनिष कोइराला |
| युवराज लामा - | उद्धव पौडेल |
| युवराज लामा - | अशोक शर्मा |
| अशोक शर्मा - | राजकुमार राई |
| नरेश पौडेल - | कृष्ण चापागाईं |
| केपी पाठक - | राजकुमार राई |
| निखल उप्रेती - | सुनिल मानन्धर |
| सोभित बस्नेत - | रेजिना उप्रेती |
| नरेश पौडेल - | रेखा थापा |



विषयमै शत्रुता भैहाल्छ। केही समय एउटै चलचित्रमा काम गर्दै आएका नायिका रेखा थापा र नायक निखिल उप्रेतीको अहिले बोलचाल छैन। काम गर्ने क्रममा विवाद भएपछि उनीहरूको बोलचाल मात्र बन्द भएन दुवैले एउटै चलचित्रमा काम नगर्ने घोषणा समेत गरे। अहिले सार्वजनिक कार्यक्रममा भेट हुँदा समेत उनीहरू बोल्दैनन्। निखिलको रेखालगायत अन्य कलाकर्मीसँग पनि सम्बन्ध राम्रो छैन। द्वन्द्व निर्देशक राजेन्द्र खड्गी, निर्माता सुनिल मानन्धर तथा निर्देशक कृष्ण चापागाईंसँग पनि निखिलको विवाद परिसकेको छ।

एक समय निर्देशक सोभित बस्नेत तथा नायिका रेजिनाको सम्बन्ध सुमधुर थियो। सोभितले निर्देशन गर्ने प्रायः चलचित्रमा मुख्य भूमिका रेजिनाले नै निर्वाह गर्थिन्। आफ्नो चलचित्रमा मात्र नभै अरूको चलचित्रमा समेत 'रेजिनालाई लिनुस् राम्रो गर्छे' भन्थे सोभित। अहिले उनीहरू पनि एक अर्कालाई शत्रु मान्छन्। यतिसम्म कि रेजिनाले त सोभितमाथि एकसाँझ आक्रमण नै गरेकी थिइन्। अहिले उनीहरू एक-अर्काको नाम समेत सुन्न चाहँदैनन्।

रेखा थापा र नरेश पौडेलको पनि त्यस्तै राम्रो सम्बन्ध थियो। पौडेलकै सहयोगले नायिका बन्ने सौभाग्य पाएकी रेखाको पनि अहिले निर्देशक पौडेलकहाँ आउजाउ छैन। पौडेल पनि के कम उनी पनि रेखालाई वास्ता गर्दैनन्। बरु उनी रेखा जस्तै



दमदार हिरोइन जन्माउने प्रयासमा छन्। कलाकर्मीको सम्बन्ध बिग्रनुलाई निर्देशक पौडेल सामान्य रूपमा लिन्छन्, पौडेल भन्छन्- 'जो सुकैको सम्बन्ध सधैं राम्रो हुन्छ भन्ने छैन।'

एकताका युवराज लामा र अशोक शर्माको असाध्य मिलेमतो थियो। यतिसम्म कि सार्वजनिक कार्यक्रममा भाषण गर्ने कुरामा समेत उनीहरू के बोल्ने भनेर सल्लाह गर्थे, तर अहिले सार्वजनिक कार्यक्रममै एक-अर्काको खेदो खन्न गर्न थालेका छन्। कतिपटक त सार्वजनिक



मञ्चबाटै शर्मा र लामाले एक-अर्कालाई गाली गरेका छन्। लामै समयसम्म शत्रुता साँधेका उद्धव पौडेल र लामाबीच भने अहिले सम्बन्ध सुध्रिएको छ तर यो सुधारोन्मुख सम्बन्धले निरन्तरता पाउने हो कि होइन हेर्न बाँकी नै छ।

पछिल्लो समय धेरैसँग सम्बन्ध बिगार्ने कलाकारका रूपमा चिनिन्छन्- अशोक शर्मा। लामासँग सम्बन्ध बिग्रिए लगत्तै शर्माको अर्का निर्माता राजकुमार राईसँग पनि पानी बाराबारको स्थिति छ। राईले शर्माकै समानान्तर संस्था 'नेपाल राष्ट्रिय चलचित्र निर्माता संघ' खोलेपछि उनीहरू यो स्थितिमा आएका हुन्। सार्वजनिक कार्यक्रममा भेट हुँदा औपचारिकताका लागि हात मिलाए पनि यिनीहरूको बोलचाल छैन। त्यसो त निर्माता राई तथा निर्देशक समाजका अध्यक्ष केपी पाठकको पनि सम्बन्ध चिसै छ, एकताका हातमा हात मिलाएर हिंडेका राई र पाठक अहिले एक-अर्कालाई आफूले गरेको कार्यक्रमको निम्तो समेत दिंदैनन्। अहिले राम्रो सम्बन्ध भएजस्तो देखिन्छ निर्देशक श्याम भट्टराई र अशोक शर्माको तर तिनै शर्माले एक वर्षअघि निर्देशक भट्टराईलाई गद्दार घोषणा गरेका थिए।



# काम लागेन नक्कल



नेपाली चलचित्र उद्योगमा सबैभन्दा सजिलो काम हो नक्कल गर्नु, स्क्रिप्ट लेखकदेखि निर्देशकसम्मले नक्कललाई आफ्नो मूल कर्म बनाउँदै आएका छन्। यस क्रममा केही सफल भए भने कतिपय नमज्जासँग डुब्ने पनि छन्। परिणाम जेसुकै होस्, नक्कलमा रमाउनेहरूको संख्या बढ्दो छ। पछिल्लो समय एक जना नायकले आफूभन्दा अग्रजले जे गर्थे ठ्याक्कै त्यही गरेका छन्। आजसम्मको स्थितिलाई हेर्दा लाग्छ उनले अपनाएको यो शैलीले उनको क्यारियरमा सकारात्मक असर पटक्कै पार्दैन।

नक्कलको सिकार भएका नायक हुन्– विराज भट्ट। चलेपछि ठूलोजस्तो देखिनुपर्छ भन्ने मान्यताकै कारण भट्ट अहिले निर्माताहरूबीचमा विवादास्पद हुन थालेका छन्। चलचित्र उद्योगमा संलग्नहरूका अनुसार अहिले विराज दुई वर्षअघिका निखिलजस्तै भएका छन्। कस्ता थिए त तीन वर्षअघिका निखिल ?

दुई वर्षअघि निखिल जुन चलचित्रमा काम गर्थे त्यसमा उनको सिफारिसमा एक जना नायिकाले काम पाउनैपर्थ्यो। जोसुकैसँग काम गरे पनि काम सकेपछि त्यो निर्मातासँग उनी राम्रो व्यवहार गर्दैनथे। केही प्राविधिकसँगसमेत यस्तै खालको असमझदारी उत्पन्न भएको थियो निखिलको।

अहिले विराजको पारा त्यही छ, आफूले काम गर्नुपर्ने भएपछि त्यो फिल्मका लागि नयाँ नायिका जेनिषा केसीको सिफरिस गरिहाल्छन् र काम सक्ने बेलातिर निर्माताका सामु फुर्ती देखाउन पनि पछि पर्दैनन्। उनको यही व्यवहारका कारण पछिल्लो पटक एउटा चलचित्रबाट विराजले हात धुनुपरेको छ भने उनलाई काम गराउने सोचमा रहेका अरू केही निर्माता पनि विकल्पको खोजीमा रहेको बताइन्छ। यो फिल्म उद्योग न हो, विराज गए जाऊन्, निर्मातालाई केको चिन्ता ?



# चर्चा उषाको !

उषा रजकले मोडलिङमा मात्र होइन, अभिनय पनि आफ्नो क्यारियर बनाइसकेकी छन्। काठमाडौंमा जन्मिएकी उषा अहिले २२ वर्षकी भइन्। गत अगस्ट महिनाका लागि नेपालीसाइट डटकममा मोडल अफ द मन्थका रूपमा छनौट भएकी उषा अहिले बीबीएस तेस्रो वर्षमा अध्ययनरत छिन्। खैरो आँखा तथा कालो कपालकी धनी उषा पेन्टिङ गर्न तथा संगीत सुन्न रुचाउँछिन्। प्रायः सबै प्रकारका खानाकी पारखी उषालाई मनपर्ने स्थान काठमाडौंको दरबार स्क्वायर हो। अन्तर्राष्ट्रिय मोडल नाओमी क्याम्बेलबाट प्रभावित उषा सन् २००४ मा सम्पन्न हेयर एन्ड स्टाइलिस्ट सो, क्याटवाक काठमाडौंलगायत एक दर्जनभन्दा बढी प्रतियोगितात्मक फेसन सोमा सहभागि भैसकेकी छिन्। वर्ल्ड मिस युनिभर्सिटी-२००६ मा विजयी भएकी उषाले सनसिल्क मिस ब्युटिफुल हेयरका साथै सन् २००५ मा सम्पन्न राष्ट्रिय नाटक प्रतियोगितामा सर्वोत्कृष्ट अभिनेत्रीको एवार्डसमेत जितेकी छिन्।

# बज्रपातपछि घायल जेनी



जेनी कुँवर अभिनय क्षैत्रमा आएको डेढ दशक भैसकेको छ। यो अवधिमा उनले दर्जनौं नाटक, टेलिश्रृंखला तथा केही चलचित्रमा अभिनय गरिन्, तर नाटक तथा टेलिश्रृंखलाको अभिनयले उनलाई दर्शकमाझ लोकप्रिय बनाउन सकेन। चलचित्र 'बज्रपात' बाट उनको सेकेन्ड इनिङ प्रारम्भ भयो। यो चलचित्रमा उनी नायिकाका रूपमा प्रस्तुत भइन्। त्यसो त यो चलचित्रमा उनले केही रकम लगानी पनि गरेकी थिइन्। 'बज्रपात' मा उनको अभिनयको प्रशंसा भयो तर निर्मात्रीका रूपमा भने उनीमाथि बज्रपात पर्‍यो। त्यही बज्रपातबाट मुक्ति पाउन जेनीले आफ्नै लगानीमा अर्को चलचित्र निर्मँण गरिन्, 'घायल'। चलचित्र निर्माण भएपछि गत माघमै प्रदर्शन हुनुपर्ने उनको चलचित्र गत जेठमा मात्र प्रदर्शन हुन सक्यो। निकै दौडधूपपछि प्रदर्शन भएको यो चलचित्रले सोचेजस्तो व्यवसाय गर्न नसक्दा भने उनी साँच्चिकै घायल भएकी छिन्। 'महिला निर्मात्री भएर काम गर्न गाह्रो रहेछ, जेनीले आफ्नो चलचित्र प्रदर्शनका क्रममा खेप्नुपरेको हन्डर कहिले बिर्सन नसक्ने बताइन्।

# रोज अब नायक



डन, दोस्ती तथा खलनायक चलचित्र निर्माण गरिसकेका युवा निर्माता रोज राणा अब चलचित्रको पर्दामा देखिनेछन्। अर्का कलाकार दिनेश शर्माले निर्माण गर्न लागेको चलचित्र 'महान्' मा रोजले पहिलो पटक नायकको भूमिका निर्वाह गर्न लागेका हुन्। गत महिना शुभमुहूर्त गरिएको यो चलचित्रमा रोजले नायिका झरना थापासँगै कम्मर मर्काउनेछन्। नायकको मुहूर्त सट दिएपछि उनले अभिनयको अनुभव सुनाउँदै भने– 'वास्तवमा म कलाकार बन्नकै लागि यो क्षेत्रमा प्रवेश गरेको हुँ, तर परिस्थितिवश चलचित्र निर्मँणमा लाग्नुपर्‍यो।' निर्माता दिनेश शर्मा भने रोजमा एउटा नेपाली चलचित्रको नायकमा हुनुपर्ने सबै गुण देखेकाले आफ्नो चलचित्रमा नायक बनाएको बताउँछन्। नायक बने पनि चलचित्र निर्मँणलाई भने निरन्तरता दिइरहने रोजले स्पष्ट पारे।

# झरनाको हिरो

झरना थापा र श्रीकृष्ण श्रेष्ठको जोडी खुबै जमेको थियो। झरनाले आधा दर्जनभन्दा बढी चलचित्रमा श्रीकृष्णसँगै अभिनय गरेकी छिन्। ती चलचित्रले सफलता पनि पाएका छन्। उनलाई अभिनय गराउने निर्देशकहरू अझै पनि मौका परेसम्म श्रीकृष्णकै साथमा अभिनय गराउन चाहन्छन्। जोडी जमेर हो वा ट्युनिङ मिलेर उनलाई काम दिनेहरू नै जानून् । श्रीकृष्णका अतिरिक्त झरनाले नेपालका नाम चलेका नायक राजेश हमाल, रमित ढुंगाना, विराज भट्ट आदिसँग पनि काम गरिसकेकी छिन्। उनका लागि ती नायकसँगको सहयात्रा पनि लक्की साबित हुन पुगेको छ। यतिसम्म कि पछिल्लो पटक त उनी एक जना निर्माताको समेत हिरोइन् बन्न पुगिन्। प्रसंग हो चलचित्र महान्‌को। जुन चलचित्रमा झरना नायिकाका रूपमा अनुबन्धित छिन् भने उनको नायक बनेका छन् रोज राणा, जो पेसाले निर्माता हुन्। डन, खलनायक, दोस्तीजस्ता चलचित्र बनाएका राणा कसरी झरनाको नायक हुन पुगे ? स्वयं राणा यसलाई एउटा संयोग मान्छन्। त्यस्तै आशय छ नायिका थापाको पनि। जे होस्, रोजमा नायकमा हुनुपर्ने गुण देखेकी छिन् उनले। झरना भन्छिन्- 'रोजसँगको सहयात्रा सफल होला जस्तो लागेको छ।'




# जसको नामले चलचित्र बिक्छ



'मानिस' र 'दुनियाँ' शिव रेग्मीका असफल चलचित्रका रूपमा चिनिन्छन्। ती दुई चलचित्रले राम्रो व्यापार नगरे पनि रेग्मीको 'क्यारियर'मा नकारात्मक असर परेको छैन। अहिले उनी जयप्रकाश रिजालको 'अर्जुनदेव' को सुटिङ गरिरहेका छन् भने उनलाई काम गराउन चाहने निर्माता आधा दर्जनभन्दा बढी छन्। कतिपय निर्माताले त हाकाहाकी भन्ने गरेका छन् 'अरूको हिट चलचित्रभन्दा रेग्मीको फ्लप चलचित्र राम्रो हुन्छ।'

नेपाली चलचित्रको स्तर बढेन भन्नेहरू आफ्नै ठाउँमा छन्। कुरा काट्नेहरूले जेसुकै भनून्, यही उद्योगमा केही निर्देशक छन् जसलाई दर्शकले राम्रा निर्देशक भनेर चिन्छन्। उनीहरूले निर्देशन गरेका प्रायः चलचित्र चलेका कारण पनि यस्तो प्रतिक्रिया आएको हो।



राम्रा निर्देशकको सूचीमा पर्ने अर्का व्यक्ति हुन्– उज्ज्वल घिमिरे। 'गोठालो' देखि 'किस्मत'सम्म आइपुग्दा उनले आफूलाई एउटा सफल व्यावसायिक निर्देशकका रूपमा उभ्याइसकेका छन्। आफूले निर्देशन गर्ने चलचित्रमा अनुबन्धित हरेक पात्रको चरित्र प्रस्टयाउने खुबी भएका घिमिरे, स-साना कुरामा समेत सचेतता अपनाउँछन्। त्यसैले पनि उनका प्रायः चलचित्र सफल छन्।

तुलसी घिमिरेले एक समय नेपाली चलचित्र उद्योगमा एकछत्र राज गरेका थिए। निर्देशक घिमिरेका पनि अघिल्ला दुई चलचित्र 'लहना' र 'दुई किनारा' नराम्रोसँग डुबेका थिए। चलचित्र डुबे पनि उनलाई राम्रा निर्देशकको कोटिमा राख्ने निर्माता धेरै छन्। पछिल्लो समय 'देश' शीर्षकको चलचित्र बनाइरहेका निर्देशक घिमिरेको देश हेर्न दर्शक मात्र होइन चलचित्रकर्मी समेत आतुर छन्।

तपाईंको त हिरो-हिरोइनको जस्तै प्रभाव छ रे नि ? निर्देशक घिमिरेले हाँस्दै भने– 'त्यस्तो त नहोला, जे होस् म राम्रो चलचित्र बनाउने प्रयास जारी राख्छु।' आफूले बनाएको चलचित्रले राम्रो व्यापार नगर्दा नरमाइलो लाग्ने धारणा व्यक्त गर्ने निर्देशक घिमिरे हेर्नेहरूले दिएको प्रतिक्रिया सुनेर खुसी हुने गरेका छन्।



कामकै भरमा नाम चलेकाहरूले त आफ्नो ठाउँ बनाए नै, हल्लाको भरमा ठाउँ बनाउने निर्देशक पनि छन्। दुई जना निर्देशक छन् जो फिल्म फ्लप हुँदा पनि आफूचाहिँ हिट हुन्छन्। नारायण पुरी र सोभित बस्नेत त्यस्तै निर्देशक हुन् जसलाई चर्चामा आउन कुनै विषयको खाँचो पर्दैन। यी निर्देशकले बनाएका कति चलचित्रले लगानीसम्म उठाउन सकेनन्, तर यिनको चर्चा भने कम भएन। पटक-पटक चर्चामा आउनुको रहस्य के होला ? निर्देशक सोभित बस्नेत भन्छन्– 'ग्ल्यामरस क्षेत्रमा काम मात्र गरेर सुख पाइँदैन, चर्चामा पनि आउनुपर्ने रहेछ।' उनले आफ्ना धेरै चलचित्रले निर्मातालाई डुबाएको कुरा स्वीकार गरेनन्। आफूमा बजार हेरेर काम गर्ने क्षमता भएको धारणा राख्ने सोभित आफ्नो नामबाट चलचित्र बिक्ने दाबीसमेत गर्छन्। 'म मात्र यस्तो निर्देशक हुँ जसको नाम सुनेर दर्शकहरू हलमा आउँछन्।' –शोभितको दाबी थियो।

दयाराम दाहाल, आकाश अधिकारी, नरेश पौडेल आदि निर्देशक आफ्नो काममा सक्रिय छन् तर उनीहरूको विषयमा त्यति धेरै चर्चा सुनिँदैन। चर्चा नहुनुको



कारण बताउँदै निर्देशक दाहाल भन्छन्– 'म चर्चा होइन, काममा लाग्छु।' जति बेला नेपाली चलचित्र कम बन्थ्यो र विदेशी चलचित्रको प्रभाव थिएन, त्यस्ताका जस्तो चलचित्र बनाए पनि चल्थ्यो तर अहिले अवस्था त्यस्तो छैन। दर्शकको चित्त बुझाउनैपर्छ, उनीहरूलाई मनपर्ने विषयमा चलचित्र बनाउन नसक्नेको पलायन निश्चित छ।

## लभगुरु

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका छौं। आफ्नो प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरुप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



**म २१ वर्षीय युवक हुँ। म हाल काठमाडौंको एउटा कलेजबाट स्नातक गर्दैछु। कलेजमा मलाई १२ कक्षामा पढ्ने एक १८ वर्षीया युवतीले मन पराउँछिन्। भनिरहनुपर्दैन कि म पनि उनलाई मन पराउँछु। हाम्रो भेट कलेजमा हुन्छ, तर अरूले शंका गर्लान् भनेर हामी बोल्दैनौं। हामी मोबाइल म्यासेजमार्फत कुराकानी गर्छौं। मुस्किलले महिनाको एकपटक हाम्रो प्रत्यक्ष भेटघाट हुन्छ, त्यो पनि आधा घण्टाका लागि। त्यो बेलामा पनि कलेज र पढाइबाहेक अरू कुरा केही हुँदैन, चिया अथवा कोक पिएपछि हामी छुट्टिन्छौं। उनी आफ्नो परिवारसँग निकै डराउँछिन्। यसबीच 'फेसबुक डटकम'मा मेरो भेट एक जना युवतीसँग भयो। उनी काठमाडौंकी हुन् र यतै छिन्। केही दिनअघि उनले मलाई भेट्न बोलाइन्। म उनले बोलाएको ठाउँमा भेट्न गएँ। उनी फेसबुकमा देखिएभन्दा नराम्री छिन्। उनले मलाई हरेक शुक्रबार बेलुका चलचित्र हेर्न जाने र रातिसम्म रेस्टुराँमा खाएर रमाइलो गर्ने प्रस्ताव राखिन्। मैले हुन्छ भनिदिएँ र भर्खरै हामी त्यसैगरी डेट्समा गयौं। नराम्री भए पनि उनी मेरो कलेजकी युवतीभन्दा निकै खुला स्वभावकी छिन्। दुईवटी प्रेमिकाका बीचमा म कसलाई रोजूँ भन्ने दोधारमा छु। कुनै उपाय छ ?**

–बी .कम.

तपाईंको समस्या साधारण हो। तपाईंले अहिले पनि दुवै जनासँग वास्तविक प्रेम गरिरहनुभएकै छैन। यो त मात्र आकर्षण हो। चलचित्रको पर्दामा देखिएझैं तपाई प्रेमिकासँग भेटघाट गर्ने, घुम्न जाने, चल्ने, खेल्ने आदि गरेर समय बिताउन चाहनुहुन्छ। कलेजकी युवती तपाईंलाई वास्तविक प्रेम गर्छिन्, तर उनलाई समाज र घर-परिवारको डर छ। सम्भवतः पढाइ नसकेसम्म उनी तपाईंसँग खुल्न सक्दिनन्। यसका लागि तपाईंले उनीसँग मित्रवत् व्यवहार गरी सहयोग गर्नुपर्छ र प्रेमका भावना साट्न केही वर्ष पर्खनुपर्छ। तपाई किशोर उमेरको हुनुहुन्न। त्यसैले आफूलाई अध्ययनमा केन्द्रित गरेर भविष्य निर्माणमा लाग्नुभयो भने उनको मन जित्न सक्नुहुन्छ। रहयो फेसबुककी युवतीको कुरा, त्यस्तो प्रेमको आयु छोटो हुन्छ। दुई-चार दिन खाने, पिउने र रमाइलो गरेपछि यस्ता प्रेम टुक्रिएका घटना धेरै छन्।

## फिल्मी खबर

• चलचित्र 'फर्ज' को छायांकन भैरहेको छ। एक वर्षअघि चलचित्र 'फैसला' को निर्माण एवं प्रदर्शन गरी चलचित्र उद्योगमासफल निर्माताका रूपमा अवतरण गरेका निर्माता तथा नायक शिव गिरीले निर्माण गरिरहेको चलचित्र 'फर्ज' मा रमित ढुंगाना, ऋचा घिमिरे, अर्जुन कार्की, युना उप्रेतीकैं सँधै निर्माता गिरी स्वयंको मुख्य भूमिका छ। गिरीको अघिल्लो चलचित्रका निर्देशक मदन घिमिरेकै निर्देशन रहेको यो चलचित्रको छायांकन टोली आगामी साता काठमाडौं फर्कदै छन्। निर्देशक घिमिरेका अनुसार हालसम्म झन्डै ५० प्रतिशत छायांकन सकिएको यो चलचित्रको बाँकी छायांकन दसैंपछि हुने बताइएको छ। चलचित्रमा महेश खड्काको संगीत, वसन्त श्रेष्ठ र शान्ता नेपालीको नृत्य तथा हिमाल केसीको द्वन्द्व निर्देशन हेर्न पाइनेछ।

• राजधानीका विभिन्न स्थानमा चलचित्र 'अचानक' को छायांकन भैरहेको छ। सकेसम्म तिहार अघि नै छायांकन सक्ने उद्देश्यका साथ निर्माण भैरहेको चलचित्र 'अचानक' मा निखिल उप्रेती, दिलीप रायमाझी तथा विक्रान्त बस्नेतले नायकको भूमिका निर्वाह गरेका छन्। सरोज शर्माले निर्माण गरिरहेको चलचित्र 'अचानक' को निर्देशन देशभक्त खनालले गरिरहेका छन्। खनालकै निर्देशनमा झन्डै एक दशकअघि नायक उप्रेतीले पहिलो पटक चलचित्रमा अभिनय गर्ने अवसर पाएका थिए। चलचित्रमा ऋचा घिमिरे, उषा पौडेल तथा जेसिका नायिका छन्। नेपाली चलचित्रका अग्रज छायाँकार दीपक ढकाल यो चलचित्रमार्फत् धेरैपछि आफ्नो कला प्रस्तुत गर्दैछन्। यो चलचित्रमा महेश खड्काको संगीत, एनबी महर्जनको द्वन्द्व तथा गोविन्द राई तथा विजय नकर्मीको नृत्य निर्देशन हेर्न पाइनेछ।

• सबै चलचित्र सुपरहिट हुने उपाधि पाएका निर्देशक उज्ज्वल घिमिरे दसैंलगत्तै चलचित्र 'छाडी गए पाप लाग्ला' को निर्देशन गर्दैछन्। निर्माता केशव भट्टराईले निर्माण गर्ने उक्त चलचित्रमा विराज भट्ट, राजवल्लभ कोइराला, सञ्चिता लुईंटेल तथा ऋचा घिमिरे मुख्य भुमिकामा देखिनेछन्। चलचित्रका अन्य कलाकार तथा प्राविधिकहरूको छनौट भैरहेको छ।

• गायक अर्जुनकुमारले निर्माण गर्ने चलचित्रमा म्युजिक भिडियो निर्देशक आसिफ साहले अभिनय नगर्ने भएपछि उक्त भूमिका नायक दिलीप रायमाझीले निर्वाह गर्दैछन्। असिफले आफ्नो समूह 'द युनिटी' का अन्य दुई सदस्यहरू सुदिन र एड्लेलाई पनि चलचित्रमा अभिनय गराउँदै थिए। पारिश्रमिकमा कुरा नमिलेपछि उनीहरूले उक्त चलचित्रमा अभिनय नगर्ने भएको बताइन्छ। द युनिटीकै गीत 'पहिलो माया' लाई नै शीर्षक बनाइएको यो चलचित्रमा युवापुस्ताको कलेज जीवनलाई उतारिँदैछ।




• रेखा थापाले निर्माण गरेको तथा मोफसलका चलचित्र भवनहरूमा सफलतापूर्वक प्रदर्शन भैसकेको चलचित्र 'हिम्मत' काठमाडौं उपत्यकामा तिहारअघिदेखि नै प्रदर्शनमा आउनेछ। नायिका थापाका अनुसार उक्त चलचित्र दुई वर्षअघि नै उपत्यकाबाहिर प्रदर्शन भैसकेको थियो। प्रदर्शनको 'क्यू सिस्टम'का कारण उक्त चलचित्रले काठमाडौंमा प्रदर्शन हुन पाइरहेको थिएन। दीपक श्रेष्ठले निर्देशनमा निर्माण भएको चलचित्र 'हिम्मत'मा विराज भट्टका साथ नायिका रेखा थापाको दोहोरो भूमिका छ। चलचित्रका संगीतकार महेश खड्का हुन्। चलचित्रका निर्देशक दीपक श्रेष्ठले त्यसपछि आफ्नै लगानीमा उक्त चलचित्रको सिक्वेल 'हिम्मत-टु'को निर्माण गरिरहेका छन् भने नायिका थापाले त्यसपछि निर्माण गरेको चलचित्र 'किस्मत' भने सर्वत्र प्रदर्शन भैसकेको छ।



# चम्किने धुनमा फोटोसेसन

**शिव शर्मा**

पोखरा- ग्ल्यामरको क्षेत्रमा लाग्नुअघि कसरी 'फेमिलिएर' हुने ? यस क्षेत्रमा हाम फाल्न चाहनेहरू सुरुमा त अलमल्ल पर्छन्। यदि राम्रो फिगर र क्षमता छ भने कसैले पनि अलमलमा बसिरहनु पर्दैन। सबैभन्दा चिनिन सुरुमा एउटा माध्यम आवश्यक हुन्छ। अहिले ग्ल्यामर क्षेत्रमा लाग्नेहरूका लागि प्रारम्भ बिन्दु बनेको छ– फोटोसेसन। ग्ल्यामरको रंगीन संसारमा आउन फोटोसेसन अनिवार्य आवश्यकताजस्तै भैसकेको छ।

कुनै पनि व्यावसायिक फोटोग्राफर वा वेबफोटोग्राफरकहाँ गएपछि यो क्षेत्रमा चम्किन सकिन्छ, तर तस्विर खिचेर मात्र पनि हुँदैन, आफूमा पनि सोहीअनुरूपको क्षमता आवश्यक हुन्छ, भर्खर मोडलिङको संसारमा आइपुगेकी लजिना गुरुङले भनिन्- 'फोटोसेसन नगरी रंगीन संसारमा पाइला टेक्न भने असम्भव छ।' यही भएर धेरै युवती चाँडै नै लोकप्रियताको शिखर चुम्न फोटोसेसन गराउन तम्तयार हुने गरेका छन्। फोटोसेसनपछि वेबमा तस्विर राखिने तथा पत्रपत्रिकामा प्रकाशित हुने भएपछि चर्चा पनि बेग्लै हुन्छ।

यति मात्र होइन, तस्विर मन पराएर विज्ञापन एजेन्सी तथा चलचित्र निर्देशकहरूले नयाँ अनुहारको डिमान्ड गरेको पाइन्छ। ग्ल्यामर क्षेत्रमा लाग्न चाहनेहरूका लागि पहिलो खुडकिलो भनेकै फोटोसेसन हो, ठिकठाक डटकमका फोटोग्राफर सुरज श्रेष्ठ भन्छन्- 'तस्विरले नै सबैभन्दा चिनिने मौका मिल्छ।' पछिल्लो क्रममा उनले ठिकठाक डटकमका लागि थुप्रै ग्ल्यामरस तस्विर खिचिसकेका छन्। जुन तस्विरले राष्ट्रिय पत्रपत्रिकामा स्थान त पाए नै तस्विर खिचाउने मोडलहरूले पनि सोहीअनुसारको चर्चा र अवसरहरू पाइरहेका छन्, तर केही युवतीले भने सस्तो लोकप्रियताका लागि मात्र तस्विर खिचाएको पाइन्छ, जसको कुनै महत्त्व हुँदैन। फोटोसेसन गर्नेहरूले सीमाभन्दा बाहिरको कामुकतालाई पनि जोड दिएको पाइन्छ।

बढी 'एक्सपोज'गरेर फोटोसेसन गर्नुको कुनै तुक छैन, मोडल भारती गुरुङ भन्छिन्- 'त्यो ग्ल्यामरको नाममा छाडापन मात्र हुन्छ।' भारतीले भनेझैं ग्ल्यामरको नाममा छाडापन दिने युवतीहरूको झुन्ड पनि बाक्लै देखिन्छ। मर्यादाभित्र रहेर गरिने फोटोसेसन भने सबैलाई स्वीकार्य नै छ। त्यसो त मोडलिङ र ग्ल्यामर क्षेत्रको पहिलो मेरुदण्ड नै फोटोसेसन हो भन्ने कुरामा धेरैको सहमति देखिन्छ। फोटोसेसन गर्नु अघि सम्म मोडल मनिता पुनलाई चिन्नेहरू उति थिएनन्। स्थानीय वेबसाइटहरूमा उनले फोटोसेसन गरेर पत्रिकामा उनको तस्विर प्रकाशित भएपछि उनको भाग्य नै चम्कियो। म्युजिक भिडियोदेखि चलचित्रमा अफर गर्नेहरूले उनलाई हैरान बनाए।

मोफसलकी यी मोडलले छानेरै राष्ट्रिय कलाकारहरूको गीतमा काम गरिन्। अहिले उनको चर्चा अकासिएको छ। आत्मविश्वाससहित पुनले भनिन्- 'यो सबै फोटोसेसनकै कारण हो'। यस्तै अवसरबाट लोभिएपछि धेरै युवती फोटोसेसनतर्फ आकर्षित भएका छन्। आकर्षित नहुन् पनि किन ? फोटोसेसनपछि वेबमा तस्विर रहन्छ अनि ती तस्विरले पत्रपत्रिकाहरूमा उस्तै स्थान पाउँछन्। यसो भएपछि फोटोसेसनमा युवतीहरू लालायित नहुने कुरै भएन। छोटो समयमा चर्चामा आउने सजिलो माध्यम फोटोसेसन नै भएको छ। मोडलिङको पहिलो आधारका रूपमा फोटोसेसन गर्न आउनेहरूको लस्कर लागेको छ, लभ्लीपोखरा डटकमका फोटोग्राफर गणेश खड्का भन्छन्- 'ग्ल्यामरको आधार स्तम्भ नै फोटोसेसन हो।'



ग्ल्यामरको माग बढेपछि सो अनुरूपको फोटोसेसनमा युवायुवतीको चाहना बढ्दै छ। पछिल्लो क्रममा फोटोसेसनको शैलीमा पनि परिवर्तन आएको छ। सामान्य खालको तस्विर पाठकले हेर्न छाडेपछि फोटोग्राफरहरू यस्तो किसिमको फोटोसेसनमा तानिएका हुन्। ग्ल्यामरविनाको फोटोसेसनको अर्थ छैन, मोडल रिना गुरुङको अनुभव छ। यही कारण मैले उसले भन्दा बढी ग्ल्यामर किन दिन सक्दिन भन्ने प्रतिस्पर्धा चलेको छ पोखरामा। राजधानीजस्तै फेसनको सहर पोखरामा अहिले फोटोसेसन गर्नेहरूको लहर नै चलेको छ। 'यसले सुस्ताउँदो मोडलिङलाई उकास्ने काम गरेको मान्नुपर्छ, कोरियोग्राफर रवीन्द्र बज्राचार्य भन्छन्- फोटोसेसनबाट नयाँ अनुहारहरूको ग्ल्यामर क्षेत्रमा आगमन भएको छ। अवसरहरू आउन थालेपछि फोटोसेसनमा युवायुवतीमाझ होड चल्न थालेको छ। पत्रिकामा प्रकाशित तस्विर हेरेर म्युजिक भिडियो र नायिका भएका उदाहरण धेरै छन्।

फोटोसेसनप्रति युवा पुस्तामा अभिरुचि जगाउने वेबसाइटहरू पनि उत्तिकै छन्। साइबर संसार डटकम, नेटनशा डटकम, परिचय डटकम, खत्तम डटकम, मोडलससार डटकम, लभ्लीपोखरा डटकम, उदयपुर डटकम, साइबर चितवन डटकम, पोखरा सिटीडटकम, पोखरा पेज डटकम, साइबर लमजुङ डटकम आदि वेबसाइटहरू पनि फोटोसेसन गरी युवतीहरूको तस्विरलाई होमपेजमा राखेपछि चर्चा बटुलिरहेका छन्। पहिलो मनोरञ्जनात्मक वेबसाइट साइबर संसार डटकममा फोटोसेसन गरेका कतिपय मोडलले राम्रा अवसरहरू पाइसकेका छन्। वेबसाइटका सञ्चालक तथा फोटोग्राफर दीपंकर कसजू भन्छन्- 'फोटोसेसनले मोडलहरूलाई व्यावसायिक दिशामा अग्रसर गराउँछ।'

# तपाईं सबैभन्दा अल्छी लाग्ने काम कुन हो र किन ?

केवल एक प्रश्न



मलाई दुईवटा काम गर्न साह्रै अल्छी लाग्छ, पहिलो चुप लागेर बस्न अनि दोस्रो कसैलाई कुर्न । म केही न केही नगरी बस्नै सक्दिनँ, त्यसैले कसैले चुप लागेर बस भन्यो भने सजाय दिएजस्तै हुन्छ । कुर्नुपर्दाको पीडा त अझ दुःखदायी हुन्छ ।

रूपा उपाध्याय (नायिका)

मलाई लङ ड्राइभमा जान असाध्यै अल्छी लाग्छ । गन्तव्यमा पुग्नै समय लाग्ने भएकाले लङ ड्राइभ अल्छीलाग्दो भएको हो, तर बिडम्बना पछिल्ला केही महिना छायांकनमा जानुपरेकाले म अल्छी लाग्ने काम पनि गरिरहेकी छु ।

आयुषा कार्की (मिस युनिभर्सिटी–२००७)

मलाई ठूला–ठूला कुरा गर्ने मान्छेको कुरा सुन्नुपर्दा साह्रै अल्छी लाग्छ । त्यो मान्छेले साँचो बोलिरहेको छैन भन्ने थाहा हुँदाहुँदै पनि उसैको कुरा सुनेर बस्नु जस्तो अल्छीलाग्दो केही हुँदैन ।

राहुल भारती (गायक)

मलाई मोबाइलमा मिस कल गर्नेहरूलाई कल ब्याक गर्न साह्रै अल्छी लाग्छ । आफू कस्तो कुन काममा व्यस्त भैरहेको हुन्छ, फ्याट्ट मिस कल आउँछ । अब उसलाई कल ब्याक गर्नु कि आफ्नो काम पूरा गर्नु ?

वसन्त वित्यासी थापा (गीतकार)

कुनै पनि कार्यक्रममा सहभागी हुँदा वक्ताहरूले गर्ने लामा–लामा भाषण सुन्नुपर्दा साह्रै अल्छी लाग्छ । एक–दुई जनाको त ठीकै हो, तर आधा दर्जनभन्दा बढी वक्ताले एउटै कुरा दोहोऱ्याइरहँदा सुन्नेलाई अल्छी लाग्नु स्वाभाविक हो ।

लक्ष्मण शेष (संगीतकार)

## जम्का भेट



तस्बिर : नवराज बाले

**योगेन्द्र श्रेष्ठ** नेपाली चलचित्रका द्वन्द्व निर्देशक त हुन् नै, तर अचेल उनको चर्चा टेलिभिजनमा आउने एउटा विज्ञापनका कारण भैरहेको छ। एउटा फाइनान्स कम्पनीको उक्त विज्ञापनमा योगेन्द्र मार्सल आर्ट खेलाडीकै रूपमा देखिएका छन्। योभन्दा अघि उनी एउटा जुत्ताको विज्ञापनमा देखिएका थिए। पछिल्लो पटक उनी चलचित्रमा द्वन्द्व निर्देशनसँगै चलचित्र द्वन्द्व तथा स्टन्ट कला सिकाउन पनि व्यस्त छन्। हिन्दी, अंग्रेजी, बंगाली तथा भोजपुरी भाषाका विदेशी चलचित्रहरूमा द्वन्द्व निर्देशन गरिसके पनि कलिउडमा उनी अन्य द्वन्द्व निर्देशकभन्दा पछाडि नै छन् तर चलचित्रमा काम गर्ने उद्देश्यले द्वन्द्व प्रशिक्षण लिन योगेन्द्र श्रेष्ठ एक मात्र नाम भएका छन्।

**विज्ञापनमा खेल्न थाल्नुभएछ ?**

यो मेरो रुचिको विषय पनि हो । विज्ञापन बारम्बार बजिरहने हुँदा आमजनताले सजिलै चिन्दा रहेछन् ।

**चलचित्रमा द्वन्द्व निर्देशन गर्न कम गर्नुभएको हो ?**

होइन, अहिले पनि म दुईवटा चलचित्र 'गुरु दक्षिणा' र 'फाइटर'मा द्वन्द्व निर्देशन गरिरहेको छु । आफैं पनि चलचित्र बनाउँदैछु ।

**तैपनि अरूका दाँजोमा तपाईंका चलचित्र कम छन् ?**

म द्वन्द्व निर्देशक भए पनि थोकका भाउमा द्वन्द्व निर्देशन गर्न रुचाउँदिनँ । आफ्नो प्रतिभा देखाउन मिल्ने चलचित्रको मात्र अभिभारा बोक्छु । त्यसमाथि चलचित्र कलाकारहरूको द्वन्द्व तथा स्टन्ट प्रशिक्षणमा पनि व्यस्त छु । फेरि म चलचित्रका संख्या बढाएर भन्दा पनि उत्कृष्ट काम गरेको चलचित्रबाट चिनिन चाहन्छु ।

**नेपाली नायकहरू द्वन्द्वमा कत्तिको पोख्त छन् ?**

पहिलो चलचित्रमा भने जस्तो स्टन्ट गर्छन्, नाम कमाउनका लागि भए पनि । चर्चामा आएपछि स्टन्टबाट गर्न पछि हट्छन् । वास्तवमा हलिउड तथा बलिउडतिर केही नायक आफैं स्टन्ट गर्छन्, तर 'सेफ्टी गाजेट'को प्रयोग गरेर । यहाँ सुरक्षाका यस्ता सामग्रीहरूको कमी छ । फेरि स्टन्ट गर्ने कलाकारको बिमा पनि हुँदैन । उनीहरू सानातिना चोटपटक लाग्ने स्टन्ट त गर्न सक्छन्, तर ज्यान जोखिममा राखेर स्टन्ट गर्नु खतरामुक्त भने हुँदैन । अहिले त 'क्रोमा' र स्पेसल इफेक्ट्सको प्रयोगले नायकहरू सजिलै खतरनाक द्वन्द्व पर्दामा देखाउन सक्छन् ।

**नायिकाहरू पनि त द्वन्द्व गरिरहेका छन् ?**

यसलाई म राम्रो भन्छु । पर्दामा नायकहरूले स्टन्ट त गरिरहेकै छन्, नायिकाहरूले पनि स्टन्ट गर्दा दर्शकहरू अझ रमाउँदा रहेछन् । मसँग पनि केही नायिकाले द्वन्द्व कलाको प्रशिक्षण लिएका छन् ।

# २५ विधामा म्युजिक एवार्ड



**प्रवीण दत्त**

चितवन– स्थानीय कालिका एफ.एम.ले आफ्नो छैटौं वार्षिकोत्सवको अवसर पारेर सांगीतिक २५ विधामा हमदर्द कालिका म्युजिक एवार्ड २०६५ प्रदान गरेको छ। गत साता उक्त एफ.एम.ले सांगीतिक क्षेत्रका विभिन्न कलाकारलाई सम्मान एवं एवार्ड प्रदान गर्ने भएपछि राष्ट्रियदेखि स्थानीय कलाकारको नारायणगढको कलामन्दिरमा घुइँचो लागेको थियो ।

सर्वसाधारणबाट गरिएको एसएमएस भोटिङका आधारमा सर्वोत्कृष्ट आधुनिक स्वर र नेपाली चलचित्र गीत गरी दुई विधामा चर्चित युवा गायक राजेशपायल राईले एवार्ड हात पारे । त्यसैगरी आधुनिक स्वर महिलातर्फ माण्डवी त्रिपाठी र चलचित्र गीतमा संगीता राणाले एवार्ड हात पारे । यस पटक पनि एवार्ड पाएपछि गायक राजेशपायल राई दोस्रो पटक कालिका एफएम म्युजिक एवार्ड पाएकाले आफू निकै खुसी भएको बताए । उनले दसैंपछि आउने एल्बम 'सलाम नमस्ते'को गीत प्रस्तुत गर्दा दर्शकको तालीले हल नै गुञ्जायमान भएको थियो ।

पपगीततर्फ महिला र पुरुषमा क्रमशः शशि रावल र दिव्य सुब्बाले अग्रस्थानमा रहे । लोकदोहोरी विधाको स्वरतर्फ क्रमशः पुरुषमा राजु परियार र महिलातर्फ विष्णु माझी सर्वोत्कृष्ट घोषित भए । आधुनिक संगीत र रचनामा क्रमशः तेजप्रसाद पाण्डे तथा अरुण तिवारी, चलचित्रतर्फ महेश खड्का तथा एकनारायण भण्डारीले सर्वाधिक मत प्राँप्त गरी म्युजिक एवार्ड प्राप्त गरे । स्थानीय पपतर्फ एकल गायनमा सञ्चना श्रेष्ठ र सर्वोत्कृष्ट पप ब्यान्डमा द युनिटी चुनिए ।

उक्त अवसरमा नेपालका एक मात्र शास्त्रीय सारंगी वादक खिमबहादुर गन्धर्व लाइफटाइम एचिभमेन्ट एवार्डबाट सम्मानित भए । सारंगी र नौमतीलगायत कतिपय पुराना पम्परागत सामान लोप हुने अवस्थामा पुगेको बेला उनले समाजका लागि उदाहरणीय काम गरेको भन्दै उनलाई सम्मान गरिएको हो ।

दाङको घोराही जन्मिएका गन्धर्व सात वर्षको उमेरदेखि नै सारंगी रेट्दै आएका छन् । उमेरले छ दशक काटिसकेका गन्धर्वले १२ वर्षसम्म रेडियो नेपालको वादवादन समूहमा रहेर सारंगीको ऱ्याइँऱ्याइँ दिइसकेका छन् । नेपाली गीत-संगीतमा करिब २ हजारभन्दा बढी गीतमा सारंगी रेटिसकेका गन्धर्वले पहिलो पटक आफू यसरी सम्मानित हुँदा निकै खुसी लागेको बताए ।

## अब दमक महोत्सव

झापा– स्थानीय उत्पादन प्रवर्द्धनका लागि दमक उद्योग वाणिज्य संघले दमक महोत्सवको आयोजना गर्ने भएको छ । पुस १८ देखि ९ दिनसम्म चल्ने महोत्सवमा स्थानीय घरेलु उद्योगहरूबाट उत्पादित सामग्रीहरूको प्रचार-प्रसार, पर्यटन प्रवर्द्धन, व्यापार, स्वास्थ्य, शिक्षालगायत समग्र आर्थिक तथा सामाजिक उत्थानका लागि दीर्घकालीन लक्ष्यसहित महोत्सव आयोजना गर्न लागिएको संघका अध्यक्ष सुदीपराज पन्तले बताए ।

महोत्सवमा छिमेकी जिल्लाहरू मोरङ, सुनसरी, इलाम, पाँचथर तथा धनकुटाबाट १ लाख ५० हजार आगन्तुक भिœयाउने लक्ष्य छ । २ सय स्टल राखिने महोत्सवमा ४ करोडसम्मको कारोबार हुने अनुमान गरिएको छ । महोत्सव सञ्चालनका लागि २५ लाख २५ हजार अनुमानित लागत खर्च तथा ३८ लाख ७५ हजार आम्दानीको आँकलन गरिएको छ । दमकमा यसअघि १ पटक सडक महोत्सव र २ पटक दमक महोत्सव भैसकेको छ ।

**युवराज विवश**



# मलेसियामा पोइल जान पाम्

**साप्ताहिक समाचार**

मलेसिया- 'यसपालीको तीजमा पोइल जान पाम्' गायिका कोमल ओलीले यो गीत गाउन सुरु मात्र के गरेकी थिइन् उनीसँगै नायिका रेखा थापा पनि गाउन थालिन् । पछिपछि अर्की नायिका ऋचा घिमिरे पनि उनलाई साथ दिन आइपुगिन् । गायिका राधा राई मात्र होइनन्, गायक धिरज राई पनि 'पोइल जान पाम्' गाउन थाले । हास्य कलाकार जोडी केदार घिमिरे 'माग्नेबूढा' र सीताराम कट्टेल 'धुर्मुस' पनि कुञ्जना घिमिरे 'सुन्तु' सँग मञ्चमा आएर दर्शकलाई उक्साउँदै नाच्न थाले । क्वालालाम्पुरस्थित दामनसारा रंगशालामा आयोजित रमाइलो कार्यक्रम हेर्न दसैंको बेला स्वदेश फर्कन नपाएका अठार हजार नेपाली कामदार पुगेका थिए । हो-हल्ला र वन्समोरका बीच नायिका रेखा थापाले तीनवटा गीतमा आफ्नो 'अदा' सहितको नृत्य देखाइन् । जसमा उनले 'म प्यार बेचिदिन्छु' मा गरेको नृत्य धेरैलाई मन पऱ्यो । नायिका ऋचा घिमिरेले पनि 'मै ठूली भै छु रे' सँगै 'म त काली सुन्दरी' मा नाचेर वाहवाही बटुलिन् । गायक धिरज राईको 'सेक इट बेबी' मा दर्शकहरू उनीसँगै नाच्दै थिए । हास्यकलाकार केदार, सीताराम र कुञ्जनाको प्रस्तुतिमा सबै जना पेट मिचीमिची हाँसिरहेका थिए । उक्त कार्यक्रम जोरबारू र चेनाङ सहरमा पनि प्रस्तुत भयो । नेपाली राजदूतावासद्वारा नेपालका बाढीपीडितहरूको सहयोगार्थ आयोजित अर्को एक कार्यक्रममा पनि कलाकारहरूको प्रस्तुति रोचक रह्यो, जहाँ ५ लाख नेपाली रुपैयाँ संकलन भयो। यो कार्यक्रमको आयोजना नेपाली व्यापारी समाज, मलेसियाले गरेको थियो ।

# कान्तिपुर एफएममा चंगाचेट



काठमाडौं- प्रसन स्याङ्देन कराउँदै थिए- 'चंगा चेट ।' पवन आचार्य पनि के कम उनी पनि धोक्रो खुल्ने गरी कराए- 'चेट चेट चंगा चेट'। कान्तिपुर एफएमका स्टेसन म्यानेजर प्रभात रिमालसहित आशिष, हेम, सुमित, कमला, प्रतिमा, सविना, नम्रता, रेमन, भूमिका, अनामिका, अम्बिका, प्रज्ज्वल आदि सबै चर्चित आरजे तथा समाचार वाचकहरू पनि चंगा उडाएर चेट गर्ने धुनमा थिए । फुलपातीको अघिल्लो दिन मध्यान्ह १२ बजेदेखि दुई बजेसम्म पुल्चोकस्थित एफएमको छतमा चंगा उडाउँदै सबैले रमाइलो गरे । छतबाटै दसैंको शुभकामना आदान-प्रदान गर्दै एफएमबाट प्रत्यक्ष प्रसारण पनि भैरहेको थियो । कान्तिपुर पब्लिससन एवं कान्तिपुर एफएमका अध्यक्ष तथा प्रबन्धनिर्देशक कैलाश सिरोहिया लगायत गायिका नलिना चित्रकार, नायक राजवल्लभ कोइराला र 'सानो संसार' का महेश श्रेष्ठ पनि चंगा उडाएर दसैंको शुभकामना बाँड्न एफएमको छतमा पुगेका थिए । त्यहाँ उडाइएका प्रत्येक चंगामा उपहार कुपन टाँसिएको थियो। चेट भएपछि चंगा पाउने व्यक्तिले उक्त उपहार पाउने व्यवस्था थियो। कान्तिपुर एफएमले विगत केही वर्ष यता हरेक वर्ष यसरी नै आफ्ना श्रोताहरूसँग दसैं मनाउने गरेको छ।

# दसैं मनाउन फेसन सो



फलपातीको दुई दिनअघि अर्थात् गत असोज १८ गते शनिबारका दिन युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको माथिल्लो तलामा रहेको हलमा एउटा फेसन कार्यक्रम सम्पन्न भयो। नेपाली फेसन-मोडलिङ क्षेत्रमा जेठो मोडलिङ एजेन्सीका रूपमा परिचित द त्याम्प तथा मोडलिङ क्षेत्रमै आफ्नो छुट्टै पहिचान बनाएको ग्यालेक्सी मोडलिङ एजेन्सी र बी.एल. हाउसको संयुक्त आयोजनामा मिसन दसैं सेलिब्रेसन शीर्षकको उक्त फेसन सोमा उल्लेखित मोडलिङ संस्थाहरूबाट प्रशिक्षण लिएका दुई दर्जन पुरुष एवं महिला मोडलहरूले क्याटवाक गरेका थिए।

विभिन्न रंगका, थरीथरीका वर्क गरिएका कुर्ता-सलवार, मूलत: पोल्का डटको संयोजन रहेका सिफन साडीहरू, वन पिस ड्रेस, सुट तथा क्याजुएल वेयर गरी चारवटा सिक्वेन्समा सहभागी मोडलहरूले क्याटवाक गरेका थिए। कार्यक्रममा गायकहरू सुमन श्रेष्ठ, कमल क्षेत्री, आर.डी. तथा गायिका पुष्पा पौडेलले आ-आफ्ना चर्चित गीत सुनाएर मनोरञ्जन प्रदान गरेका थिए भने बालबालिकाहरूको क्याटवाकबाट पनि कार्यक्रम थप मनोरञ्जक बनेको थियो। उक्त फेसन कार्यक्रमको कोरियोग्राफी सञ्चारकर्मी एवं कोरियोग्राफरद्वय जयन सुब्बा मानन्धर तथा रोजिन शाक्यले गरेका थिए।



तस्बिर : सुरज श्रेष्ठ

# पोखरामा ब्लास्ट

शिव शर्मा

पोखरा- लेकसाइडमा भर्खर खुलेको क्लब एसियानामा यस पटक तन्नेरी/तरुनीहरूको हूल अलि बाक्लो देखियो। चर्चित डिजे राजुको आगमन भएकाले पनि होला, डान्स पारखीहरू कार्यक्रमअगावै क्लब परिसरमा भेला भैसकेका थिए। दसैं ब्लाष्ट नामकरण गरिएको डान्स पार्टी साँझ ६ बजे सुरु भएको थियो। डिजे राजुको दमदार संगीतको धुनसँगै युवायुवतिहरू बिस्तारै डान्स फ्लोरमा उत्रन थाले। युवायुवतीको भावना बुझेर डिजेले पनि रिमिक्स भर्सनका गीतहरू एकपछि अर्को गर्दै घन्काउन थाले। गर्मीको वातावरणलाई त्यसले अझ उचाल्यो। केही युवा जोस्सिएर लगाएको कपडा पनि फुकालेर नाच्न तम्सिए।

विदेशी पर्यटकहरू पनि फाट्टफुट्ट डान्सपार्टीमा रमाइरहेका देखिन्थे। दुई दिनसम्म लगातार भएको डान्सपार्टीमा तन्नेरीसँगै वयस्कहरूको उपस्थिति पनि कम देखिँदैनथ्यो। रातभरि भनेर आयोजना गरिए पनि ११ बजेसम्म मात्र खोल्नुपर्ने प्रावधानका कारण आयोजक एसियाना क्लबले बल्ल तल्ल १२ बजेसम्म डान्सपारखीहरूलाई थमाएको थियो। डिजे राजुको उत्कृष्ट प्रस्तुतिमा झुमेका तन्नेरीहरू वन्स मोर भन्दै नाच्न भने छाडेका थिएनन्। उक्त डान्स पार्टीले लेकसाइडको सुस्ताएको वातावरणलाई केही हदसम्म भए पनि रंगीन बनाएको थियो।

पहिलो विश्व

# कन्डमले गर्छ रक्षा

पोखरामा सम्पन्न तेस्रो लिंगी सुन्दरी प्रतियोगिताका क्रममा एड्स तथा यौनजन्य रोगविरुद्ध जनचेतना जगाउन कन्डमको पहिरनमा एक सहभागी।



## सारा पालिनको चलचित्र तयारी



उमेरले ४४ वर्ष भए पनि अमेरिकी उपराष्ट्रपति पदमा रिपब्लिकन पार्टीबाट उम्मेदवार बनेकी सारा पालिनलाई अहिले मतदाताहरूले ग्लयामरस उम्मेदवारका रूपमा हेरिरहेका छन्। उनको उम्मेदवारीसँगै उनकी अविवाहिता छोरी गर्भवती भएको समाचार आएपछि साराले आफ्नी छोरीको आत्मनिर्णयप्रति गरेको प्रतिक्रियाले उनलाई यौनका विषयमा खुला विचार राख्ने उम्मेदवारका रूपमा उभ्याएको थियो। साराले यौनका सम्बन्धमा व्यक्त गरेको स्वतन्त्र विचारको फाइदा उठाउँदै अश्लील चलचित्र निर्माणको क्षेत्रमा अग्रणी कम्पनी हस्टलरले पालिनसँग अनुहार मिल्ने युवतीलाई मुख्य भूमिकामा लिएर अमेरिकी निर्वाचनअघि नै एक अश्लील चलचित्र निर्माण गर्ने घोषणा गरेको छ। हस्टलर कम्पनीका मालिक ल्यारी फ्लिन्टले एक वेबसाइटमार्फत उक्त अश्लील चलचित्रका लागि सारा पालिनसँग अनुहार मिल्ने युवती चाहिएको र इच्छुकले सम्पर्क राख्न सक्ने विज्ञापन प्रकाशित गरेका छन्। करिब १० दिनमा निर्माण सम्पन्न गरिने उक्त चलचित्रकी नायिकालाई ३ हजार अमेरिकी डलर पारिश्रमिक दिने निर्णयसमेत गरिएको छ। विज्ञापन प्रकाशित भएपछि न्युयोर्क टाइम्सलाई जानकारी दिँदै हस्टलरका प्रवक्ताले चलचित्र निर्माण गर्न लागेको तर चलचित्रको शीर्षक अझै नजुरेको बताएका छन्। त्यसको लगत्तै केही ब्लग वेबसाइटहरूले चलचित्रको नामसमेत जुराउन थालेका छन्। कसैले चलचित्रको नाम 'नर्थन ट्रिपल एक्सपोजर' राखेका छन् भने कसैले 'राइडिङ पाइपलाइन' प्रस्तुत गरेका छन्। यस विषयमा सारा पालिनका प्रवक्ताले भने कुनै किसिमको प्रतिक्रिया दिएका छैनन्।



**अन्त्यमा...**

बेलायतमा कास्टी क्लारा मेडमोर नाम गरेकी एक महिला छिन्। गत साता १ सय ५ वर्षमा प्रवेश गरेकी मेडमोरले आफू अझै कुमारी रहेको बताएकी छिन्। मेडमोरले आफू जीवनमा कहिल्यै यौनसम्पर्क राख्न उत्सुक नभएको बताइन्। सन् १९०३ मा ग्ल्यास्गोमा जन्मिएकी मेडमोरले १२ वर्षको उमेरदेखि नै विवाहपूर्व यौनसम्पर्क राख्नु हुँदैन भन्ने मान्यता राख्दै आएकी छिन्, जसका कारण उनले आफ्नो युवावस्थामा विवाहपूर्वको यौनलाई मानसिक अपराधका रूपमा लिइन्। पहिलो विश्वयुद्धको समयमा विभिन्न कारणले विभिन्न देशमा कम गर्न गएपछि २० वर्षको उमेरमा उनी बेलायत फर्किइन्। अफिस सेक्रेटरी र हाउसकिपरको काम गरेकी मेडमोर जीवनमा धेरैसँग प्लेटोनिक (यौन आकर्षण नभएको प्रेम) मित्रता कायम गरेको स्वीकार गर्छिन्। कामले सधैं व्यस्त बनाएको र पुरुषको विवाह प्रस्तावलाई अस्वीकार गरेका कारण कतिपयले आफूलाई समलिङ्गी भएको शंकासमेत गरेको उनले बताइन्। ९७ वर्षको उमेरसम्म पनि कसैको सहाराविना हिंड्डुल गर्ने मेडमोर अहिले आफ्नो एक मित्रका साथ बुढ्यौली बिताइरहेकी छिन्। यदि यो कथन साँचो हो भने मेडमोर सम्भवत: विश्वकै सर्वाधिक ज्येष्ठ कुमारी ठहरिनेछिन्।

## सानो पर्दा

• मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको जोडी अहिले अर्को एउटा सन्देश मूलक टेलिश्रृंखलाको निर्माणमा जुटेको छ। हास्यव्यंग्यमार्फत चेतना जगाउने अभियानमा लामो समयदेखि सक्रिय महजोडी यतिबेला नेपालमा विद्यमान बाल मृत्युदरलाई घटाउने अभियानमा जुटेका छन्। पोखराका विभिन्न ग्रामीण क्षेत्रमा छायांकन भैरहेको यो श्रृंखला चाँडै प्रसारण हुने बताइएको छ। मह जोडीले हालसम्म यो श्रृंखलाको नामकरण भने गरिसकेका छैनन्। यसपटक टेलिश्रृंखलामा महका मदनकृष्ण श्रेष्ठले भने अभिनय गरेका छैनन्। उनी श्रृंखलाको प्रस्तुतकर्ताका रूपमा मात्र सहभागि छन्। श्रृंखलामा हरिवंश आचार्य, चलचित्र अभिनेता दिलीप रायमाझी, अभिनेत्री रेजिना उप्रेतीका साथै सावित्री शर्मा, सिरु विष्ट, शर्मिला शर्मा, राजु भुजु आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। श्रृंखलाका इन्डोर दृश्यहरू काठमाडौंमै छायांकन गरिएका छन्। श्रृंखलामा हरिवंशले बुबा तथा दिलीपले छोराको भूमिका निर्वाह गरेका छन्।

• कान्तिपुर टेलिभिजनबाट दैनिक प्रसारण हुने समाचारमूलक कार्यक्रम 'कान्तिपुर आज' ले लोकप्रियता हासिल गरिरहेको छ। सलोनी राजभण्डारीले उद्घोषण गरिरहेको यो कार्यक्रममा विभिन्न विषयमा खोजमूलक रिपोर्टिङ प्रस्तुत गरिने भएकाले यसले दर्शकहरूको मन जितेको हो। सुरेश पौडेल निर्माता रहेको यो कार्यक्रम राति दस बजे प्रसारण हुन्छ।

• नेपाल टेलिभिजनबाट प्रत्येक शनिबार बिहान ११ बजे प्रसारण हुने कार्यक्रम 'यात्रा' पनि दर्शकमाझ लोकप्रिय भैरहेको छ। कार्यक्रममा विभिन्न पर्यटकीय क्षेत्रका बारेमा जानकारी त दिइन्छ नै, दर्शकको रोजाइका म्युजिक भिडियोहरू पनि प्रसारण हुने भएकाले यो कार्यक्रम मनोरञ्जकसमेत बनेको छ।

• नेपाल वातावरण पत्रकार समूहले निर्माण गरेका अंग्रेजी भाषाका वृत्तचित्रहरू एभेन्युज टेलिभिजनबाट प्रसारण हुन थालेका छन्। उक्त च्यानलले सोमबार तथा बुधबारबाहेक हप्ताका पाँच दिन दिउँसो ४:३० बजेदेखि ती वृत्तचित्रहरू प्रसारण गरिरहेको छ।





प्रकाश ओझा

## तालुमा आलु

ठिसहरूको एउटा बस्तीको एक व्यक्तिलाई भगवान्‌ले दर्शन दिनुभयो र तीनवटा वरदान माग भन्नुभयो ।

'सर,' खुसी हुँदै ठिसले भन्यो- 'यो ठिस बस्तीलाई स्वीजरल्यान्डभन्दा पनि राम्रो बनाइदिनुहोस्, अग्लो पहाड, हरियाली झरना, खोलानाला ।'

भगवान्‌ले त्यस्तै कुरा सिर्जना गर्नुभो र भन्नुभयो- 'दोस्रो वरदान माग ?'

'जताततै फलिरहेका अन्न, हरियाली, अनि स्वीजरल्यान्डको भन्दा पनि धेरै दूध दिने गाईहरू दिनुहोस् भगवान् ।'

त्यो पनि सृष्टि भयो ।

ठिस खुसी भयो, उसलाई आफ्नो अगाडि एकै पटकमा ४० लिटर दूध दिने गाई देख्दा विश्वास भएन, उसले विश्वासका लागि एउटा गाई दुह्यो र चाख्यो ।

'आहा, यति मीठो दूध,' उसको मुखबाट खुसीको शब्द निस्कियो अनि एक गिलास अरू दूध दुहेर भवान्‌लाई दिँदै भन्यो- 'लिनुहोस् भगवान्, चाख्नुहोस् मीठो छ ।'

ईश्वरले दूध पिउनुभयो र खाली ग्लास दिँदै भन्नुभयो- 'तेस्रो वर माग ।'

'दस रुपैयाँ दिनुहोस्' ठिसले भन्यो- 'एक गिलास दूधको दस रुपैयाँ पर्छ ।'

०००

एउटा फर्म मालिकलाई आफ्नो गाई भर्ना गराउनु थियो । नजिकैको गाउँमा उसको साथीको साँढे भएको कुरा सम्झना भयो अनि उसले साथीलाई फोन गर्‍यो ।

'आइज, आइज,' साथीले भन्यो- 'लन्च सँगै गरौंला । तेरो काम पनि हुन्छ, गाई लिएर आइज ।' उसले गाईलाई ट्रकमा राख्यो अनि लिएर साथीकहाँ गयो । गाईलाई साढे लगाई उनीहरूले सँगै लञ्च खाए ।

'यार,' बिदा हुँदै उसले साथीसँग भन्यो- 'गाई भर्ना भयो भन्ने कुरा मैले कसरी थाहा पाउने ?'

'सजिलै छ,' साथीले भन्यो- 'बिहान गोठमा गाई यदि लम्पसार परेर सुतिरहेको पाइस् भने गाई भर्ना भयो भन्ने बुझ्नू ।'

निर्देशनअनुसार भोलिपल्ट बिहान ऊ गोठमा जाँदा गाई उभिराखेको पायो, उसले फेरि गाईलाई ट्रकमा लोड गर्‍यो र पल्लो गाउँ त्यही साथीकोमा गयो, साँढे लगायो, साथीसँग ब्रेक फास्ट गर्‍यो, यसरी चार दिन लगातार उसले यस्तै गर्‍यो पाँचौं दिन बिहान उसकी स्वास्नीले ओछ्यानमा आएर उठाई र कराउँदै भनी- 'छिटो उठनुस् हजुर ।'

'के भयो ?' उसले निद्राको सुरमा भन्यो

'हाम्रो गाई...गाई...' स्वास्नीले भनी

गाईको नाम सुन्नेबित्तिकै त्यो व्यक्ति जुरुक्क उठ्यो अनि आशापूर्ण स्वरमा भन्यो- 'के भयो गाईलाई ? भर्ना भएछ ? गोठमा लम्पसार परेर सुतिरहेको छ ।'


'होइन ...आफैं ट्रकमा चढेर हर्न बजाउँदैछ ।'

### मेरो कुरो

यही जिन्दगी हो ... प्रत्येक चीज जुन तपाईंलाई मनपर्छ... त्यो कि त गैरकानुनी छ र कि अनैतिक हो कि त विवाहित ।

## कविता

### म



तिमीलाई खोज्न गाउँ सहर चहारेर हिँडे म
कोमल कोमल मुटुलाई गाँठो पारेर हिँडे म
थाम्दा थाम्दै पनि रोइदिंदा यो मन त्यसै
बलिन्द्र धारा आँखाबाट आँसु झारेर हिँडे म
कति सकस पाएँ हुँला कति हण्डर खाएँ हुँला
र पनि आफैले आफैलाई नै माया गरेर हिँडें म
नजाने गाउँको बाटो सोध्न पुगें र त
निःस्वार्थ आफ्नो इच्छा आशा लछारेर हिंडे म
फाँटको के कुरा भीरको के कुरा अनि विकटताको
उत्साहले कठिनाइलाई पनि सकारेर हिंडे म
सुविधा असुविधाका बारेमा नसोध यो 'वसन्त' सँग
तिम्रा खातिर छातिभरि माया ओसारेर हिँडं म ।


**–वसन्त खत्री**

### कस्तो होला ?

सबै माया-माया जस्तै गरेपछि कस्तो होला
प्रेम गर्ने मायाको भर परेपछि कस्तो होला
जिन्दगीको बहानामा प्रेम सबै गर्दा रै'छन
मायालुको नजर यतै सरेपछि कस्तो होला
माया पाउन आत्तिएको मेरो मनको के हालत
खोक्रो मेरो खाली मन भरेपछि कस्तो होला
मेरै दिलमा बास बस्न आउनुपर्छ तिमी अब
मेरै दिलको खाली चाउरमा चरेपछि कस्तो होला
यो 'प्रकाश' लाई माया देऊ मायाले सजाऊ तिमी
यो प्रेमीलाई अक्षताले छरेपछि कस्तो होला ।

**–प्रकाश शर्मा**

### पाँच हाइकु



१. सेता परेवा
आकाशमा उडेको
लासै-लासमा

२. थुप्रो फोहोर
जताततै गन्धमा
बस्या माइला

३. ठेउला हात
नचाहिँदो स्वाङ्गका
लुमाका साथी

४. नीलो आकाश
लाखौं ताराहरूमा
धर्तीको बोझ

५. सभ्यतासाथ
असभ्य राजनीति
पहरेदार

**–एकलव्य राज**

### खोल्नै सकिनन्

खोल्नै सकिनन् आँखा आसु झरिरहेछन्
छातीमा लामो तीरको कष्ट सहिरहेछन्
जुन गर्भबाट जन्माइन त्यही आज लात हान्यो
खप्नै नसक्ने पीडा त्यो छातिमा पर्‍यो
जुन आशा पालेकी थिइन् निराशा झन् थप्यो
पाप गर्ने पापीहरूले आज आमाको शिर ढाल्यो
बक्नै सकिनन् व्यथा बेहोसमा परिछिन्
अस्तित्व गुमाउने छोराका कुकर्म देखिछिन्
अग्रणी ती साँढे जोरी खोजिरहेछन्
पापको पीर नगरी फेरि लात हानिरहेछन्
अस्तित्व आमाको हटाउने दाउपेचमा लागिरहेछन्
कैयौं दाजु र भाइको रगत चुसिरहेछन्
बोल्नै सकिनन् मुखले मनभरि भक्कानिँदै छिन्
कैयौंदेखि लागेका चोटको कष्ट सहिरहेछन्
उठौं है दाजुभाइ आमाको मुहार फेर्नलाई
नछोडौं कदापि कहिल्यै साँढेका अत्याचारलाई
जागौं है दिदी-बहिनी आमाको मुहार फेर्नलाई
साँढेका अत्याचारको मनपरी हामीले तोड्नलाई
फेर्नै सकिनन् सास पासो लगाइरहेछन्
ज्ञानी छोराछोरीको सहरा मागिरहेछन् ।

**– बी.बी. विश्व**

## लघुकथा

### अधिकार



अपूर्व रमझम छ चारैतिर । इतिहासको कुनै सन् साठीको दशकको घटना जस्तो प्रतीत हुन्छ, तर कुनै पनि घटनाक्रमको 'छ' पनि नजानेको रामलखनका वर्षौंदेखि खनीखेस्री गर्दै आएका मेहनती औलाहरू आज एकजुट भै एउटै मुठ्ठीमा कस्सिएका छन् । विद्रोहका ज्वालामा उम्लिएको रगतको वहाव उसको नसा-नसामा छ । घरिघरि सडकको कोलाहल र धुलोसँगै मिसिन्छ उसको आवाज 'कमैया मुक्ति जिन्दावाद' उसले अनसन बस्न पनि मान्यो । धर्ना बस्न तथा र्‍याली गर्न पनि जान्यो कुनै पनि बाधा अड्चनको सामना गर्ने सामर्थ्य उसमा पैदाभयो । आखिर मानव अधिकार विरोधी तथा सामान्ती प्रथाको अवशेषलाई उखेलेर फाल्न ऊ समर्थ भयो ।

त्यसैले आज ऊ निकै खुसी छ, जसलाई शब्द र आउभाउबाट व्यक्त गर्न उसलाई धौ-धौ परिरहेछ । उसले अब थाहा पायो अधिकार प्राप्त गर्न संघर्ष गर्नु पर्दोरहेछ, मैदानमा उत्रनुपर्दोरहेछ । तर जन्मदेखि नै अभाव, अशिक्षा र गरिबी विरुद्ध संघर्षरत उसका छोराछोरीको आधारभूत अधिकारको हनन भएकोमा ऊ मौन छ ।

**–रूपकुमार विश्वकर्मा**

# छापा मार्ने सरकारी नीति

**जितेन्द्र साह**



प्रहरीले लगातार केही दिनसम्म राजधानीका मनोरञ्जक स्थलमा छापा मार्‍यो । छापामारीको यो ठूलो अभियानमा प्रहरी जवानदेखि महानिरीक्षक (आईजीपी) सम्म सामेल भए । गृह तथा उपप्रधानमन्त्री वामदेव गौतमको निर्देशनसँगै द्रुत गतिमा चलेको यो कारबाहीमा पछिल्लो समयमा केही सुस्तता आइसकेको छ ।

'आफ्नो उपस्थिति देखाउन केही दिनलाई यस्तो गरिएको हो, हामीले सबै कुरा मिलाइसक्यौं,' ठमेलमा मसाजको नाउँमा भूमिगत वेश्यालय चलाइरहेका एक युवकले भने– 'अहिले त छापा मार्नुअघि नै फोन आउँछ, हामी सतर्क भैहाल्छौं ।' उनले ग्राहकको मागअनुरूप चलेको यो व्यवसायमा प्रहरी, महिला कामदार एवं स्थानीय निकायलाई प्रशस्त आम्दानी हुन्छ । मसाज र डान्सबारमा काम गर्ने युवतीहरूमा समेत पहिलेको झैं त्रास देखिएन ।

यस पंक्तिकारको अघिल्तिर नै केही युवासँग मोलतोल गरिरहेका केही युवतीले भने– 'हामीले स्वेच्छाले यो काम गरेका हौं, कसैले हामीलाई यहाँ बेचेको होइन क्यारे, त्यही भएर प्रहरी वा माइती नेपालजस्तो संस्थाले टाउको दुखाउनुपर्दैन ।' उनीहरूका अनुसार कानुनमा समेत कारबाही गर्ने स्पष्ट प्रावधान नभएकाले प्रहरीले डर देखाएर आर्थिक, शारीरिक एवं मानसिक शोषणबाहेक अरू केही गर्न सक्दैनन् ।

मसाज पार्लर, डान्स बार र डिस्कोमा छापा मार्ने परम्परा निकै पुरानो हो । यसमा प्रहरीको गजबको 'छापा नीति' लुकेको छ । पहिले र अहिलेको छापा मार्ने शैली र गतिमा मात्र फरक छ । यसअघि ती स्थलका साहूहरूसँग भएको सम्झौताअनुरूपको महिनाबारी रकम दिन ढिलाइ हुँदा वा रकम अपुग हुँदा तर्साउन छापा मार्ने नाटक हुन्थ्यो । प्रहरीको यो छापामारी त्रैमासिक परीक्षाझैं ठमेल, दरबारमार्ग, पुतलीसडक र बसपार्क क्षेत्रहरूमा वर्षभरि चलिरहन्छ । अहिले यही कार्य सरकारी निर्देशनमा यौन व्यवसाय र अपराध नियन्त्रणको नाममा भइरहेको छ ।

के यो गृहमन्त्रीको दीर्घ सोच र बुद्धिमताले भरिएको कदम हो त ? पक्कै होइन । एक जना नेतासँग कसैले सोधेछ– 'गरिबी हटाउन के गर्नुपर्छ ?' नेताको जवाफ थियो– 'सारा गरिबहरूलाई खतम पार्नुपर्छ, नरहे बाँस, नबजे बाँसुरी ।' सबैको चाहना छ– गृहमन्त्रीको अभियान यस्तो नहोस् ।

सम्बद्ध व्यवसायी, कानुनविद्, नागरिक समाज, मानवाधिकारवादी र अन्य अधिकारवादीहरूले हचुवाको भरमा यस खालको निर्देशन जारी गर्न नहुने औंल्याइरहेका छन् । व्यापक गृहकार्य र तयारीपछि मात्र यस प्रकारको कडा कदम चालिनुपर्नेमा सबै एक मत देखिन्छन् । यस्तो कारबाहीले सस्तो लोकप्रियता बटुलिए पनि समग्रमा नकारात्मक असर पर्न सक्छ । 'म मासिक कम्तीमा १५ हजार रुपैयाँ कमाउँछु, छोरीलाई महँगो बोर्डिङमा पढाउँछु, सरकारले मलाई यत्तिकै कमाई हुने वैकल्पिक रोजगार दिन सक्छ ?' दरबारमार्गको एक बार डान्सरले भनिन् ।

रोचक कुरा त के छ भने यति ठूलो कारबाहीलाई अघि बढाइरहेको प्रहरी प्रशासनसँग उपत्यकाभित्र भएका मनोरञ्जन स्थलहरूको लगत र सूचना छैन । उपत्यकाका तीनवटै प्रहरी कार्यालयमा यकिन तथ्यांकका लागि सम्पर्क गर्दा उनीहरूले महानगरपालिका, उपमहानगरपालिका र घरेलु तथा साना उद्योग कार्यालयमा सम्पर्क राख्न आग्रह गरे । ती निकायका सम्बद्ध अधिकारीहरूले एक-आपसमा समन्वयको अभाव देखाउँदै यकिन तथ्यांक दिन नसक्ने बताए ।

'कसैले स्थानीय कर तिरेर नगरपालिकामा र कसैले घरेलुमा दर्ता गर्छन्,' महानगरपालिकाका एक अधिकृतले भने– 'नियमअनुरूप स्थानीय निकायमा दर्ता गरेपछि घरेलुमा दर्ता गरिनुपर्ने हो, तर आ-आफ्नो सुविधाअनुरूप गर्छन् ।' ती अधिकारीका अनुसार यस विषयमा स्पष्ट कारबाहीको व्यवस्था नभएकाले मनपरी छ । घरेलुका एक अधिकृतले समेत स्थानीय र आफूहरूबीच समन्वय नहुँदा यकिन तथ्यांक दिन नसकिने बताए । 'दुवै निकायबीच समन्वय गरेर अघि बढ्ने निर्णय पहिला पनि भएको हो, तर यहाँ जे काम पनि रहरैरहरमा दुई चार दिन हुन्छ, सेलाएपछि सबै चुप लाग्छन्,' घरेलुका ती अधिकृतले भने– 'अहिले फेरि वातावरण तात्तिएको छ, जरोदेखि नै काम शुरु भए पो ?'

विभिन्न गैरसरकारी संस्थाहरूको अनुमानित तथ्यांकअनुसार काठमाडौं उपत्यकामा १ सय ७० मसाज, ३ सय भट्टी, १ सय ७५ क्याबिन रेस्टुराँ, सयभन्दा बढी डान्स बार, दुई दर्जन डिस्को र १ सय ५० को हाराहारीमा गजल, दोहोरी र लन्ज बार छन् । वार्षिक लाखौं रुपैयाँ राजस्व उठ्ने ती स्थलसँग हजारौं व्यक्तिको रोजगारी जोडिएको छ । क्याबिन रेस्टुराँमा मात्र ९ सय महिला, मसाजमा ७ सय र भट्टीहरूमा २ सय ४० महिला कार्यरत छन् । यो संख्यामा हरेक वर्ष दोब्बरले वृद्धि भैरहेको गैरसरकारी संस्थाहरूको अनुमान छ । यसैगरि राजधानीमा मात्र १० हजार यौनकर्मी भएको डरलाग्दो तथ्यांक छ ।

समग्रमा सरकारले वैकल्पिक रोजगार र तालिमको व्यवस्था नगरेसम्म राति ११ बजे काठमाडौं, १० बजे ललितपुर र ८ बजे भक्तपुर बन्द गराउँदैमा यौन व्यवसाय र अपराध नियन्त्रण हुने छैन । सरकारले वैकल्पिक रोजगार र उपायको प्रबन्ध नगरेसम्म विभिन्न स्वरूपमा यौन व्यवसाय चलि नै रहन्छ । 'हामीसँग हाम्रा नियमित ग्राहकको सम्पर्क नम्बर छ, हामी घर र डेरामा पुगेर पनि यौनसेवा दिनसक्छौं, यो कुनै सार्वजनिक अपराधसँग सम्बन्ध काम होइन, यो गोप्य र व्यक्तिगत पेसा हो,' नयाँ बानेश्वरको क्याबिनमा कार्यरत एक किशोरीले भनिन्– 'जबरजस्ती गर्ने र गराउनेलाई कारबाही हुन्छ, हामी पेसेवर महिलालाई होइन ।'

केही वर्षअघि चीन, थाइल्यान्ड, ताइवान र फिलिपिन्समा यस्तै खालको कारबाही गर्दा थुप्रै यौनकर्मी महिलाहरू नीलो चलचित्र उद्योगतर्फ मोडिएका थिए । अहिले ती मुलुकबाट आएका नीलो चलचित्र नेपाली बजारमा छ्यापछ्याप्ती पाइन्छ । वैकल्पिक रोजगारी नपाए नेपाली यौनकर्मीहरू यतातिर नमोडिएलान् भन्न सकिँदैन । भारतमा समेत डान्स बार बन्द गरिंदा त्यहाँ कार्यरत युवतीहरू 'कल गर्ल' का रूपमा सक्रिय यौन व्यवसाय र नीलो चलचित्रमा काम गर्न थालेका छन् ।

व्यवसायीहरूलाई तर्साएर प्रहरीमार्फत धेरै रकम असुल गर्ने वा भन्सार र विमानस्थलबाट मिडियाको ध्यान अन्यत्र मोडेर धन असुल्न चाहेको होइन भन्ने कुरा देखाउन पनि गृहमन्त्रीले समस्याको जरो पहिचान गर्नुपर्छ । काठमाडौं उपत्यका वा सारा मुलुकलाई सुरक्षित बनाउने विशेष सुरक्षा अभियानमा कसैको विमति हुन सक्दैन, तर मसाज, डान्स बार र क्याबिन रेस्टुराँमा छापा मारी पक्राउ परेका किशोरी, महिला र युवतीको संख्या देखाएर सुरक्षा व्यवस्था कडा हुँदैन ।



तस्बिर : सागर श्रेष्ठ

# दुई भिन्न नग्नता

अमृत भण्डारी

काठमाडौंमा वादी महिलाको अर्धनग्न विरोध प्रदर्शनका बारेमा धेरै लेखिए। वर्तमानमा विश्वले नग्नतालाई सामान्य नै मान्न थालेको छ। मानिसमा हुने उत्सुकता, आक्रोस र समवेदनाको पराकाष्ठाले यस्तो प्रवृत्तिको विकास हुन्छ। नेपालको इतिहासमा धोती-चोलो खोलेर ब्रा र पेटीकोटमा मात्र नेपालकै मुटु मानिने काठमाडौंमा दिउँसै विरोधमा उत्रनुले सदियौंदेखिको वादी महिलाको कुण्ठालाई उजागर गरेको हो। उनीहरू पहिचानको खोजीमा छन्।

नग्न विरोध प्रदर्शनका बारेमा खोजी गर्ने क्रममा मैले पहिले बीबीसीको वेबसाइट हेरेको थिएँ। यसै क्रममा भेटिएको एउटा प्रसंग प्रस्तुत गरौं– सन् १९९८ देखि बारम्बार नाङ्गै हिंड्न पाउनुपर्ने स्वतन्त्रताको माग गर्दै बेलायतको कोभेन्ट्रेका भिन्सेन्ट बेथेल सडकमा नाङ्गै उत्रिए। एक प्रश्नको जवाफ दिँदै उनले भने- मैले १९९८ को जुलाईमा पहिलो पटक सार्वजनिक रूपमा सबै कपडा खोलें, तर त्यसभन्दा पहिले म चिठी लेख्ने एक अभियानमा लागेको थिएँ। उनले उक्त चिठीमा प्रहरी र सम्बन्धित सरकारी अधिकारीलाई नाङ्गै हिंड्ने अधिकार खोज्नु के अपराध हो भनी सोधेका थिए। उनको प्रश्नको जवाफमा स्थानीय एक अधिकारीले उनलाई यो विषय अति शंकास्पद लागेको र यसको उत्तर जनताले दिने बताएका थिए। यो उत्तरपछि बेथेलले अब आफैं केही गर्नु पर्ने निष्कर्ष निकाले।

बेथेललाई लाग्छ मानिसले आफ्नो शरीरलाई आनन्ददायक ढंगमा राख्नुपर्छ। यदि हामी सबैले धेरै मानिसलाई नाङ्गै देख्यौं भने त्यसले केही फरक पार्दैन। हामीले बेरेका कपडाले हामी सबै मानिस भएर पनि हामीलाई नै फरक देखाएको छ। सानो छँदा मेरा बाबुआमा, दिदी पनि त नाङ्गै हिंडे तर अहिले मेरी आमाले मलाई नाङ्गै सडकमा हिंडेको थाहा पाए सहनेछैनन्- उनले समाचार माध्यममा यसरी आफ्नो अनुभव बताएका छन्। बेथेल सधैं मानिसको व्यवहारका बारेमा बुझ्न इच्छुक हुन्छन्। मानिसको शरीरमा एक किसिमको अनौठो जवाफ हुन्छ। यसको खोजीका लागि यदि म नाङ्गै हिंडिनँ भने कतै मैले नाङ्गै हिंड्न पाउने अधिकारको विरुद्धमा त लागको छैन भन्ने लाग्यो। मलाई खोज्न मन लाग्यो- किन मानिस नग्नतालाई यति घृणा गर्छ ? मैले शरीरको बचावटका लागि लडिरहेको होइन कि बरु नग्नताको सोचलाई परिवर्तन गर्न खोजेको हुँ- बेथेलले बताएका छन्। उनलाई प्रहरीले समातेर पाँच महिनाका लागि ब्रिस्टोन जेलमा हालेको थियो। उनले जेलमा पनि कपडा लगाउन अस्वीकार गरे तसर्थ उनलाई एक्लै राखियो।

यसरी मानिसले विश्व परिवेशमा नाङ्गै हिंडडुल गर्न पाउनुपर्ने अधिकारको खोजीमा नाङ्गै विरोध प्रर्दशन गर्ने शैलीको विकास गरेका थिए। भारतको गुजरातमा केही वर्ष पहिले एक युवती सडकमा उत्रिइन्। २२ वर्षकी ती युवतीलाई घरमा श्रीमान् तथा सासू-ससुराले दाइजो नल्याएको बताउँदै यातना दिन थालेपछि उनले त्यसको विरोधमा उनीहरूलाई लज्जास्पद बनाउनकै लागि नाङ्गै सडकमा आएको बताइन्। हिन्दू समाजमा भएको विरोधको यस्तो शैलीले अन्तर्राष्ट्रिय मिडियाको समेत ध्यानाकर्षण गरेको थियो। विरोधका यस्ता शैलीले मानवसमाजलाई कता लान्छ त्यो त हेर्न बाँकी नै छ। नेपालमा पनि यसको सुरुवात वादी महिलाबाट भएको छ। बुझ्नुपर्ने कुरा के छ भने नेपालमा बरू नाङ्गै विरोध गर्न सडकमा आउन प्रहरीले पनि अवरोध नगरे हुन्छ। किनभने सडकमा जलाइने टायर, फालिने ढुङ्गा र पुऱ्याइने क्षतिभन्दा नग्न विरोध बढी प्रभावकारी हुन्छ र यसबाट कुनै क्षति पनि हुँदैन।

राष्ट्रपति जर्ज बुसको विरोध गर्दा पनि अमेरिकामा १२ जना युवतीको एक समूहले केन्द्रीय पार्कमा नाङ्गै प्रदर्शन गरे। विश्वका अस्ट्रेलिया, बेलायत, हङकङ, दक्षिण अफ्रिकाजस्ता देशमा नाङ्गै विरोधमा उत्रने संस्कारको विकास भैसकेको छ र मानिस प्रकृतिको नजिक पुग्न र त्यसको आनन्द लिन कृतिम कपडा लगाएर हुँदैन भन्ने निष्कर्षमा पुग्न थालेका छन्। विश्वबजार संगठनको विरोधमा होस् वा अमेरिकाले इराकमा गरेको आक्रमणको विरोधमा नाङ्गै सडकमा उत्रनेहरूको संख्या बढिरहेको छ। अर्धनग्नताले नेपाललाई पनि छोइसकेको छ। न्युजिल्यान्डमा त पुरुषहरू एकै ठाउँमा जम्मा भएर आ-आफ्नो गुप्ताङ्ग प्रदर्शन गर्छन्। अस्टेलियाका ७ सय महिला सन् २००३ मा इराक युद्धको विरोधमा नाङ्गै सडकमा उत्रिएका थिए। कतै पशुलाई चिडियाखानामा राखेको विरोधमा नाङ्गै विरोधमा उत्रिएका समाचार पनि पढ्न पाइन्छ। पशु कल्याणका लागि होस् वा मानिसकै अधिकारको खोजीमा होस् नाङ्गै प्रदर्शनमा उत्रने शैलीको अनुसरण जताततै बढेको छ। यसले मानिसको उत्सुकतालाई कम गर्न मद्दत पुगेको केही मनोविज्ञ बताउँछन्।

भारतकी युवतीले गरेको नग्न विरोध र नेपालका वादी महिलाको अर्ध नग्नतामा चरम भौतिक विकास र विलासिताको जागरण भने छैन। यिनमा कुण्ठा आवेग, रिस र विपन्नताका स्वर छन्, तर विकसित मुलुकमा गरिएका नग्न विरोधमा चरम स्वतन्त्रताका स्वर छन्। यिनीहरू मौलिक अधिकारको हनन भएर उदास भै नाङ्गै विरोध गर्न बाध्य बनाइएका हुन् भने विकसित देसमा नग्नता एक खोज र अनुसन्धानको विषय भएको छ। उनीहरू अतिरिक्त अधिकारको लडाइँका लागि नग्न विरोध गर्छन भने नेपालका वादी महिला न्यूनतम मानवीय अधिकारका लागि राज्यलाई लज्जित बनाउन अर्धनग्न हुन्छन्।

विकासक्रम र परिस्थितिअनुसार विकसित देशका जनता पनि सरकारसँग आफ्ना माग राख्न विरोधमा उत्रन्छन्, तर बन्दको आह्वान गर्ने, ढुङ्गामुडा गर्ने, टायर जलाउने काम गर्दैनन् भन्ने हामी विकासोन्मुख देशका जनताले पनि बुझ्नु आवश्यक छ।

*(लेखकले मानवशास्त्रमा स्नातकोत्तर गरेका छन्।)*



## योगाको क्रेज

भिषा काफ्ले

धनकुटा- दैनिक बिहान चार बज्दा-नबज्दै हाई काड्दै धनकुटा– ७ कि २० वर्षीया दीपा थापा त्रिवेणी सांस्कृतिक समूहको हलमा आइपुग्छिन्। उनी सांस्कृतिक समूहको हलमा गीत-संगीत सिक्न होइन, योग अभ्यास गर्न आउँछिन् अनि दुई घण्टाको योग प्रशिक्षण गरेर घर फर्कन्छिन्। किन त ? थापा भन्छिन्- 'स्वस्थ रहन, दैनिक योगले शारीरिक अध्यास त हुन्छ नै, मानसिक रूपमा पनि दिनभर स्फूर्ति आउँछ।' आस्था च्यानलबाट रामदेवको योग हेरेकी दीपाले योगकक्षा धाउनुको अर्को कारण हो, तल्लो पेट दुख्ने पीर। च्यानलहरूबाट योग गरे तल्लो पेट दुख्ने समस्या समाधान हुने कुरा सुनेकी थापा विश्वस्त छिन्, योगले उनको रोग निको हुन्छ। उनी योग कक्षा धाउन थालेको एक साता पनि भएको छैन, तर पहिलेको भन्दा निकै सन्चो हुँदै छ।

आधा घण्टाको बाटो हिंडेर बिहान चार बजे नै योग सिक्न आउने धनकुटा-३ आत्माराकी ५० कटेकी सुशीला गुरागाईंले पनि योग गर्न थालेको एक साता हुन लाग्यो। लामो समयदेखि खुट्टा दुख्ने रोगबाट पीडित गुरागाईंले पनि पीडा कम हुँदै गएको अनुभव गरेकी छिन्। उनी पूर्ण विश्वासमा छिन्– लगातार योग अभ्यास गर्नाले खुट्टा दुख्ने रोग बिसेक हुनेछ। मेडिकलहरूमा पाइने औषधीहरूले रोगीमा साइड इफेक्ट बढी हुने र लामो समय पछि रोग पुनः बल्कने क्रम बढेपछि मानिसहरू योग गर्न थालेका छन्। यस्तै मेडिकलको औषधी छोडेर योग गर्न थालेकामध्ये एक हुन् धनकुटा- ७ का शिव श्रेष्ठ। श्रेष्ठले योग गर्न थालेको दुई महिना भयो। उनलाई ग्याँस्ट्रिक र युरिक एसिडले सताएको निकै वर्ष भयो। उनले डाक्टरको दबाई पनि निकै सेवन गरे, तर कहिल्यै निको भएन। समस्या कम मात्र हुन्थ्यो तर योग गर्न थालेको दुई महिनामै ग्याँस्ट्रिक त पूरै निको भैसक्यो, युरिक एसिड अब केही मात्रामा निको हुन बाँकी छ। श्रेष्ठ भन्छन्– 'दैनिक योगले मानिसको स्वास्थ्यमा आकाश-पताल फरक ल्याउँदो रहेछ।' श्रेष्ठ थप्छन्- ग्याँस्ट्रिकले मलाई यति सताएको थियो कि अल्सर नै भैसकेको जस्तो लाग्थ्यो, अहिले नयाँ जीवन पाएजस्तो लाग्दैछ।'

दीपा, सुशीला र शिव मात्र होइन, दैनिक २०/२५ जना योग सिक्न त्रिवेणी संस्कृतिक समूहको हलमा बिहान चार बजे नै उपस्थित हुन्छन् र दुई घण्टाको योग अभ्यास गरेर घर फर्कन्छन्। योग अभ्यासले उनीहरूमा शारीरिक तन्दुरुस्ती मात्र नभै मानसिक स्फूर्ति पनि जगाएको छ। लगातार दुई वर्षदेखि योग अभ्यास गर्दै आएर अहिले योग प्रशिक्षण दिइरहेका प्रशिक्षक किरण राई भन्छन्- 'दैनिक योग अभ्यासले दबाईको आवश्यकता नै पर्दैन। योग अभ्यासले जुनसुकै रोगको पनि प्रतिरोध गर्छ।' प्रशिक्षक राईका अनुसार 'योग अभ्यासका क्रममा दिइने आध्यात्मिक सुझावले मानसिक तनाव कम गर्छ।' यद्यपि योगका नाममा जे पायो त्यही गर्न थाल्यो भने अर्को समस्या खडा हुने राई बताउँछन्। योग गर्दा नियम संगत गर्नुपर्ने उनको धारणा छ। पतञ्जली योग पीठ हरिद्वारबाट प्रशिक्षित स्वामी रामदेवका चेलाहरूबाट १५ दिने टिचर ट्रेनिङ लिएर आएका तीन जना धनकुटेलीले थालेको योग अभ्यास प्रशिक्षण अहिले धनकुटामा पनि निकै प्रभाव पार्दै आएको छ। विशेषतः मोटोपन बढी भएका तथा दीर्घरोगी वृद्धहरूमा योगप्रति निकै चासो छ भने युवापुस्तामा पनि यसले प्रभाव पारेको छ। धनकुटामा योग अभ्यास प्रशिक्षण सञ्चालन भएको यो नै पहिलो पटक भने होइन, यसअघि बाहिरबाट प्रशिक्षक झिकाएर योग प्रशिक्षण हुँदै आएको थियो तर अहिले धनकुटाकै किरण राई, पुस्कर जोशी तथा अनिल लामाले टिचर्स टेनिङ्ग लिएर आएपछि भने त्रिवेणी संस्कृतिक समूहले दैनिक योग प्रशिक्षण कक्षा सञ्चालनमा ल्याएको छ।



## पारिवारिक स्वास्थ्य



डा. बालकृष्ण साह

पवित्रा मगर २६ वर्षीया विवाहित गृहणी हुन्। विगत केही समयदेखि उनलाई तल्लो पेट दुख्ने, बारम्बार पिसाब आइरहने तथा पोल्ने समस्याले सताएको छ। चिकित्सकसँग जाँच र विभिन्न परीक्षण गरेपछि उनलाई 'पिसाबको संक्रमण' अर्थात् (ई.टी.आई.) भएको थाहा भयो। त्यस्तै ४० वर्षीया हेमा आलेको पनि उस्तै समस्या छ। उनलाई पनि तल्लो पेट दुख्ने, पिसाब पोल्ने, योनिमार्गबाट सेतो पानी जाने तथा चिलाउनेजस्ता समस्याले सताएको छ। विभिन्न जाँच तथा परीक्षण गर्दा उनलाई पी.आई.डी. अर्थात् (पेल्भिक इन्फ्लामेटरी डिजिज) भएको कुरा थाहा भयो।

**के हो यू.टी.आई. र पी.आई.डी. ?**

ई.टी.आई, भनेको पिसाब नली, पिसाब थैली तथा मृगौला सम्मको ब्याक्टेरीयल सङ्क्रमण हो। महिलाहरूको पिसाब नली (युरेथ्रा) सानो अर्थात् करिब ४ सेन्टिमिटरको मात्र हुन्छ। उनीहरूको योनिमार्ग तथा मलाशयमा प्राकृतिक रूपमा पाइने ब्याक्टेरिया सजिलै पिसाबनलीमा पुग्छ, जसका कारण महिलाहरूमा ई.टी.आई. हुने सम्भावना बढी हुन्छ। २० वर्ष नाघेका करिब एकतिहाई महिलामा कम्तीमा एकपटक ई.टी.आई. भैसकेको हुन्छ। पानी कम खाने, पिसाबमार्गको पत्थरीले ई.टी.आई. को सम्भावनालाई अझ बढाउँछ। गर्भावस्थामा पाठेघर ठूलो हुन्छ। यसले पिसाब नली (युरेथ्रा) लाई थिच्छ, यो अवस्थामा ई.टी.आई. हुने सम्भावना बढी हुन्छ। ई.टी.आई. पुरुषलाई नहुने त होइन, तर तुलनात्मक रूपमा महिलालाई बढी हुन्छ। ई. कोलाई नामक ब्याक्टेरिया ई.टी.आई. को प्रमुख कारण हो। ई.टी.आई. भएको बेला ज्वरो आउने, वान्ता हुने, पेट दुख्ने, बारम्बार पिसाब आउने तथा पिसाब पोल्ने आदि हुन सक्छ।

पी.आई.डी. मुख्य रूपमा महिलाहरूको यौनअङ्गको संक्रमण हो। एउटा जीवाणुले एउटा मात्र अङ्गलाई संक्रमण नगरेर विभिन्न थरीका जीवाणुले तल्लो यौनाङ्गलाई संक्रमित गरेको हुन्छ। तल्लो पेट दुख्ने, योनिमार्गबाट सेतो पानी तथा पीप बग्ने, यौनाङ्ग चिलाउने, मन्द ज्वरो आउने तथा पिसाबको खराबी हुन सक्छ। पी.आई.डी. हुँदा महिलाहरूमा मानसिक तनाव पनि हुन सक्छ। त्यसैले यस्तो बेला खानामा रुचि कम हुने, टाउको दुख्ने आदि पनि हुन सक्छ।



**यसको उपचार छैन ?**

व्यक्तिगत सरसफाइमा ध्यान पुऱ्याउने तथा पानी धेरै पिउने जस्ता सामान्य उपायले पनि यो समस्या कम गर्न सकिन्छ। भरसक तनावमा नबस्ने, यसबाट आफूलाई परै राख्ने। गर्भावस्थामा अत्यधिक मात्रामा पानी सेवन गर्ने। यसबाहेक पिसाबको परीक्षण गरेर केही एन्टिबायोटिक्सको प्रयोगले यस्ता रोगबाट सजिलै मुक्त हुन सकिन्छ।

*(डा. शाह मेची अञ्चल अस्पताल, झापामा कार्यरत छन्।)*

# तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?

कुन ठाउँमा बस्न हुन्छ भनेर सोचिरहन्छु, किनकि नेताहरू पनि त टाइमपास गर्न कुर्सी हेरिरहन्छन् नि होइन र ?

**शमशेरबहादुर राई, ओखलढुंगा**

साप्ताहिक पढ्छु।

**सुविन श्रेष्ठ, हेम्जा, पोखरा**

फरक-फरक व्यक्तिका फरकफरक व्यवहार भएझैं मैले टाइमपास गर्ने अभ्यास कहिल्यै गर्नुपरेको छैन, एकान्तमा गीत-संगीत सुन्ने, सन्देशमूलक पत्रपत्रिका पढ्ने।

**सुधा (२३), रुपन्देही, बुटवल**

म रेडियोमा गीत सुन्छु।

**सरू शर्मा, कालिकास्थान**

टाइमपास गर्न खासै गाह्रो हुँदैन। तपाईं पनि एउटा सुन्दर सेक्सी युवतीसँग प्रेम गर्नुहोस्, अनि त थाहा भैहाल्छ नि।

**सिजन श्रेष्ठ, संखुवासभा**

पत्रिका पढ्छु, साहित्य सिर्जना गर्छु, साथी बनाउँछु, फिल्म हेर्छु, डुल्छु तर सम्पादकज्यू तपाईंलाई जस्तो फुर्सद मलाई हुन्न किनभने म विद्यार्थी भएकाले धेरैबेर पढ्छु।

**प्रकाश शर्मा अनुरागी (१७), सिम्लेटार**

साथीहरूलाई मिसकल दिएर।

**शान्ति श्रेष्ठ, थिमी नपा-१२**

म त कहिले ससुराली गएर साली जिस्काउँछु, कहिले आँखा बन्द गरेर टेलिभिजन हेर्छु।

**उज्ज्वलकुमार बोहरा, बझाङ**

नेपालीहरूलाई यो समस्याचाहिँ छ नि, काम छैन फुर्सदै फुर्सद, के गर्ने होला ? राजनीतिका गफ गर्‍यो, टायर बाल्यो, बाटो छेक्यो, टाइम पासको मेलो त हो।

**कपिल भण्डारी (२१)**

बेरोजगार हुँ रोजगारी खोज्दा-खोज्दै टाइमपास हुन्छ, अरू केही गर्नै पर्दैन।

**प्रेम लिम्बू (२२)**

विदेशमा टाइम नभएर आपत छ, हामीलाई टाइमपास गर्न गाह्रो छ। हाम्रो विकास नहुने कारण यही त हो नि।

**श्रेया श्रेष्ठ (२३),**

आफूलाई त अर्काको कुरा काट्दैमा फुर्सद हुँदैन, केको टाइम पास गर्नु नि !

**सरिता लुईंटेल (२४), पोखरा**

तपाईंलाई टाइम पास गर्नु छ भने हाम्रो क्याबिन रेस्टुराँमा आउनुहोस् न सम्पादकज्यू।

**दिवाकर राई (२२)**

के गर्नु, कुकुरको काम पनि छैन फुर्सद पनि छैन भनेजस्तो छ आफ्नो त !

**प्रभात कार्की (२०)**

गाई चराउन जाने, गाँजा तान्ने, रोमान्टिक पत्रिका लाने, यस्तै गर्दाखेरि भएँ हजुर जेल जाने।

**केशव हिमाल खनाल (२२)**

साथीहरूसँग फोन गरेर, पत्रपत्रिका पढेर, रेडियो सुनेर म टाइम पास गर्छु।

**सरस्वती दनुवार**

खै ! मेरो त त्यत्तिकै पास हुन्छ, केही गरे जस्तो पनि लाग्दैन, केही गरौंला जस्तो पनि लाग्दैन।

**विनोद खतिवडा, इनरुवा**

पत्रिकाहरू पढ्यो बस।

**sachin_h20@yahoo.com**

यत्रा बेरोजगार भएको देशमा टाइमपास गर्न केको गाह्रो ? तास खेल्ने त हो नि।

**केशव**

बत्ती भए टेलिभिजन हेर्छु नत्र कतै घुम्न जान्छु र साथीसँगै भेटघाट गरेर टाइम पास गर्छु।

**सन्दीप निरौला**

म त टाइमपास गर्न फिल्म हेर्छु।

**राजु सिम्खडा, धादिङ**

म टाइम पास गर्न साथीहरूसँग लास्टै जोक्स गर्छु। कहिलेकाहीं साइबर गयो च्याट गर्‍यो अनि मोबाइल हातमा लियो साथीहरूलाई एसएमएस गर्‍यो। इनबक्समा भएका म्यासेज पढ्यो तथा सेन्ट आइटम्स पनि पढ्छु। अनि शुक्रबारचाहिँ साप्ताहिक पढ्छु, त्यति नै गरेर समय बितिरहेको छ...।

**निर्मल बिष्ट, काठमाडौं**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
२. यो संसार कस्तो छ ?
३. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
४. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
५. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
६. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
७. नेपालको राजनैतिक हिरो को हो ? किन ?
८. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
९. सबैभन्दा ठूलो धर्म के हो ?
१०. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?



## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २७ वर्षीय अविवाहित युवक हुँ। मैले विगत १२-१३ वर्ष अघिदेखि हस्तमैथुन गर्दै आएको छु। दिनको सात-आठ पटकसम्म हस्तमैथुन गर्दा पनि पाँच-छ वर्षसम्म कुनै समस्या आएन, तर पछिल्ला दिनहरूमा मलाई अत्यधिक डर, भय, ग्लानि, त्रास र चिन्ताले गर्दा बेचैन बनाइरहेको छ, जसले गर्दा मैले मानसिक रोगको औषधीसमेत खाएँ। समस्याको समाधान भएन र अहिले औषधी पनि खान छाडिदिएँ। हाल आएर उत्तेजना आउँदैन, लिंग उत्थान हुँदैन, वीर्य पनि झर्दैन, यौन सम्पर्क गर्ने इच्छा पनि छैन। अब के गर्ने ? विवाह गर्ने पारिवारिक दबाब आइरहेछ। पछि गएर समस्या पर्ने हो कि ?**

**– जी.आर.**

**उत्तर : हस्तमैथुनको असर**

सम्प्रदाय वा समुदायअनुरूप विभिन्न सामाजिक नियम बनाइएका हुन्छन्। यौन क्रियाकलापको मामिलामा पनि यही कुरा लागू हुन्छ। सामान्यतः हाम्रो मुलुकमा यौन क्रियाकलाप गर्न केही निश्चित स्थितिबाहेक अनुमति दिइएको देखिँदैन। विवाहभित्रको यौनसम्पर्कलाई प्रायः सबैजसो समुदाय वा धार्मिक सम्प्रदायले मान्यता दिएको देखिन्छ। विवाहबाहिरको यौनसम्पर्कलाई भने कुनैमा एकदमै कडा बन्देज छ भने कुनैमा बन्देज अति नै खुकुलो छ। यस्तो बन्देज वा खुलापन यौनसम्पर्कमा मात्र सीमित नभै अन्य यौन क्रियाकलापमा पनि बनाइएको पाइन्छ। हस्तमैथुन यसको उदाहरण हो।

विभिन्न धार्मिक ग्रन्थमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हस्तमैथुन जस्तो क्रियाकलापमा बन्देज लगाउने प्रयास भएको देखिन्छ। लिङ्गपूजन गर्ने हिन्दू समाजमा पनि हस्तमैथुनलाई सहज तथा स्वाभाविक रूपमा हेरिएको देखिँदैन। हस्तमैथुनप्रति नकारात्मक प्रभाव कसरी र किन सुरु भयो भनेर किटान गरेर भन्न सकिने स्थिति छैन। कारणहरूलाई हेर्ने हो भने पहिले सानै उमेरमा विवाह हुने भएकाले हस्तमैथुनको आवश्यकता पनि कम थियो होला र तुलनात्मक रूपमा धेरै व्यक्तिले गर्ने यौन क्रियाकलापका रूपमा लिइँदैन थियो होला, त्यसैले पनि यसलाई असामान्य मानिएको होला। स्पष्ट रूपमा नभए पनि मानवमा अर्को व्यक्तिको यौन व्यवहारलाई कुनै न कुनै किसिमले नियन्त्रण गर्ने चाहना भएको देखिन्छ। हस्तमैथुनमा यस्तै केही भएको हुनसक्छ। त्यसैले हस्तमैथुनले विभिन्न नकारात्मक प्रभाव पार्छ वा यो पापकर्म हो जस्तो कुरा गरेर नियन्त्रण गर्ने प्रयास गरिएको जस्तो देखिन्छ।

अहिले विवाह गर्ने उमेर निकै पछिल्तिर घकेलिएको छ र आफ्नो यौनेच्छा शान्त पार्न हस्तमैथुनको सहारा लिनु स्वाभाविक कुरा नै हो। वैज्ञानिक रूपमा नै यो एक स्वाभाविक प्रक्रिया हो, सामान्य तथा यौन स्वास्थ्यमा यसको कुनै असर पर्दैन भन्ने कुरा प्रमाणित भैसकेको छ। यसका आफ्नै नकारात्मक असर नहुँदा-नहुँदै पनि समाजमा यसप्रतिको गलत धारणाले निकै समस्या निम्त्याएको छ। यसप्रति कडा प्रतिबन्ध लागेको र गलत तरिकाले यसका नकारात्मक असरहरूका बारेमा चर्चा गरिँदा कुनै पनि व्यक्तिको मानसिकतामा असर पर्न सक्छ। तपाईंको सन्दर्भमा पनि यस्तै केही भएको हुन सक्छ। हुन त हस्तमैथुनको कुराबाहेक तपाईंलाई चिन्ता वा त्रास हुनसक्ने जीवनका अन्य कुराका बारेमा लेख्नुभएको छैन। कुरा जे भए पनि तपाईंले हस्तमैथुनमाथि आफ्नो समस्याको दोष थोपर्नु उचित हुँदैन।

**समस्या के होला ?**

माथि नै भनिसकियो कि हस्तमैथुन स्वाभाविक यौन क्रियाकलाप हो, तर तपाईं कस्तो यौन वातावरणमा हुर्कनुभयो राम्रोसँग लेख्नुभएको छैन। यदि तपाईं यौन संकुचित वातावरणमा हुर्कनुभएको हो र यस विषयमा समाजमा विद्यमान नकारात्मक धारणा र कडा रूपमा वर्जित गरिएको स्थितिमा हुर्कनुभएको हो र त्यसका बाबजुद मनमा एक प्रकारको द्वन्द्व भएको स्थितिमा पनि हस्तमैथुन गर्नुभएको हो भने तपाईं एक किसिमले दोषीपनको सिकार हुन पुग्नुभएको छ। तपाईंले शरीरले प्राकृतिक रूपमा नै मागेको भए पनि मनभित्र द्वन्द्वको स्थितिमा त्यसलाई निरन्तरता दिँदा स्वाभाविक रूपमा विभिन्न किसिमका मानसिक असरहरू पर्न सक्छन्। तपाईंका लक्षणहरू हेर्दा यी सबै मानसिक असर पुगेको देखिन्छ।

तपाईंले हस्तमैथुनको कुराबाहेक आफ्नो जीवनमा यसरी मानसिक असर पर्ने समस्या छन् कि छैनन् भन्ने कुरा पत्ता लगाउने प्रयास गर्नुहोला। यदि छन् भने यसैअनुसार समाधानको बाटो पहिल्याउनुपर्ने हुन्छ। तपाईंले मानसिक रोगको औषधीसमेत खाएको कुरा गर्नुभएको छ। तपाईंले मनोरोग विशेषज्ञलाई देखाउनुभएको हो-होइन पक्का भएन। यदि हो भने पक्कै तपाईंको समस्या के हो भनेर चिकित्सकले बुझ्नुभएकै होला। तपाईंले उक्त औषधी किन छोड्नुभयो भन्ने कुरा पनि लेख्नुभएको छैन। मानसिक रोगको औषधी चिकित्सकको सल्लाहविना त्यसै मन लाग्दा खाने र मन नलागे छोड्ने काम गर्नु हुँदैन। यदि अन्य कुनै स्रोतबाट तपाईंले त्यसै मानसिक रोगको औषधी खानुभएको हो भने त्यसलाई निरन्तरता दिनु, छोड्नु वा पुनः सुरु गर्नुभन्दा पहिले चिकित्सकको सल्लाह आवश्यक पर्छ, तर त्यस्तो केही छैन र यो हस्तमैथुनको कुरा मात्र हो भन्ने लाग्छ भने त्यसलाई मनबाट निकालिदिनुभए हुन्छ। हस्तमैथुनले मात्र त्यस्तो असर गर्दैन भन्ने कुरामा ढुक्क हुनुभए हुन्छ।

**के विवाह गर्न हुन्छ ?**

यौन विवाहको मूल धुरीका रूपमा पनि रहेको हुन्छ। यसलाई सुचारु रूपमा निरन्तरता दिनु अनि यौन सुख प्राप्त गर्नु यसको ध्येय पनि हुन्छ। तपाईंको कुरालाई मनन गर्ने हो विवाह गर्नुभन्दा पहिले तपाईंले समस्याको समाधान खोज्नु बेस हुन्छ। अहिले तपाईंसँग मात्र भएका यी यौन समस्यामा अर्को व्यक्तिको प्रवेश हुन्छ र त्यसलाई पनि व्यवस्था गर्नु पर्दा बोझ थपिन्छ र कहिलेकाहीं समस्यामा जटिलता बढ्छ।

तपाईंले अनावश्यक रूपमा निराश हुनुपर्ने वा भय लिनुपर्ने कुनै कारण म देखिदनँ। अनावश्यक रूपमा चिन्ता लिँदा समस्या कम हुनुको सट्टा अझ बल्झिन्छ भन्ने कुरा तपाईंलाई थाहै हुनुपर्छ। तपाईंले यति लामो समयसम्म दिनमा थुप्रै पटक हस्तमैथुन गर्नुभएको कुरा उल्लेख गर्नुभएको छ, जसले तपाईंमा पर्याप्त यौनचाहना भएको देखिन्छ। यसैलाई पुनः स्थापित गर्न सके अर्को व्यक्तिसँग यौनसम्बन्ध गाँस्न वा विवाह गर्न कुनै बन्देज गर्नुपर्ने देखिँदैन।

# वामदेवको लाठी झापामा पनि

झापा– गृहमन्त्री वामदेव गौतमले यौनजन्य गतिविधिमा निगरानी बढाउने बताएलगत्तै उपत्यका बाहिरसमेत त्यसको प्रभाव परेको छ। पूर्वको झापामा यौन गतिविधि चलाउँदै आएको आरोप लागेको दमक, बिर्तामोड, काँकडभिट्टा आदि स्थानमा अहिले क्याबिन रेस्टुराँ तथा डान्सघरमा प्रहरीले निगरानी बढाउँदै गएको छ। प्रहरीले अहिले यस्ता गतिविधि गर्नेहरूलाई पक्राउ गरी कारबाहीसमेत गर्न थालेको छ।

केही साताअघि प्रहरीले होटलमा महिला कामदार राखी यौनजन्य क्रियाकलापमा संलग्न भएको भन्दै दमकमा होटल सञ्चालन गर्दै आएकी ममता नामकी महिला अधिकारवादीहरूको सहयोगमा पक्राउ गरेको थियो। उनीमाथि महिला बेचबिखन गरेको अभियोग लगाइएको छ। उनको साथबाट प्रहरीले यौन उत्तेजना बढाउने किसिमका अवैध औषधीसमेत फेला पारेको बताइन्छ।

यतिमात्र होइन, प्रहरी प्रशासनको मिलेमतो रहेको भनेर शंका गरिएको यो व्यवसायमा संलग्नहरूलाई प्रहरीले भटाभट पक्राउ गरेपछि अहिले उक्त शंका निवारण भएको नारी एकता मञ्च, दमककी अध्यक्ष सुमित्रा प्रसाईंले बताइन्।

यता अहिले झापामा बेलुका ८ बजेअगावै होटल बन्द गरी कार्यरत महिला कामदारलाई बिदा गर्नुपर्ने, होटलका क्याबिन हटाउनुपर्नेजस्ता सहमति गरिएको दमक नगरपालिकाका अधिकृत पशुपति खतिवडाले बताए। अहिले झापामा सञ्चालित 'यौनजन्य' क्रियाकलाप गर्ने अवैध होटलहरू धमाधम बन्द भएको झापाका प्रहरी प्रमुख राजेन्द्र श्रेष्ठ दाबी गर्छन्। झापामा यस्ता २ सयभन्दा बढी होटल रहेको बताइन्छ।

**–युवराज विवश**



राजधानीमा रात्रि मनोरञ्जनमाथि लगाइएको प्रतिबन्धको विरुद्ध भएको विरोध प्रदर्शन।

# जन्मथलोमा गायकहरू

लमजुङ– लमजुङको सदरमुकाम बेसीसहरमा छुट्टै रौनक छाएको थियो। आफ्नै जिल्लामा जन्मी हुर्की देशविदेशमा छुट्टै पहिचान बनाइसकेका चर्चित लोकगायकहरूको प्रस्तुति हुने भएपछि रौनक नहोस् पनि किन ? लमजुङका गायकद्वय राजु परियार र कृष्ण गुरुङको संयुक्त सांगीतिक प्रस्तुति थियो सदरमुकाम बेसीसहरमा। दसैंको किनमेलसँगै गायकद्वयको प्रस्तुतिले बेसीसहरको चहलपहल बढेको थियो।

गुरुङ (तमु) हरूकै उद्गम थलो लमजुङमा कृष्णले आधा दर्जन चर्चित गुरुङ भाषाका गीत गाए। राजुले समाजको यथार्थ तस्बिर झल्कने जातीय विभेद र छुवाछुतविरुद्धका गीतहरू गाए। 'मैले संगीतमार्फत नै चेतना फैलाउने काम गर्दै आएको छु,' -राजुले भने। पहिलेको तुलनामा समाज केही सहज हुन थालेको उनको अनुभव छ। लमजुङको दुराडाँडामा जन्मिएका कृष्ण अनि भावुक बन्दै भने।

'रोधीको भाका २०६५' नाम दिइएको उक्त सांगीतिक कार्यक्रममा गाउँगाउँबाट आएका दर्शकले खुट्टा टेक्ने ठाउँसमेत थिएन तमु संग्रहालय परिसरमा। देशका विभिन्न भाग तथा विदेशमा समेत कार्यक्रम गरिसकेका राजु र कृष्णले जिल्लामा छुट्टै सांगीतिक प्रस्तुति दिएको यो पहिलो अवसर हो। गायन क्षेत्रमा नेपालकै सबैभन्दा बढी गीतमा स्वर दिएका राजु अनि तमु भाषामा पहिलो एल्बम निकाल्न सफल कृष्णको प्रस्तुतिमा कुनै कमी थिएन। एकल प्रस्तुतिलगत्तैको दोहोरी भिडन्तले दर्शकहरूलाई थप ततायो। उनीहरूलाई साथ दिएका थिए लोकगायिका देवी घर्ती मगर र शर्मिला गुरुङले। दिउँसो १ बजे प्रारम्भ भएको कार्यक्रम साँझ ६ बजे समाप्त गर्न पनि मुस्किल परको थियो। उक्त अवसरमा कृष्ण र राजुलाई तमु छोजं धीले ताम्रपत्रले अभिनन्दन गर्‍यो। गायकद्वयलाई गाउँगाउँबाट आएका एक दर्जन आमा समूहले पनि सम्मान गरेका थिए।

**प्रेमकुमारी घले**



गाउँसहरमा जन्मिएका राजुले आफ्नो भूमिप्रति निकै श्रद्धा व्यक्त गरे। 'सायद यो भूमिमा नजन्मिएको भए, आज यो कृष्णलाई कसैले नचिन्न सक्थ्यो,' -कृष्णले मञ्चबाटै

# लोपोन्मुख आदिवासी सन्थालको दशाँए



गाउँ, टोल, सहर-बजार जताततै अरूलाई दसैंको रन्को छ, तर झापा र मोरङका लोपोन्मुख आदिवासी सन्थाल (सतार) लाई भने दशाँए अर्थात् सन्थाल नृत्यको चटारो छ। अरूको घरमा दसैं भित्रन नपाउँदै उनीहरू दशाएको रौनकमा रम्न थालेका थिए। टोल-टोलमा बजारमा वाद्यवादनसहित नाच्न व्यस्त रहे। झापाका गौरादह, लखनपुर, कोहबरा, बैगुनधुरा, कोरोवारी, गरामनी आदि सन्थालका उच्च बसोबास भएका क्षेत्रमा यो पर्व धूमधामसँग मनाइन्छ।

दशाएमा सन्थालहरू सामूहिक नृत्य गर्छन्। एक समूहमा २० देखि १ सय २० जनासम्म नर्तक सहभागी हुन्छन्। महिलालाई भने नृत्यमा सहभागी गराइँदैन। 'तर उनीहरू नर्तकलाई भरपूर हौसला प्रदान गर्छन्', गरामनीका टेप्रा मुर्मु भन्छन्- 'नृत्यमा शक्ति प्रदर्शन हुने तथा वीरगाथा गाइने हुँदा पुरुष मात्रै सहभागी भएका हुन्।'

नृत्य सुरु गर्नुपूर्व सन्थालहरू लामो बाँसमा मयूरको प्वाँख बाँधिएको आलम अगाडि उभ्याउँछन् र तुम्दा, तामाक, कुरताल, दाराम आदि वाद्यवादन बजाउँदै क्रमैसँग चालमा चाल मिलाएर नाच्छन्। सन्थालहरू मयूरको प्वाँखलाई सद्भाव र विजयको प्रतीकका रूपमा लिन्छन्। नर्तकहरूले शिरमा फेटासित मयूरको प्वाँख सिउरिन्छन्। नृत्यमा कुनै किसिमको हात-हतियार प्रयोग गरिँदैन। यिनीहरू करिब १ देखि चार घण्टासम्म नबिसाई यो नृत्य प्रस्तुत गर्न सक्छन्।

लोपोन्मुख आदिवासी समूहभित्र पर्ने सन्थालहरू सदैव आफूलाई सत्यको पक्षपाती सम्झन्छन्। सोझा प्रवृत्तिका भए पनि अन्यायको विरुद्धमा एकजुट भएर बोल्ने उनीहरू हक्की स्वभावका हुन्छन्। फूलपातीदेखि कोजाग्रत पूर्णिमासम्म मनाउने दशाएको पनि आफ्नै किंवदन्ती छ। मानव उत्पत्तिसँगै सन्थालहरू आफ्नो जातिको समेत उत्पत्ति भएको मान्छन्। त्यसबखत उनीहरू सिकार गरिहिँड्थे, तर महिषासुर राक्षसले यिनीहरूलाई खेदो गरेर धेरै दुःख दिएको थियो। वृद्ध सन्थालहरूका अनुसार कतिले त अकालमा ज्यान गुमाएका थिए। उनीहरूले महिषासुरबाट जोगिन धेरै प्रयत्न गरे। आफ्नो एक्लो प्रयासबाट राक्षसको आक्रमणबाट जोगिन नसकेपछि सन्थालहरू दुर्गादेवीको शरणमा पुगे। दुर्गादेवीले सन्थालहरूको अनुरोध सुनी महिषासुरको वध गरिन्। त्यसपछि बल्ल आफ्ना सुखका दिन आएको सम्झन्छन् सन्थालहरू। 'महिषासुरको वधको खुसीयालीमा यो चाड सुरु भएको हो', भद्रपुरका हुड्मु हसदा भन्छन्।

–पर्वत पोर्तेल

# दसैंमा तात्यो कटारी



कटारी– दसैंको अवसर पारेर जताततै सांगीतिक कार्यक्रमहरू आयोजित गरियो भने दसैंलाई नै आधार मानेर महोत्सवहरू पनि सम्पन्न भए । यस्तै दसैंकै अवसर पारेर आपसमा विजयादशमीको शुभकामना साटासाट गर्नुका साथै स्थानीय सर्वसाधारणलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यले गत मंगलबार कटारी युवा समूह तथा लिपा डान्स सेन्टरको संयुक्त आयोजनामा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरियो।

लामो समयदेखि सांगीतिक मज्जाबाट वञ्चित कटारीका संगीत पारखी युवायुवती, बालबालिका तथा बूढापाकाहरूसमेत लस्कर लागेर सहभागी भएका थिए। स्थानीय चन्द्र चलचित्र मन्दिरमा भएको कार्यक्रममा स्थानीय कलाकारहरूले आफ्नै वेशभूषामा सजिएर दोहोरी तथा नेपाली चलचित्रका गीतहरूमा नृत्य प्रस्तुत गरेका थिए। बिनाशुल्क प्रस्तुत कार्यक्रम भएर पनि होला, दसैंको टीको थाप्न हिंडेका सयौं सर्वसाधारण पनि घर जान छाडेर संगीतको मजा लिन झुम्मिएका थिए।

काठमाडौंबाट आफ्नो व्यंग्यात्मक प्रहसन प्रस्तुत गर्न कटारी पुगेका हास्यकलाकारद्वय नारद खतिवडा र सुरेन्द्र केसी (मेरी बास्सैका मूलाको साग) ले विभिन्न दलका नेता तथा कार्यकर्ता, वर्तमान मन्त्रीहरू, पूर्व राजा तथा चलचित्रका कलाकारहरूको क्यारिकेचर गरेर उपस्थित सबैलाई पेट दुखुन्जेल हँसाएका थिए। हर्षित मुद्रामा स्टेजमा उभिएका खतिवडाले आफ्ना बहुचर्चित गीत ढोका खोलन पोष्टेकी आमा,...बढाबा र मुकुन्दे...तथा आफ्नो चलचित्र ध्रुवेको पनि गीत गाएर दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेका थिए। दिउँसो एक बजे प्रारम्भ भएको कार्यक्रममा शुभकामनालाई विषय बनाएर गजल, कविता तथा चुट्किला वाचन गरिनुका साथै सोही विषयमा गीतहरू पनि सुनाइएको थियो। उता कटारीका विभिन्न सांगीतिक समूहले रकिङ शैलीमा गीत गाएर दर्शकहरूको मन जितेका थिए।

विमल खतिवडा

# इजरायलमा दसैं नाइट



तेल अभिभ, इजरायल- गत वर्षदेखि इजरायलमा नेपाली कलाकारहरूले दसैं कार्यक्रम गर्न थालेपछि बल्ल रमाइलो हुन थाल्यो भन्दै इजरायलमै कार्यरत चितवनकी ऋतु गिरी सुगम पोखरेलको 'फेरि त्यो दिन' मा झुम्न मस्त थिइन्।

अघिलो वर्ष रामकृष्णँ, यशकुमार, नवीन के. भट्टराई, कुन्ती मोक्तान आदि ख्यातिप्राप्त कलाकारले इजरायलमा कार्यक्रम प्रस्तुत गरेका थिए। हुन त पहिले पनि यहाँका नेपालीहरूले साथी-भाइ र इष्ट-मित्रसँग टीका थाप्ने, मीठो खाने, पिकनिक जाने आदि कार्यक्रम गरी दसैं मनाएका थिए तर नेपाली कलाकारहरू आउन थालेपछि यहाँ दसैंमा अर्कै रमझम छाएको छ। यस पटक इजरायलमा येक्सतायासी इवेन्ट म्यानेजमेन्ट प्रा. लि.ले दसैं नाइटको आयोजना गरी दशमी र एकादशीमा संगीतप्रेमी नेपाली दर्शकहरूलाई दसैंको नौलो उपहार दियो। सुगम पोखरेल, राजु लामा तथा अविनाश घिसिङले कार्यक्रममा अफूसँगै दर्शकहरूलाई पनि नचाएका थिए। कार्यक्रम संयोजक नवांग्न पाल्देन शेर्पाले पछि पनि कलाकारहरूलाई इजरायल बोलाएर कार्यक्रम गर्ने बताए। ऐलभिरा बाल गृह, नेपालको सहयोगार्थ प्रस्तुत कार्यक्रमका आयोजक संस्थाका अध्यक्ष दोर्जे शेर्पाले आगामी कार्यक्रमहरूमा पनि यहाँका संस्था तथा दर्शकहरूबाट यस्तै सहयोगको आशा राखेको जानकारी दिए।

–अर्जुन जयसवाल

# साउदी अरेबियामा सांस्कृतिक कार्यक्रम

विभिन्न आरोह-अवरोह पार गर्दै साउदी अरेबियामा पहिलो पटक नेपालका ख्यातिप्राप्त कलाकारहरूद्वारा सांस्कृतिक कार्यक्रम प्रस्तुत भएको छ। साउदी अरेबियाकै इतिहासमा यो पहिलो नेपाली प्रस्तुति हो। विभिन्न शंका-उपशंकाको बीच यो कार्यक्रम भव्यताका साथ सम्पन्न भए पनि दर्शकहरूको धेरै गुनासो रह्यो। विविध कारण देखाई स्थान परिवर्तन गरिएका कारण दर्शकहरू अन्यौलमा परेको पाइन्थ्यो भने कतिपय दर्शक टिकट लिएर पनि कार्यक्रम हेर्न नपाएको गुनासो गरिरहेका थिए। उपस्थित अधिकांश दर्शक तथा कलाकारले नै व्यवस्थापन फितलो भएको गुनासो व्यक्त गरे पनि कार्यक्रम भव्यताका साथ सफल भएको थियो। स्थानीय समयअनुसार बेलुकी ७ बजे कार्यक्रम सुरु हुने भनिए पनि कार्यक्रम १०:३० बजे मात्र सुरु भएको थियो। कार्यक्रम हेर्न दर्शकहरू ४ बजेदेखि नै निर्दिष्ट स्थानमा भेला हुन थालिसकेका थिए।

कल कान्तिपुरको प्रस्तुतकर्ता सुरजसिंह ठकुरीद्वारा सञ्चालित उक्त कार्यक्रम रोचक रह्यो। निशा सुनुवार तथा शिला आलेको गीतमा नेपालीहरू झुमेको पाइन्थ्यो भने हास्यकलाकारहरूको प्रस्तुति पनि बेजोड थियो। कार्यक्रम बिहान ४:३० बजेसम्म चलेको थियो। धेरै दर्शकको गुनासो थियो– कार्यक्रम कमर्सियल भयो। धेरै दर्शकले उक्त कार्यक्रम हेर्न नपाएकाले यही अक्टोबर ९ तारिखका दिन फेरि नेपाली कलाकारहरूको प्रस्तुति अर्को प्रस्तुति हुने भएको छ। प्राप्त जानकारीअनुसार अब भने टिकटमा ५० प्रतिशत मूल्य घटाइएको छ।

यसैगरी साउदी अरेबियाको अर्को प्रमुख सहर दमाममा पनि अक्टोबर २ तारिखका दिन स्थानीय कलाकारहरूद्वारा साउदी अरेबिया सुमधुर सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ। स्थानीय कलाकारहरूको बेजोड प्रस्तुति रहेको उक्त कार्यक्रम कुनै राष्ट्रिय कलाकारको भन्दा कम थिएन। हल हाउसफुल भएर कतिपय दर्शक उभिएर कार्यक्रम हेरिरहेका थिए। कार्यक्रम बेलुकी १० बजेदेखि बिहान ३:५० सम्म चलेको थियो। उक्त कार्यक्रमका संयोजक तिलक गुरुङले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कुनै पनि नेपाली बिदाको बेलामा कुलतमा नफसून् भनेर मनोरञ्जनात्मक कार्यक्रम आयोजित गरिएको बताए।

– सागर श्रेष्ठ/विष्णु थापा

# युएईमा दसैं



नेपालीहरू विश्वको जुनसुकै देशमा रहे पनि उनीहरूले आफ्नो रीतिरिवाज, चाडपर्वलाई बिर्सन सक्दैनन्, विश्वमा रहेका नेपालीहरूले विभिन्न तरिकाले यसपालिको दसै मनाए। खाडीराष्ट्रहरूमा पनि विभिन्न कार्यक्रमहरूका साथ दसैं मनाइयो।

युएईको अबुधावीदेखी २ सय ६० किलोमिटर टाढा रहेको रासलखेमाका नेपालीहरूले हर्षोल्लासका साथ दसैं मनाए। विभिन्न कम्पनीमा कार्यरत नेपालीहरूले टीकाको दिन कम्पनीबाट बिदा लिई मरुभूमिको बीचमा खसी काटेर रमाइलो गरे।

मरुभूमिको बीचमा सबै नेपालीहरू एक-आपसमा शुभकामना आदान-प्रदान गर्दै नेपालमै भएको महसुस गरे। नेपालीहरू परिवारदेखि धेरै टाढाको महसुस गरिरहेका थिए र बितेका दसैंका दिनहरूका सम्झनाहरूलाई एक-आपसमा साटासाट गरेका देखिन्थे। निधारमा रातो टीका लगाउँदै नेपालमा जस्तै मान्यजनहरूबाट आशीर्वाद लिइरहेका थिए। मरुभूमिको बीचमा पनि दाउराबाट मासु-भात पकाई उपस्थित सबै नेपाली रमाइलो गर्न मस्त देखिन्थे।

त्यस्तै अबुधाबीदेखि १ सय ६० किलोमिटर टाढा सारजाहमा पनि नेपालीहरूले एक-आपसमा टीका लगाउँदै दसैं मनाए। दसैंको टीकाको दिन बेलुका नजिकैका सबै नेपाली जम्मा भै मान्यजनहरूबाट जस्तै टीका तथा आशीर्वाद लिएका थिए भने विभिन्न परिकार बनाई साथीभाइहरूलाई ख्वाउन व्यस्त देखिन्थे।

# युएईमा अर्को नेपाली रेस्टुराँ सञ्चालनमा



नेपालीहरू विश्वको कुनै पनि देशमा किन नहुन्, त्यहाँ व्यवसाय गर्न सफल छन्। कतार, साउदी अरब, बहराइन, कुवेत तथा युएईमा पनि नेपालीहरूले विभिन्न व्यवसाय गरेका छन्, त्यसमध्ये नेपाली रेस्टुराँ पनि एक हो। हाल युएईमा करिब १ लाख ५० हजार नेपाली कार्यरत छन्, तर पनि नेपाली व्यवसायले त्यति बजार लिएको छैन। १ लाख ५० हजार नेपालीको बीचमा दुई-चारवटा नेपाली रेस्टुराँ भनेको सामान्य हो।

मुख्यतया नेपालीहरूलाई नै लक्षित गर्दै नेपालीहरूको बाहुल्यता रहेको मुसफाहमा हिमालयन रेस्टुरेन्ट नामक अर्को रेस्टुराँको गत साता उद्घाटन भयो। यो रेस्टराँका सञ्चालकहरूमा डा. राजकुमार राई, कटक राई, राजकुमार राई, गोविन्द भट्टराई तथा अमिर लिम्बू छन्।

खेमनाथ पौडेल


साप्ताहिक Classified Advertisement

**रोजगार**

तुरुन्तै सुटिङ्ग हुनलागेको चलचित्र चिसोपैसाकोलागि तुरुन्त कलाकार चाहियो, नजान्नेलाई चलचित्र निर्देशकद्धारा तालिमको व्यबस्था २००३७६३, ९८४१२७५७१४

एक प्रा.लि.लाई १५ कर्मचारी तलब रु.८०००। सम्पर्क: २०७३६१६, ९८४१६६११२४

अफिसलाई १३ कर्मचारी आवश्यकता तलब ८५००। ३०७३८४४, ९८४१९८८१७४

**कम्प्यूटर/भाषा तालिम**

Salex Services Hardware, software training, language & tuition AXPRO computer institute Traders, Kalanki, 4275333, 9841392282

१२ बर्ष पुरानो राज टेक्नीकलमा ३०% छुटमा मोवाइल, टेलिभिजन, हार्डवेयर, इलेक्ट्रिकल्स, एसिफ्रीज तालिम नयाँबानेश्वर, ४४९५५८१ कालिमाटी, ०१६२२४७९८ (टुल्सहरु निशुल्क)

**सम्पर्क**

बिनाधितो बिना झण्झट नया-पुरानो गाडी फाइनान्स गर्नुपरेमा ९८५१०१४१९६, ९८५११०५२१७

शुभदीपावलीको उपलक्ष्यमा सम्पूर्ण मिष्ठान्न परिकारहरु सहुलियत मूल्यमा उपलब्धछ, साथै होम प्याकिङ्गकोपनि ब्यबस्था गरिएकोछ, बागमति स्विट्स गणेशमन्दिर पछाडी त्रिपुरेश्वर, ४२६०२५३, ४२६००५७

कलर भिजिटिङ्ग कार्ड ०.७५ Certificate ५.००। ९८४१५११७२५

**मर्मत**

कम्प्युट मर्मत तथा बिक्री p4 computer १०००, ९८४१९२८७०९, कालिमाटी

**ड्राईभिङ्ग सिकौं**

मोनिका ड्राइभिङ्ग सेन्टरमा ग्यारेण्टीकासाथ ड्राइभिङ्ग सिकाइन्छ, ४२८८२७५, ९८४१४०४७३७

**रिकण्डिसन मोटरसाईकल**

नयाँ तथा पुरानो मोटरसाइकल खरिद बिक्रीकोलागि आर.के.ए. अटो कलेक्सन सेन्टर सोहृखुट्टे ४३८४५६३

**उपचार**

यहाँ जण्डिस, पिनास, छातिकोदाग, पथ्थरी युरीकएसिड साथसाथै सम्पूर्ण रोगको ग्यारेण्टीकासाथ जडिबुटिबाट उपचार गरिन्छ, जण्डिस उपचार केन्द्र, कालिमाटी, सालिकको दक्षिणपट्टी, ९८४१७४४५९८, मान ब. थिङ्ग

# राणालाई बाइक च्याम्पियनसिपको उपाधि

रोज्लिन राणाले मोटरसाइकल चलाउन थालेको थुप्रै भैसकेको छ। एक व्यस्त सहरिया रैथानेका लागि मोटरसाइकल सामान्य मात्र होइन, जीवनको महत्त्वपूर्ण अंग भैसकेको छ। यो लामो समयको मोटरसाइकल चलाइ उनको जीवनलाई व्यवस्थित बनाउने एउटा माध्यम थियो। जीवनलाई व्यवस्थित बनाउन र काम भ्याउन स्कुटी प्रयोग गर्ने राणालाई आफ्नो मोटरसाइकल चलाइ व्यवस्थित भएको हेक्का भने गत साता मात्र भयो। राणाले काठमाडौंमा भएको महिला बाइकर्स च्याम्पियनसिपको उपाधि जित्दा छिटो चलाएको कारण होइन, व्यवस्थित ढंगमा चलाएको कारण हो। आयोजकले निर्धारित गरेको ९० किलोमिटरेको दूरी आयोजकले दिएकै समयको आसपासमा पूरा गरेका कारण उनी उपाधिको हकदार भएकी हुन्।



दशरथ रंगशालाबाट सुरु भएको रेस महाराजगन्ज, गौशाला, कोटेश्वर, ठिमी हुँदै पाटन घुमेर थापथलीको बाटो त्रिपुरेश्वर कलंकीबाट मातातीर्थ पुग्दा ३६ दशमलव ६ किलोमिटरको दुरी अब्बल रूपमा पार गरेपछि राणाले उपाधि जितेकी हुन्। जितसँगै उनले ट्रफी र १५ हजार रुपैयाँ नगद पुरस्कार पाइन्। महिला बाइकर्सलाई निर्धारित दुरी ९० मिनेटको निश्चित समयभित्र पूरा गर्नुपर्ने प्रावधान रहेको च्याम्पियनसिपमा तीन चेकपोस्ट राखिएको थियो। रेस कोर्सलाई पाँच भागमा विभाजन गरिएको थियो। निर्धारित क्षेत्रलाई जाम क्षैत्र, सहरी क्षेत्र, रिङरोड क्षेत्र, बसोबास क्षेत्र र रिङरोड बाहिरी एरिया गरी पाँच भाग छुट्याएको थियो। हरेक क्षेत्रमा बाइकको गति छुट्टाछुट्टै निर्धारित गरिएको थियो। निर्धारितभन्दा बढी वा कम गतिमा भए खेलाडीको निर्धारित समयमा फरक आउने निश्चित थियो र सोही फरकपनका आधारमा विजेता घोषित गरिएको हो।

नेपाल अटो मोबाईल स्पोर्टस एसोसियसन (नासा) को आयोजनामा सञ्चालित च्याम्पियनसिपको उपाधि जिते पनि राणाले यसलाई व्यावसायिक रूपमा अघि बढाउन सम्भव नभएको बताउँछिन्। राणा पार्टटाइम सौखका रूपमा यसलाई निरन्तरता दिने सोचमा छिन्। राणाले उपाधि जित्ने क्रममा २४ जनालाई पछाडि पारिन्। नेपालमा पर्यटकीय विकास गर्ने र मोटर स्पोर्ट्सलाई माथिल्लो उचाइमा पुऱ्याउने लक्ष्यसहित आयोजित महिला बाइकर्स च्याम्पियनसिपमा स्वयम्भूकी रचना लामा दोस्रो भइन्। तीव्र गतिमा बाइक चलाउने रचनाका लागि प्रतियोगितामा बिस्तारै बाइक चलाउनु अत्यन्त कठिन थियो। उनले उपविजेता ट्रफी र १० हजार रुपैयाँ नगद पुरस्कार पाइन्। तेस्रो स्थान भने ऋचा श्रेष्ठले जितिन्। उनलाई ५ हजार रुपैयाँ प्रदान गरियो।

प्रतियोगितामा ३० जनाले सहभागिता जनाए पनि २५ जनाले मात्र ऱ्याली पूरा गरेका थिए। नेपालमा पहिलो पटक आयोजित प्रतियोगिताले महिला खेलाडीहरूमा उत्साह मात्र थपेको होइन, जीवनमा केही गर्ने हौसला पनि बढेको छ। सहभागीभन्दा उत्साहित भयो, नेपाल अटोमोबाइल स्पोर्ट्स एसोसीएसन। एसोसिएसनका अध्यक्ष हिक्मतबहादुर मालीको विचारमा नेपाल मोटर स्पोर्ट्सका लागि अन्तर्राष्ट्रिय आकर्षणको थलो हुन पनि सक्छ।

# इलाममा कराँते

इलाम- तीन महिनाअघि मात्र इलामको जसवीरेमा जिल्लास्तरीय प्रतियोगिता भएको थियो। लगत्तै सदरमुकाममा पनि खेलकुद महोत्सव सम्पन्न भएको थियो। उक्त प्रतियोगितामा पनि दर्जनौं नयाँ खेलाडीले आफ्नो कौशल प्रदर्शन गर्ने अवसर प्राप्त गरेका थिए। यसपालि भने बडादसैंको उपलक्ष्यमा दुईदिने प्रतियोगिता कुटिडाँडामा सम्पन्न भएको छ। प्रतियोगितामा २ सयभन्दा बढी खेलाडीले भाग लिए।



बडादसैंको उपलक्ष्यमा आयोजित प्रतियोगितामा विभिन्न तौलसमूहबाट प्रतिस्पर्धा गरेका २१ जना खेलाडीले मेची अञ्चलस्तरीय छनौटमा सहभागी हुन पाउने प्रमुख प्रशिक्षक योगेश चाम्लिङले जानकारी दिए। चाम्लिङले भने- 'हरेकजसो सानाठूला प्रतियोगितामा नवखेलाडीको उत्साहजनक सहभागिता छ।' एक वर्षयता जिल्लामा २७ वटा डोजोमा ७ सयभन्दा बढी नयाँ खेलाडीले मेहनतका साथ अभ्यास गरिरहेका छन्।

असोज १६ र १७ गते भएको प्रतियोगितामा महिलातर्फ २०,३०,४०,४५ र ५० किलो समूहमा पूजा कठेत, भीमा तामाङ, सैजा राई, सविना शेर्पा तथा सुनिता श्रेष्ठ प्रथम भएका छन्। त्यसैगरी पुरुषतर्फ २५, ३०, ३५, ४५, ५५, ६५, ७० र ७५ किलो समूहमा क्रमशः जगत विक, टाइसन राई, सोनाम तामाङ, सरोज निरौला, रूपेश रानामगर, प्रकाश आलेमगर, कुमार लाप्चा तथा राम प्रधान प्रथम भएका छन्। महिला एकल कातातर्फ सुस्मिता निरौला तथा पुरुष एकल कातातर्फ सरोज निरौला छनौटमा परेका छन्। गाउगाउँमा स्थापना भएका विभिन्न डोजोमार्फत खेलाडीहरूले उक्त प्रतियोगितामा सहभागिता जनाएका थिए, जसमध्ये १० स्वर्ण पदक जितेर कुटिडाँडा डोजो प्रथम भएको आयोजक समितिले जानकारी दिएको छ।

नियमित रूपमा भैरहने यस्ता प्रतियोगिताले आफूहरूलाई ठूलो हौसला मिलेको खेलाडी राम प्रधानले बताए। विभिन्न डोजो स्थापना गरेर जिल्ला कराँते महासंघले गाउँकै ब्ल्याक बेल्ट खेलाडीहरूलाई प्रशिक्षकका रूपमा खटाएको छ। यतिबेला जिल्लाभरमा १८ सयभन्दा बढी खेलाडीले नियमित प्रशिक्षण लिइरहेको महासंघले जनाएको छ। यस क्रममा असारको दोस्रो साता नेपालका तर्फबाट अन्तर्राष्ट्रिय कराँते च्याम्पियनसिप प्रतियोगितामा सहभागिता जनाउन भारतको गुहावटी पुगेका इलामका १६ जना खेलाडीले स्वर्ण पदक जितेको कुरा पनि स्मरणीय छ।

**युवराज गौतम**

# मोफसलमा क्रेज महिला फुटबलको





**शिव मुखिया**

**इलाम–** समालुवङकी पप्पु दाससँग फुटवलको लामो अनुभव छैन, यद्यपि पछिल्लो समयमा सम्पन्न १० औं राष्ट्रिय महिला फुटबल प्रतियोगितामा उनको उत्कृष्ट प्रदर्शनले सबैको मन जित्यो। 'उनी व्यावसायिक खेलाडीभन्दा कम देखिन्नन्,' प्रशिक्षक दर्शन भक्तराजले भने– 'गाउँकी केटीले राष्ट्रिय स्तरको प्रतियोगितामा यति प्रदर्शन गर्न सक्नु ठूलो कुरा हो।'

गाउँघरमा आयोजना हुने सानातिना प्रतियोगितामा मात्र खेलेकी पप्पु त्यसै बेला जिल्ला फुटबल संघको नजरमा परेकी थिइन्। 'पप्पुमा राम्रो सम्भावना देखेकाले जिल्लाको महिला फुटबल टिममा छनौट गर्‍यौं,' संघका महासचिव सन्तोष भक्तराजले भने। त्यसो त पप्पुजस्तै फिक्कलकी संरचना प्रधान, माइपोखरीकी मन्दा मुखिया, पाँचथर रानीटारकी गीता कठेत, रोशा नेम्वाङ आदि केही महिलामा फुटबलबाटै क्यारियर बनाउन सक्ने प्रशस्तै सम्भावना रहेको संघका पदाधिकारीहरू दाबी गर्छन्। जिल्लामा महिला फुटबलको क्रेज बढ्दै जाँदा, गुणस्तर र संख्यामा पनि उल्लेख्य वृदि हुँदै गएको छ।

फुटबलबाटै क्यारियर बनाउने लक्ष्यका साथ मैदानमा उत्रिएका जिल्लाका दर्जनभन्दा बढी महिला यतिबेला नियमित रूपमै खेल अभ्यासमा जुट्ने गरेका छन्। इलामको ठूलो टुँडिखेलमा मात्र होइन, गाउँका साँघुरा मैदानहरूमा समेत साँझ-बिहान पुरुषसरह महिलाहरू पनि खेल अभ्यासमा भेटिनु सामान्यजस्तै भएको छ। घरधन्दा र अध्ययनबाट समय निकालेर उनीहरू आफ्नो लक्ष्य पच्छ्याइरहेका छन्।

इलाम क्याम्पसमा अध्ययनरत गीता कठेत धेरैजसो समय खेल अभ्यासमै बिताउँछिन्। 'सानैदेखिको सपना हो,' स्नातक तह दोस्रो वर्षका विद्यार्थी गीताले भनिन्- 'यतिबेला मेरो सामु बाल्यकालको सपना पूरा गर्ने चुनौती आइपरेको छ।' पाँचथरको दुर्गम गाँउबाट फुटबल सुरु गरेकी गीताले पाँचथर, इलाम, झापा र काठमाडौंमा आयोजित थुपै प्रतियोगितामा विभिन्न टिमबाट प्रतिनिधित्व गरिसकेकी छिन्। यता टिममै उत्कृष्ट स्कोर गर्ने दक्षता भएकी संरचनाले पनि जिल्लाबाहिरका ठूला प्रतियोगिताहरूमा भिड्ने अवसर पाएकी छिन्। कञ्चनपुरमा सम्पन्न १० औं राष्ट्रिय महिला फुटबल प्रतियोगितामा उत्कृष्ट मिड फिल्डरको उपाधि जितेकी संरचनाले राष्ट्रिय टिममा सहभागिता जनाउँदै चीनमा समेत खेल्ने अवसर पाएकी थिइन् तर उक्त अवसर उनको हातबाट उम्कियो। यद्यपि उनी फुटबलबाटै राष्ट्रिय ख्याति कमाउने लक्ष्यका साथ अहोरात्र खेलमा तल्लीन छिन्।

इलाम क्याम्पसकै विद्यार्थी रोशा पनि फुटबलबाटै क्यारियर बनाउने सोचमा छिन्। 'भविष्यको अरू योजना छैन,' रोशाले भनिन्- 'जे गर्न सक्छु फुटबलमै गर्छु।' पुरुषसरह खेल्ने अवसर र अनुकूलता नमिले पनि यहाँका महिला फुटबलरहरूको उत्साह पुरुष खेलाडीको भन्दा कम छैन। घाँस-दाउरा, घरधन्दा र नियमित अध्ययनबाटसमेत समय निकालेर यी महिलाहरू फुटबलको मैदानमा उत्रिएका छन्। 'परिवारले छोराहरूलाई जति छुट नदिने भएकाले खेल्नका लागि घर छाड्न गाह्रो हुन्छ,' माइपोखरीकी मन्दा मुखियाले गुनासो गरिन्।

खेल्नका लागि प्रतियोगिताहरू कम हुनु र आफ्नो जिम्मेवारीबाट उम्केर मैदानमा पुग्न समस्या हुनुले महिला फुटबलको विकास सोचेजति हुन सकेको छैन। त्यसमाथि उनीहरूलाई खेलमा प्रशिक्षित गर्ने काममा पनि कञ्जुस्याइँ भएको महिला फुटबलरहरूको गुनासो छ। 'खेल अभ्यासका लागि सम्पूर्ण टिम एकै ठाउँ भेला हुने अनुकूलता मिल्दैन,' प्रशिक्षक भक्तराज भन्छन्- 'त्यसैले राम्रोसँग प्रशिक्षण दिन सकिएको छैन।'

जिल्लाका महिला फुटबलरहरूमा जुन रूपमा उत्साह अकासिएको छ, अवसरहरू भने अत्यन्तै कम छन्। इलाममा स्तरीय महिला फुटबल प्रतियोगिता नभएको दशकौं बितिसकेको छ। खेलाडीहरूले वर्षमा मुस्किलले एउटा प्रतियोगितामा मात्र खेल्ने अवसर पाउनु महिला फुटबल विकासका लागि पक्कै पनि सकारात्मक संकेत होइन।

# फुटबलर किन्ने होड




युरोपमा हालै गृष्म ऋतुको खेलाडी स्थानान्तरण सम्पन्न भएको छ। अब आगामी जनवरी महिनासम्म फुटबलरहरूको स्थानान्तरण सम्भव छैन। सात वर्षअघिको जिनेदिन जिदानको कीर्तिमानी मूल्य यसपालि पनि तोडिएन। म्यानचेस्टर युनाइटेडका पोर्चुगिच मिडफिल्डर क्रिस्टियनो रोनाल्डोको रियल म्याड्रिड जाने चाहना पूरा नहुँदा जिदानको कीर्तिमान कायमै रह्यो। एसी मिलानका ब्राजिलियन काका नयाँ विश्वकीर्तिमान मूल्यमा चेल्सी सरुवाको हल्लाले यसपालि स्थानान्तरण बजार तताएको थियो।

ठूलो लगानी, उच्चस्तरीय प्रविधिको प्रयोग, आकर्षक पारिश्रमिक र सुविधा, प्रभावशाली मिडिया क्याम्पेन र बढ्दो लोकप्रियताले इङ्ल्यान्डका क्लब फुटबलरहरूका आकर्षक गन्तव्यमा परिणत हुँदैछन्। मोटो रकम खर्चंदै खेलाडी अनुबन्धन प्रक्रियामा अन्य युरोपेली क्लबको तुलनामा इङ्लिस क्लबहरू निकै अघि छन्। फुटबलर अनुबन्ध गर्ने होडमा स्पेनिस र इटालियन क्लबहरूको पनि ठूलै लगानी छ। कडा चुनौतीका बीच आकर्षक पारिश्रमिक र सम्मान पाइने भएकाले अब्बल खेलाडीको सपना नै इङ्लिस प्रिमियरसिप, इटालियन सिरए 'ए' तथा स्पेनिस ला लिग खेल्ने हुन्छ।

नाम, दाम र इज्जत एउटै स्थानमा पाइने भएपछि खेलाडीहरूको मन त्यसतर्फ नलोभिने कुरै भएन। विश्वकै सर्वाधिक धनी क्लब रियल म्याड्रिडलाई निरन्तर दुईपटक स्पेनिस लिग उपाधि दिलाउन प्रभावशाली खेल प्रदर्शन गरेका २४ वर्षीय ब्रजिलियन मिडफिल्डर रोबिन्हो आश्चर्यजनक रूपमा म्यानचेस्टर सिटीमा अनुबन्धित भए। चेल्सीको प्रस्ताव लत्याउँदै उनलाई रियल म्याड्रिडले समर ट्रान्सफर विन्डोका सर्वाधिक महँगो खेलाडीका रूपमा ४ करोड २० लाख युरोमा बिक्री गरेको हो। कुनै पनि बेलायती क्लबले खेलाडी किन्न खर्चिएको यो अहिलेसम्मकै सर्वाधिक रकम हो।



यसपालिको दोस्रो महँगा खेलाडीका रूपमा इङ्लिस प्रिमियरसिप र च्याम्पियन्स लिग विजेता म्यानचेस्टर युनाइटेडले टोटेनहाम हर्टस्परका स्ट्राइकर डिमितार बर्बातोभलाई झन्डै ४ करोड युरोमा खरिद गऱ्यो। पछिल्लो सिजनमा प्रभावशाली प्रदर्शन गरेपछि ठूला क्लबहरूले आँखा गाडेका २७ वर्षीय बुल्गेरियन बर्बातोभको म्यानचेस्टरबाट खेल्ने सपना पूरा भयो। बार्सिलोना, टोटेनहाम आदि थुप्रै क्लबका युरोपियन च्याम्पियनसिपका रसियन नायक आन्द्रेइ आर्सभिनको अनुबन्ध प्रयास भने असफल भयो।

**स्पेन**

महारथी रियल म्याड्रिडले डच स्टार राफेल भान डेर भार्ट, एजेक्वेल गेरे, जाभी गार्सिया, रुबेन डे ला रेड आदि ९ जना खेलाडी भित्र्यायो। प्रत्येक ट्रान्स्फर विन्डोमा करोडौं डलर खर्चने निरन्तर दोस्रो पटक लिग जितेको रियलले यसपालि सर्वाधिक १ करोड ३० लाख युरो भार्टका निम्ति खर्च गऱ्यो। रोबिन्हो, जुलियो बाटिस्टासहित १० जन खेलाडीले म्याड्रिड छाडे। दुई पटकको युइएफए कप विजेता सेभिलले ६, एथ्लेटिको म्याडिङले ५ तथा भिल्लारियल र भ्यालेन्सियाले ७-७ खेलाडी किने। पछिल्लो लिगमा सर्वाधिक २७ गोल गरेका गुइजा रियल मालोर्काबाट १ करोड ७४ लाख युरोमा टर्कीको फेनेरबाचे गए।

म्याड्रिडलाई खेलाडी अनुबन्धमा अर्को स्पेनी महारथी बार्सिलोनाले उछिन्यो। बार्साले सेभिलका ब्राजिलियन स्टार डानियल आल्भेस २ करोड ९० लाख युरो तथा मालीका मिडफिल्डर सेडोउ केइटालाई १ करोड ४० लाख युरोमा किन्यो। आर्सनलबाट एलिक्सेन्डर ल्हेब, भिल्लारियलका मार्टिन केजरससहित बार्साले जम्मा ८ खेलाडी किन्यो। फ्रेन्च डिफेन्डर लिलियम थुरामले सन्यास लिए। नयाँ प्रशिक्षक पेप गुर्डिओला ल्याइएपछि रोनाल्डिन्हो, एडमिल्सन, डेको, जिओभानी डोस सान्तोस, जिआनलुका जाम्ब्रोटाजस्ता १० जना हस्ती बार्साबाट अन्यत्र लागे।

**इटाली**

दुई पटकको लिग विजेता इन्टरमिलानले नयाँ प्रशिक्षक जोसे मोउरिन्होसँगै ३ जना खेलाडी भित्र्यायो। इन्टरले १ करोड ३० लाखदेखि १ करोड ७० लाख युरोसम्म रोबेर्टो मान्सिनी, घानियन स्ट्राइकर सुले मुन्तरी र पोर्चुगिच स्टार रिकार्डो क्वेरेस्मालाई किनेको हो। पूर्वफिफा वर्ष खेलाडी रोनाल्डिन्हो २ करोड १० लाख युरोमै पाएको एसी मिलानले म्याथ्यू फ्लामिनी, जिआनलुका जाम्ब्रोटा, म्याथिअस कार्डासियो, ताबरे भिउडेज, चेडरिक सिडोर्फ, क्रोएसियन स्टार डारियो सिमिक र फिलिप सेन्डरसलाई पनि खरिद गऱ्यो। चेल्सीमा जम्न नसकेका युक्रेनी स्ट्राइकर आन्द्रेइ सेभचेन्को फेरि मिलान फर्किए।

ब्राजिलियन अमौरीका निम्ति मात्रै पालेर्मोलाई २ करोड २६ लाख युरो तिरेको युभेन्टसले स्वीडेनी ओलोफ मेलबर्ग, अल्बिन इकदल, क्रोएसियन डारियो नेजेभिक, डेनिस क्रिस्टियन पउलसेन र म्यानिन्जरलाई भित्र्यायो। पछिल्ला २ सिजन बलियो देखिएको एएस रोमाले १ करोड ३० लाख युरोका जुलियो बाप्टिस्टासहित जोन आर्ने रिसे, सिमोन लोरिया र आर्तुरलाई टिममा ल्यायो। च्याम्पियन्स लिगमा छानिएको फियोरिन्टनाले मोटै रकममा अल्बर्टो गिलार्डिने, स्टेभान जोभेटिक, निकोला गुलान, फेलिप मेलो, जेफर्सन, जुआन मेनुएल भार्गस, मार्को स्टोरारी, लुसिआनो जाउरी तथा सर्जिओ बेनर्डो अर्लिमोनलाई आफ्नो बनायो। ट्रान्सफर विन्डोमा १६ जनाले युभेन्टस, १४ जनाले मिलान, १० जनाले रोमा तथा ५ जनाले फियोरिन्टना छाडे।

**इङ्ल्यान्ड**

विगतझैं यसपालिको गृष्मकालीन ट्रान्सफर विन्डोमा सबैभन्दा खर्चालु इङ्ल्यान्डका क्लबहरू देखिए। ठूला क्लबहरूले आफूसँग रहेका धेरै खेलाडी बेचेर थोरै तर अब्बल खेलाडी किने। प्रिमियर लिग र च्याम्पियन्स लिग विजेता म्यानचेस्टर युनाइटेडले एकमात्र खेलाडी डिमितार बर्बातोभ खरिद गऱ्यो। चिनियाँ स्ट्राइकर डोङ फाङ्जुलाई अनुबन्धमुक्त पारेको म्यानुबाट १० खेलाडी बाहिरिए। महँगा खेलाडीहरू थुपारेको चेल्सीले २ पोर्चुगिच जोसे बोसिङ्वा र डेको किन्दै सेभचेन्को, क्लाउडियो म्याकेलेले, सन राइट-फिलिप्ससहित दर्जन खेलाडी बेच्यो।

आइरिस स्ट्राइकर रोबी किनका लागि साढे २ करोड खर्चिएको लिभरपुलले नयाँ ९ खेलाडी किन्दै अग्ला स्ट्राइकर पिटर क्रउचसहित



१६ खेलाडी बेच्यो। फ्रेन्च मिडफिल्डर समीर नाजरी, मिकेल सिल्भेस्टर, आरोन राम्से, अमौरी विस्कोफ किनेको आर्सनलबाट ९ जना स्टार बाहिरिए। कोरियन ली योङ प्यो, बर्बातोभ, किनसहित १४ खेलाडी अन्यत्र लागेको टोटेनहामले क्रोएसियान प्लेमेकर ल्युका मोर्डिक, रसियन पाब्ल्युचेन्को, मेक्सिकन सान्तोस, डेबिट बेन्टलीसहित ९ खेलाडी ल्याएको छ। चिनियाँ कप्तान सुन जिहाइसहित ८ जना खेलाडीलाई अनुबन्धमुक्त गरेको म्यानचेस्टर सिटीले मोटो रकममा रोबिन्हो, जो, सन राइट-फिलिप्ससहित ७ जना खेलाडी किन्यो।

यही सिजन बढुवा पाएको स्टोक सिटी र हल सिटीले ११-११ तथा वेस्टहाम युनाइटेडले ३ जना नयाँ खेलाडी खरिद गरे। इङ्लिस प्रिमियर लिगकै मिडल्स्ब्रोले ३, एस्टन भिल्ला, पोर्ट्समाउथ र वेस्टब्रुमले ८-८, ब्ल्याकबर्न रोभर्सले ७, बोल्टन वन्डर्स, न्युक्यासल युनाइटेड, एभर्टन र विगान एथ्लेटिकले ५-५, फुलहामले १२ र सन्डरल्यान्डले १० जना खेलाडी किने। सबैभन्दा धेरै १७ जना खेलाडीले फुलहाम छाडे। धेरै समय घाइते रहेका म्यानुका फ्रेन्च स्ट्राइकर लुइस सा एभर्टन गए। कोरियन स्ट्राइकर ली डोङ गुकलाई मिडल्स्ब्रोले अनुबन्धमुक्त गऱ्यो।


**राजु घिसिङ**





## प्रसंग कतिपय





विक्रम राई

डिनरमा पापड पनि खाने कि भनेर उनले सोधेपछि हामीहरू झसङ्ग भयौं। सस्तो टिकटको लोभमा काठमाडौंबाट न्युयोर्क हिंड्दा दिल्लीको झर्कोलाग्दो ट्रान्जिटमा फसिन्छ। त्यसपछि आम्स्टर्डमको अर्को लामो ट्रान्जिटले थकाएर गलाएको शरीर लामो हवाई यात्राले न्युयोर्क पुग्दा लखतरान भैसकेको हुन्छ तर पनि भात नखाई सुत्न नसकिने गोर्खे बानीलाई धिकार्दै हामी न्युयोर्कको गल्लीभित्रको इन्डियन रेष्टुराँमा पुग्यौं। करिब दस वर्षअघि अमेरिकामा पढ्न आएकी उनी अहिले पढाइ छाडी यही इन्डियन रेष्टुराँमा काम गरिरहेकी छिन्। थाकेको हाम्रो शरीर पहिलो पटक अमेरिका पुग्दा नेपाली बहिनीको स्वागत सत्कारले केही बेर फ्रेस जस्तै भयो। हामीसँगै गएका सुधिर भाइको एउटा गजबको बानी थियो। उनी कोही नेपाली हो कि होइन भन्ने कुरा ठम्याउन जहिले पनि 'ओ भाइ वा ओ बहिनी' भन्दै उनीहरूको नजिकै गएर ठूल्ठूलो स्वरमा कुरा गर्थे। यदि नेपाली हो भने रेस्पोन्स पाइहाल्ने नभए आफै मोबाइलमा कुरा गरे जस्तो अभिनय गर्थे तर त्यहाँ त्यसो गर्नु परेन। हामीले आपसमा नेपाली बोलिरहेको सुनेर उनी आफै हाम्रा अगाडि आइपुगिन्।

'अनि बहिनी कत्तिको रमाइलो छ यहाँ ?' सुधिरले प्रश्न सोधिहाले। 'नेपालको साराका सारा हेन्डसम र ब्युटिजहरू अमेरिका हान्निएकाले त्यहाँ मिस नेपाल लगायतका कार्यक्रमहरू हुन छाडे' सुधिरको अर्को छड्के टिप्पणी थियो। न्युयोर्कमा त्यसमाथि नेपाली गेष्टलाई सर्भ गर्न पाइरहेको आवेशमा उनले सुधिरको घुमाउरो टिप्पणी बुझिनन्। 'ओहो दाइ, यहाँ त रमाइलो छ, विन्टरमा हिउँले गर्दा हेभन नै आएको महसुस हुन्छ' उनी भन्न थालिन्। हिमालको देशको मानिस भएर पनि अमेरिकामा आएर मात्र हिउँ देखेको हो भन्दै उनी हाँस्न थालिन्। फेरि केही बेरमै निराशमा बरबराउन थालिन्- 'पहिले-पहिले एक्लै रुन्थें। बा, आमा र साथीहरूको सम्झना आउँथ्यो तर अब बानी भैसक्यो'। 'सप्ताहमा एक दिन पाइने छुट्टीमा कोठा र स्वयम् आफ्नो सरसफाइ अनि साथीहरूसँगको भेटघाटमै दिन बितेको पत्तै हुँदैन'- उनले भनिन्। 'सरोज खनाल र सपना श्री यही न्युयोर्कमै बस्छन् नि' अनायस उत्तेजित हुँदै उनी कराइन्। हामीसँगै गएका गौतम दाइले नेपालका प्रधानमन्त्री न्युयोर्कमा हुने संयुक्त राष्ट्रसंघको सभामा सहभागी हुन आइरहेको विषयमा जिज्ञासा राखे। 'दाइ मलाई हाम्रा प्रधानमन्त्री को हुन् ?, त्यो पनि थाहा छैन' उनले भनेपछि हामी सबै छक्क पर्‍यौं। सूचनाको जबरजस्त पहुँच सबैतिर पुगेको बेला यहाँका नेपालीहरूले आफ्नो देशको प्रधानमन्त्रीको नामसम्म थाहा नपाउनु अचम्मकै विषय थियो। 'नेपाल कति पटक जानुभयो ?' एक्कासी सुधिरको प्रश्न आयो। 'प्लेनको भाडा असाध्यै बढेको छ तर पनि अस्ती भर्खरै नेपाल गएकी थिएँ। त्यहाँ बत्ती छैन, पानी छैन, इन्धन छैन- दिक्क लाग्यो। तीन महिनाका लागि भनेर गएको एक महिनामै फर्केर आएँ'- उनको आक्रोशभित्र पनि आफ्नोपन थियो। भोलि फेरि त्यहीं डिनर गर्ने बाचासहित हामी छुट्टियौं।

.भोलिपल्ट बेलुका फेरि त्यही रेष्टुराँ पुगियो। उनी आज अझ प्रसन्न मुद्रामा ढोकामै भेटिइन्। सायद यो इन्डियन साहुलाई उनले दिएको बिजनेसको रवाफ देखाउने अवसर थियो। उनको अनुहारको उज्यालोपनले गर्दा आजको डिनर हिंजोभन्दा मीठो भयो। 'अब नेपाल किन फर्कने ? यतै बसे भैहाल्यो नि, बरु ग्रिनकार्ड प्रोसेसका लागि चिनेको वकिल भेटाइदिउँला'- उनले मन्द मुस्कानका साथ हामीतिर पुलुक्क हेरिन्। 'ओहो त्यस्तो भाग्य हाम्रो कहाँ हुनु नि ? फेरि अमेरिका घुम्नु पनि छ' सुधिरले उनको प्रस्ताव ठाडै अस्वीकार गरिदिए। डिर्जट लिने बेलामा उनले विशेष कारणवश भोलि बिदा लिएकी छिन् भन्ने कुरा हामीले थाहा पायौं। पर्सी बिहानै फिलाडेल्फियातर्फ निस्कनुपर्ने भएकाले अब उनीसँग भेट नहुने पक्कापक्की भएपछि हामी उनको मोबाइल नम्बर टिप्न थाल्यौं। 'भाग्यमा रहे फेरि भेटौंला वा अमेरिकामै सँगै काम गरौंला' भन्दै उनी बिट मार्न थालिन्। 'ए साँच्ची... दाइहरू, शनिबार र आइतबार मात्र फोन गर्नुहोला नि, किनभने यहाँ त्यो दुई दिन मात्र इनकमिङ कल फ्रि हुन्छ। नेपालजस्तो सधैं इनकमिङ फ्रि छैन है।' ...उनले अन्त्यमा भनेका यी अर्थपूर्ण शब्दहरू अहिले पनि हाम्रो कानमा गुन्जिरहेका छन्।

> 'अब नेपाल किन फर्कने ? यतै बसे भैहाल्यो नि, बरु ग्रिनकार्ड प्रोसेसका लागि चिनेको वकिल भेटाइदिउँला'- उनले मन्द मुस्कानका साथ हामीतिर पुलुक्क हेरिन्।

prasangakatipaya@hotmail.com

# दसैं पार्टीहरूको रन्को



## पार्टी एराका पप्पुहरू

साप्ताहिक समाचार

काठमाडौं- 'पप्पु कान्ट डान्स साला' हिन्दी चलचित्र 'जाने तु या जाने ना' को यो गीत डिस्को नाच्नेहरूको पहिलो रोजाइ बनिरहेको छ। डिस्कोमा नाच्न नजान्नेहरूलाई जिस्काउँदै यो गीत राजधानीको पार्टीमा पनि घन्कियो। दसैंको रमझम चढिसकेका बेला पार्टीमा आमन्त्रितहरू नाच्न उत्सुक भैरहेका थिएनन्। भर्खरै सञ्चालनमा आएको वेबसाइट पार्टी एरा डटकमले आफ्नो पहिलो आयोजनाका रूपमा प्रस्तुत गरेको उक्त पार्टी 'दसैं रेन्डेजोस' मा खाने, पिउने र गफिन मुडमा सबै थिए। तर जब डिजेले 'पप्पु कान्ट डान्स साला', 'बचना ए हसिंनो' का साथै अंग्रेजी 'हिप्स डन्ट लाइ' देखि 'स्टप द म्युजिक' सम्मका गीत पार्टीमा घन्काए, सबै नाच्न थाले। राति ११ बजेसम्म सञ्चालित पार्टीका एक आमन्त्रितले पछि ठट्यौली पारामा भने- 'पार्टी एराका पप्पुहरूको नाच राम्रो थियो।'

## दसैंको निहुँमा मस्ती




हुन त हङकङमा अठार वर्ष नाघेका युवायुवतीले डिस्कोमा बियरको चुस्कीसँगै कम्मर मर्काउनु नौलो कुरा होइन। गत शनिबार बडादसैंकै अवसरमा सेसन फाइभ, वानचाईमा आयोजित दसैं पार्टीले हङकङेली युवायुवतीलाई रमाइलो गर्ने थप बहाना प्रदान गर्‍यो। डिजे राम गुरुङको डिजेइङमा अधिकांश नेपाली गीत बजाइएको उक्त कार्यक्रममा युवायुवतीहरू मज्जाले नाचे। 'प्राणभन्दा प्यारो माइतीघर' को रिमिक्स लगायत 'च्याङ्बा हो च्याङ्बा' बोलको गीतले सहभागीहरूलाई असिनपसिन हुने गरी नचायो। हङकङका सीमित डिस्कोमा कमै मात्र बज्ने नेपाली गीतमा नेपालीहरू राम्रैसँग झुमे। मध्यरातमा प्रारम्भ भएको कार्यक्रम बिहान चार बजेसम्म चलेको थियो।

निर्मल श्रेष्ठ



## दुई खल्ला पार्टी

साप्ताहिक समाचार

धरान- जनजातिहरूको बाहुल्य रहेको धरानमा दसैंलाई कम महत्त्व दिइन्छ। निधारमा टीका नलगाए पनि दसैंको मौकामा भेटघाट, भोज र मोज गर्न भने चुक्दैनन् धरानेहरू। दुईवटा मेलामा हाउजी खेल्दै दुई डान्स पार्टीको खल्लो नचाइसँगै धराने नयाँ पुस्ताको दसैं सकियो। डिजे डी याक्खाको पार्टीमा शनिबार धरान गल्फ कोर्सको घाँसे मैदानमा कम्मर मर्काउने स्थानीय तन्नेरी पुस्ता सोमबार धरान रिक्रिएसनस्थित स्वीमिङ पुलवरिपरि धनकुटाका युवक सूदनले डिजेइङ गरेको पार्टीमा मच्चिरहेको थियो।

राति ११ बजेसम्म डिजे डी याक्खाले पार्टीचराहरूलाई हाउस म्युजिकमा कम्मर मर्काउन लगाएका थिए। अंग्रेजी, हिन्दी र नेपाली संगीत मिक्सिङले पार्टी क्रेजीहरूलाई तताएको थियो। त्यसको पर्सिपल्ट मेन इन ब्ल्याक पार्टी जक्किजले आयोजना गरेको पार्टीमा राति २ बजेसम्म नाच्न आएका पार्टी क्रेजीहरू डिजेले नचाउन नजानेको आरोप लाउँदै ३ घण्टाअघि राति ११ बजे नै घर फर्किएका थिए। बसोबास क्षेत्रमा आयोजित उक्त पार्टीले स्थानीयवासीको विरोध पनि झेल्नुपर्‍यो।

Learn Language & Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian
Computer: Basic,Graphics, Web, Prog..
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि

Osish Language & Computer Center (OLC)
New Baneshwor:BICC पानी ट्याङ्की अगाडि Tel: 016217094 Old Buspark: बसपार्कबाट शंकरदेव कलेज तर्फ २०० मि. अगाडि बायाँ तर्फ Tel: 4232866

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।